शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipur.ekantipur.com

# कान्तिपुर

काठमाडौं, विराटनगर, भरतपुर र नेपालगन्जबाट एकैसाथ प्रकाशित

वर्ष २५ अंक २१८ काठमाडौं | ७ असोज २०७४ शनिबार आश्विन शुक्लपक्ष तृतीया | नेपाल संवत् ११३७ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, September 23, 2017 | पृष्ठ १२+४+१६ | १० रुपैयाँ


**लापरबाहीजन्य मृत्युमा क्षतिपूर्ति कानुनको तयारी**

## चिकित्सकको दबाबमा पछि हट्यो सरकार

■ कुलचन्द्र न्यौपाने र स्वरूप आचार्य

काठमाडौं- चिकित्सकको चरम लापरबाहीले बिरामीको मृत्यु भए सम्बन्धित चिकित्सकबाटै क्षतिपूर्ति भराउने गरी कानुन बनाउने तयारीमा जुटेको सरकार चिकित्सकहरूकै दबाबमा पछि हटेको छ । सरकारको निर्णयलाई लिएर मेडिकल एसोसिएसनले देशभरका अस्पतालको सेवा बन्द गराउँदै आन्दोलनमा उत्रिएपछि सरकार निर्णयबाट पछि हटेको हो ।

मन्त्रिपरिषद्को सोमबारको बैठकले चिकित्सकको लापरबाहीले बिरामीको मृत्यु भए क्षतिपूर्ति चिकित्सकबाटै भराउने गरी कानुन बनाउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको थियो । चिकित्सकहरूले उक्त निर्णयविरुद्ध तत्कालै ७२ घण्टे अल्टिमेटम दिए । उनीहरूले देशभरका अस्पताल ठप्प पार्दै आन्दोलन थाले पछि शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले निर्णय सच्याइएको व्यहोरासहितको विज्ञप्ति जारी गरेको हो ।

स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलको पहलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले शुक्रबार जारी गरेको विज्ञप्तिमा लापरबाहीले बिरामीको मृत्यु भए सम्बन्धित चिकित्सकबाटै क्षतिपूर्ति भराउने भन्ने भाषा उल्लेख छैन । असोज २ को मन्त्रिपरिषद् निर्णय उल्लेख गर्दै 'चिकित्सकको चरम लापरबाहीका कारणले बिरामीको मृत्यु वा अंगभंग भएमा घटनाको अनुसन्धान, पेसागत वा व्यावसायिक बिमा र क्षतिपूर्तिलगायत आवश्यक विषयहरूलाई व्यवस्थित गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने,' विज्ञप्तिमा उल्लेख छ ।

सरकारको पछिल्लो परिमार्जित भाषाप्रति चिकित्सकहरू नरम भए पनि उनीहरूले विज्ञप्तिकै भरमा आन्दोलन फिर्ता नलिने जनाएका छन् । चिकित्सकहरूले मन्त्रिपरिषद् निर्णय नै फिर्ता लिनुपर्ने अडान राख्दै आएका छन् । नेपाल चिकित्सक संघका महासचिव डा. लोचन कार्कीले सरकारले पूर्वनिर्णय सच्याएर स्वागतयोग्य काम गरे पनि विज्ञप्तिको भाषा ठीक नभएको बताए ।

बाँकी पृष्ठ २



## सञ्चालकको स्वार्थमा कानुन ?

■ मकर श्रेष्ठ र कृष्ण ज्ञवाली

काठमाडौं- मेडिकल कलेजका सञ्चालकहरूको प्रभाव र दबाबमा प्रस्तावित चिकित्सा शिक्षा विधेयकलाई झनै कमजोर बनाउने गरी संसद्मा प्रतिवेदन पेस भएको छ । संसद्को महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समितिले तयार पारेको प्रतिवेदनमा विधेयकका राम्रा व्यवस्थासमेत हटाएर कलेज सञ्चालकलाई सहज हुने गरी कानुन बनाउन सुझाइएको छ । मूल विधेयक नै अपूरो भएको भन्दै असन्तुष्टि जनाएका डा. गोविन्द केसीले माथेमा समितिको प्रतिवेदनअनुसार विधेयक परिमार्जन हुनुपर्ने माग गरेका थिए ।

प्रतिवेदनमा निजी कलेजको स्वार्थ पूरा हुने गरी सम्बन्धन,

**राष्ट्रिय चिकित्सा शिक्षा विधेयक**

शुल्क निर्धारण, आयोगको स्वायत्ततालगायत विषयलाई कमजोर बनाइएको छ । कुन बुँदा राख्दा कुन मेडिकल कलेजलाई के असर गर्छ त्यसअनुसार प्रतिवेदन तयार गरिएको छ । मेडिकल कलेज नियमन गर्न अब बन्ने आयोगको पदाधिकारीमा भागबन्डा गर्न पनि कानुनमा ढोका खुला राखिएको छ । झापाको बीएन्डसी मेडिकल कलेज र काठमाडौंको मनमोहन मेडिकल कलेजलाई असर पर्ने भएपछि सम्बन्धनसम्बन्धी मापदण्डसमेत फेरबदल गरिएको छ । विधेयकमा स्वास्थ्य मन्त्रालय र आयोगले तोकेको मापदण्ड पूरा गरेको हुनुपर्ने, आफ्नै अस्पताल पूर्ण रूपमा सञ्चालन भएको हुनुपर्ने, विश्वविद्यालय रहेकोभन्दा अन्य प्रदेशमा सम्बन्धन दिन नपाइने व्यवस्था थियो । यो व्यवस्थाले अहिले आशयपत्र पाइसकेका र पूर्वाधार पाइसकेका मनमोहनजस्ता अस्पतालले सम्बन्धन नपाउने भएपछि पूर्वाधार र मापदण्ड पूरा गरेका संस्थालाई सम्बन्धन दिन बाधा नपर्ने व्यवस्था राखिनुपर्ने प्रतिवेदनमा सुझाइएको हो । विश्वविद्यालय रहेको प्रदेशभन्दा अन्यत्र सम्बन्धन दिन नपाउने व्यवस्थाले झापाको बीएन्डसीले सम्बन्धन नपाउने भएपछि त्यो बुँदा नै हटाइएको छ । डा. गोविन्द केसीको माग पूरा गराउन दुई वर्ष अस्पताल सञ्चालन गरेको संस्थालाई मात्रै मेडिकल कलेज सञ्चालन गर्न दिनुपर्ने सर्त थपिएको हो ।

समितिले गोप्य रूपमा तयार पारेको प्रतिवेदनमा निजी मेडिकल कलेज सञ्चालकहरू निर्णायक भूमिकामा रहेको संसद् सचिवालय स्रोतले बतायो । 'सही मनसायका साथ विधेयकमाथि संशोधन प्रतिवेदन तयार भएको भए खुला रूपमा छलफल र अन्तर्क्रिया गर्न डराउनुपर्ने थिएन,' स्रोतले भन्यो, 'निजी मेडिकल कलेज सञ्चालकहरूसँगको सहकार्यमा गोप्य रूपमा प्रतिवेदन तयार पारी म्याद सकिन लागेको संसद्बाट रातारात पारित गराउने खेल सुरु भएको छ ।' समितिको साउन २७ मा बसेको बैठकले प्रतिवेदन टुंग्याएपछि बाहिर ल्याइएको थिएन । मंगलबार शिक्षा ऐन नवौं संशोधन पारित गर्ने सर्तमा एमालेले संसद्मा प्रतिवेदन पेस गर्न दबाब दिएको थियो ।

बाँकी पृष्ठ २

**भित्र**


मदन र जगदम्बा प्रदान



'चीन र भारतले नेपालको समस्या बुझेका छन्'





स्थानीय तह चुनाव भएकामा राष्ट्रसंघ खुसी

आधुनिक नेपाल राज्य निर्माण सुरु भएयता समाजका विविध क्षेत्रमा विशेष योगदान पुर्‍याएका केही प्रतिनिधि पात्रका कथा :

**२५० वर्षका २५**

व्यक्तित्व विशेषमा केन्द्रित कोसेली आज १६ पृष्ठ





**गजब छ बा !**

– अविन –



आफ्नो 'सम्पत्ति' क्यै भ' पो 'सम्पत्ति विवरण' बुझाउनु ! यी औंठी श्रीमतीको, घडी छोराको, मोबाइल छोरीको...


एनएमबि बैंक
सरल बचत खाता
सँग १० ग्राम चाँदीको सिक्का सित्तैमा ।
टोल फ्रि नं. १६६०० १२५२५२


## प्रस्टिँदै जनाधार

चुनावको मुखमा दल बदल्ने प्रवृत्ति र आन्तरिक किचलोले राजपालाई घाटा, गठबन्धनले कांग्रेस र माओवादीलाई फाइदा, पछि पर्‍यो एमाले, राजपाभन्दा संघीय समाजवादी फोरम बलियो



सप्तरीको विष्णुपुर गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष र उपाध्यक्षसहितका जनप्रतिनिधिहरू शुक्रबार पदको शपथ लिँदै । *तस्बिर : अवधेशकुमार झा/कान्तिपुर*

| | विजयी | अग्रता |
|---|---|---|
| कांग्रेस | २७ | ११ |
| मा. केन्द्र | १४ | १३ |
| स.स. फोरम | १२ | १२ |
| राजपा | १२ | ७ |
| एमाले | ८ | १३ |
| लो. फोरम | ३ | १ |
| अन्य | १ | २ |

(शुक्रबार राति ११ बजेसम्म)

■ भूषण यादव

वीरगन्ज- मधेसको माग पूरा नभएको भन्दै असन्तुष्टि जनाएर लामो अवधि आन्दोलनमा रहेको राष्ट्रिय जनता पार्टी (राजपा) कै कारण प्रदेश २ को चुनाव तेस्रो चरणमा भयो । तेस्रो चरणको पनि अन्तिम अवस्थामा उसले चुनावमा सहभागी हुने निर्णय लिएको थियो । असोज २ मा भएको निर्वाचनको प्रारम्भिक नतिजाले राजपा संघीय समाजवादी फोरमभन्दा कम सिटमा सीमित हुने संकेत गरेको छ ।

आन्तरिक विवाद, कमजोर संगठन, आफन्त र नातागोतालाई टिकट वितरण र टिकट नपाएपछि रातारात पार्टी परिवर्तन गर्ने नेताको 'दलबदलु' प्रवृत्तिले पनि राजपाको नतिजा सोचेजस्तो नआएको विश्लेषण गरिँदै छ ।

भदौ २१ गतेको मनोनयन दर्ताको एक दिनअघि राजपाका महामन्त्री विमल श्रीवास्तवले वीरगन्ज महानगरपालिकाको मेयरको टिकट नपाएपछि त्यही दिन लोकतान्त्रिक फोरम प्रवेश गरी भोलिपल्ट मेयर पदमा उम्मेदवारी दर्ता गराए । उनीसँगै राजपाका केन्द्रीय सदस्य शशिकपुर मियाँ, पुरुषोत्तमलाल झा, लक्ष्मीकान्त तिवारी, किशोरी यादवले पनि पार्टी परित्याग गरे ।

पर्साको पोखरिया नगरपालिकामा राजपाबाट मेयरका आकांक्षी जोगानन्द चौहानले पनि टिकट नपाएपछि दल बदले र माओवादी केन्द्रबाट उम्मेदवारी दिए । अन्तिम अवस्थामा पार्टी परिवर्तन गरी अन्य दलबाट उम्मेदवारी दिएका श्रीवास्तव र चौहान प्रारम्भिक मत परिणाम सार्वजनिक हुँदा मुख्य प्रतिस्पर्धीभन्दा पछाडि छन् । वीरगन्ज महानगरपालिकामा राजपाका उम्मेदवार राजेशमान सिंह पहिलो-दोस्रो स्थानमा चलिरहेका छन् भने पोखरियाका राजपा उम्मेदवार नेजामुद्दिन सेमानीको पराजय लगभग निश्चित मानिएको छ । यसैगरी सर्लाहीका सांसद तथा राजपाका महासचिव जंगीलाल रायले पनि टिकट वितरणमा असन्तुष्टि जनाउँदै चुनावको मुखमै पार्टी परित्याग गरे । पार्टी केन्द्रीय सदस्य तथा पूर्वसांसद शिवपुजन राय पनि असन्तुष्टि जनाउँदै माओवादी केन्द्र प्रवेश गरे । यी दुवैका कारण पनि सर्लाहीमा मात्र राजपालाई कम्तीमा ५ स्थानीय तहमा हार बेहोर्नुपरेको स्थानीय राजनीतिकर्मीको विश्लेषण छ । श्रीवास्तवले पार्टी परित्याग नगरेका भए वीरगन्ज महानगरको नतिजा पनि अहिलेको भन्दा बेग्लै हुन्थ्यो ।

'उम्मेदवारको अन्तिम नामावली घोषणादेखि नै चुलिएको असन्तुष्टि अहिले मतगणनाको नतिजामा प्रस्ट देखिएको छ,' मलंगवाका एक शिक्षक रजनीकान्त झा भन्छन्, 'नेताहरूमा पदका लागि जे पनि गर्ने प्रवृत्तिले जनतालाई निराश बनाएको छ ।' सिद्धान्तप्रति अडान नराख्ने नेताका कारण पनि जनताको मत बाँडिएको उनको बुझाइ छ । राजनीति अब समाजसेवा रहेन । पदबिना नेता बस्नै नसक्ने भए, जसरी पानीबिना माछा बस्न सक्दैन ।

बाँकी पृष्ठ ३




# ‘हाम्रो बाध्यता भारत र चीनले बुझेका छन्’

■ चन्द्रशेखर अधिकारी/दिनेशजंग शाह, न्युयोर्क (अमेरिका)

प्रधानमन्त्री शेरबहादुर देउवाले भारत र चीन दुवैले नेपालको समस्या र बाध्यता राम्ररी बुझेको बताएका छन् । संयुक्त राष्ट्रसंघको ७२ औं महासभामा भाग लिन न्युयोर्क रहेका प्रधानमन्त्री देउवाले कोलम्बिया विश्वविद्यालयमा सम्बोधन गर्दै त्यस्तो धारणा व्यक्त गरेका हुन् । ‘भारत र चीन दुवै हाम्रा छिमेकी मित्रराष्ट्र हुन् । नेपाल दुवैसँग मित्रवत् सम्बन्ध राखेर अघि बढिरहेको छ र बढ्नुपर्छ,’ विभिन्न विषयमा उच्च शिक्षा अध्ययनरतसँगको अन्तरक्रियामा प्रधानमन्त्रीले भने, ‘हाम्रो समस्या उनीहरू दुवैलाई राम्ररी जानकारी छ । सायद उनीहरू एकआपसमा पनि कुराकानी गर्लान् भन्ने मलाई लाग्छ ।’

भारत र चीनको चपेटामा नेपाल परेको हो कि भन्ने जिज्ञासामा उनले भने, ‘हामी कसैको पक्ष लिँदैनौं । नेपाल अहिलेसम्म कसैको अधीनमा नपरेको मुलुक हो । त्यसैले नेपाल कसैको चपेटामा पर्ने भन्ने नै हुँदैन ।’

भारत र चीनबीच तनाव उत्पन्न हुँदा नेपालले दुवै छिमेकीलाई आपसी समस्या छलफलबाट समाधान गर्न आग्रह गरेको खुलाउँदै प्रधानमन्त्रीले भने, ‘हामी असंलग्न परराष्ट्र नीति अँगालेर अघि बढेका छौं । त्यसैले समस्या समाधानका लागि आग्रह गर्न सक्छौं तर कसैको पक्षमा लबिइङ गर्दैनौं । अन्य कसैको त्यस्तो दबाब पनि सहँदैनौं ।’ उदीयमान दुवै छिमेकीबाट फाइदा लिएर विकास प्रक्रियामा अघि बढ्ने नीति सरकारको रहेको उनले स्पष्ट पारे । अब राजनीतिक स्थायित्व कायम गर्दै विकास प्रक्रियामा नेपाल अघि बढ्न ढिलो गर्न नहुने भन्दै उनले भने, ‘तत्कालको हाम्रो प्राथमिकता प्रदेश र संघको निर्वाचन सफल पार्ने र राजनीतिक स्थायित्व दिँदै विकास प्रक्रियामा अघि बढ्नु नै हो ।’



‘कानुनअनुसार ६० जनासम्म मन्त्री बनाउन मिल्छ’

नेपाल अन्य राष्ट्रको अधीनमा नगए पनि मुलुकभित्रको जहानिया शासन, एकतन्त्रीय व्यवस्थाले धेरै समय थिचिएको स्मरण गर्दै प्रधानमन्त्रीले त्यही कारण मुलुक पछाडि परेको स्पष्ट पारे । ‘नेपाल संघीय गणतान्त्रिक मुलुकका रूपमा स्थापित हुँदै गएको छ र त्यो लागू हुने क्रममा छ । सम्पन्न स्थानीय निर्वाचन पछिल्लो उदाहरण हो । अब बाँकी दुई निर्वाचनपछि हाम्रो सफलता स्पष्ट हुनेछ,’ उनले भने । प्रजातन्त्र स्थापनापछि नै नेपालीले सर्वसुलभ ढंगले पासपोर्ट पाउन थालेको भन्दै प्रधानमन्त्रीले भने, ‘अहिले विश्वमा नेपालीहरू छरिएर रहेका छन् । तिनै नेपालीले कमाएर नेपाल पठाउने रेमिट्यान्सले मुलुकको अर्थतन्त्रमा ठूलो टेवा पुगेको छ ।’

किन मन्त्रिपरिषद् ठूलो बनाएको भन्ने जिज्ञासामा प्रधानमन्त्रीले कानुनतः ६० जनासम्म मन्त्री बनाउन सकिने अवस्था रहेको दाबी गरे । ‘मन्त्रिपरिषदको संख्यालाई होइन, कामलाई हेर्न आवश्यक छ,’ उनले भने । उनले प्रदेश र संघको निर्वाचनपछि नेपाल विकासको पथमा अघि बढ्ने र राजनीतिक अस्थिरता घट्ने बताए । उनले विश्व समुदायलाई नेपालमा लगानी गर्नसमेत आग्रह गरेका छन् । समावेशी संविधानले नेपालको साख उँचो राखेको भन्दै यसको लबिइङ सबै नेपालीले गर्नुपर्ने उनले बताए । ‘ब्रेन ड्रेनले गर्दा समस्यामा परेको भन्दै उनले अब राम्रा ब्रेनहरू नेपाल फर्कनुपर्ने बताए ।

**‘नेपालले रुइङ्गा लिन सक्दैन’**

प्रधानमन्त्री देउवाले म्यानमारबाट बहिर्गमन हुन बाध्य रुइङ्गालाई नेपालले लिन नसक्ने बताए । ‘हामीले अहिले उनीहरूलाई शरणार्थीका रूपमा लिनै सक्दैनौं,’ उनले भने । उनीहरूले न्यायका लागि अन्तर्राष्ट्रियस्तरमा गर्ने पहलमा नेपालको साथ भने रहने देउवाले बताए ।

**प्रधानमन्त्रीले थाले भेटघाट**

न्युयोर्कमा देउवाले दुईपक्षीय भेटघाट थालेका छन् । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य मुलुकका राष्ट्र तथा सरकार प्रमुखसँग उनले भेटघाट गरे । भेटमा प्रधानमन्त्री देउवाले सार्कलाई प्रभावकारी रूपमा अघि बढाउने विषयमा कुरा गरेको सहभागीले जानकारी दिए । उनले अफगानिस्तानका राष्ट्रपति असरफ घानी, श्रीलंकाका राष्ट्रपति मैत्रीपाला सिरिसेना, पाकिस्तानका प्रधानमन्त्री सहिद खान अब्बासी र बंगलादेशका प्रधानमन्त्री शेखर हसिनासँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरे ।

त्यसक्रममा राष्ट्रपति मैत्रीपालाले राष्ट्रपति विद्यादेवी भण्डारीको श्रीलंका भ्रमणको स्मरण गर्दै नेपाल भ्रमणको इच्छा देखाएको प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा. दिनेश भट्टराईले बताए । भट्टराईका अनुसार सार्कलाई अघि बढाउने विषयमा समेत छलफल भएको थियो । भेटका अवसरमा मैत्रीपालाले नेपालको आनन्दकुटी विहार र मच्छिन्द्रनाथको मन्दिर पुनर्निर्माण गरिदिने प्रतिबद्धता व्यक्त गरेका थिए । पाकिस्तानी प्रधानमन्त्रीले देउवालाई पाकिस्तानको भ्रमणको निमन्त्रणा दिएको जानकारी भट्टराईले दिए । देउवाले शुक्रबार पनि भेटघाटलाई निरन्तरता दिनेछन् ।

**सार्क सम्मेलन तिथि तय हुन सकेन**

राष्ट्रसंघको साइडलाइनमा भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का विदेश मन्त्रीस्तरीय बैठकले स्थगित १९ औं शिखर सम्मेलनको तिथि तय गर्न सकेन । १९ औं शिखर सम्मेलनको तिथिसमेत तय गर्न बसेको बैठकमा खासै प्रगति हुन नसकेको जानकारी सहभागीले दिए ।

विदेशमन्त्रीस्तरीय बैठकको अध्यक्षता गरेका उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले लामो समयपछि छलफल भएको उल्लेख गरे । ‘सकारात्मक छलफल भएको छ,’ डेढ घण्टाको छलफलपछि उनले कान्तिपुरसँग भने, ‘कुरा नै हुन नसकेको अवस्थामा सबै एकै स्थानमा बसेर छलफल हुनु राम्रो हो ।’ महासभामा भाग लिन न्युयोर्कमा रहेका सार्क राष्ट्रका विदेश मन्त्रीहरूको बैठकमा शिखर सम्मेलन गर्नेबारे छलफल भए पनि टुंगो लाग्न सकेन । भारत र पाकिस्तानको तिक्ततापूर्ण सम्बन्धका कारण सार्क शिखर सम्मेलन हुन नसकेको हो । बैठकमा पाकिस्तानले आफू जहिले पनि शिखर सम्मेलन गर्न तयार रहेको धारणा राखेको थियो । सार्क अध्यक्ष मुलुक नेपाल र सार्क सचिवालयले आयोजना गरेको साइडलाइन वार्तामा श्रीलंकाबाहेक सबै सदस्य मुलुकका विदेशमन्त्रीको सहभागिता थियो । श्रीलंकाका तर्फबाट विदेश सचिव बैठक सहभागी थिए । ‘शिखर सम्मेलन गर्ने विषयमा छलफल अघि बढायौं । नेपालले प्रस्ताव राख्न नमिल्ने हुनाले यसमा आयोजक मुलुक पाकिस्तानले शिखर सम्मेलन गर्न आफू तयार रहेको बतायो,’ महराले भने, ‘सार्क सचिवालयका तर्फबाट मिति तोक्ने गरी बैठक टुंगिएको छ ।’

तीन वर्षअघि सार्कको १८ औं शिखर सम्मेलन नेपालमा भएको थियो । त्यसपछिको सम्मेलन गर्ने पालो पाकिस्तानको हो । पाकिस्तानले शिखर सम्मेलन गर्न तयार रहेको बताउँदै आएको छ । पाकिस्तान र भारतको सम्बन्ध बिग्रेका कारण गत वर्ष कात्तिकमा नै हुने भनिएको शिखर सम्मेलन हुन सकेन । बैठकमा भारतीय विदेशमन्त्री सुष्मा स्वराजले सार्कलाई थप सक्रिय बनाउनुपर्ने बताएकी थिइन् । साइडलाइन छलफलमा सार्कका महसचिव, सार्क मुलुकका परराष्ट्र सचिवहरू, सार्क महाशाखा हेर्ने सहसचिवहरूको समेत उपस्थिति थियो ।

## निर्वाचन सफलतामा राष्ट्रसंघ खुसी

न्युयोर्क (अमेरिका) (कास)- संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरसले नेपालमा सम्पन्न स्थानीय निर्वाचनको स्वागत गर्दै आगामी दुई चुनावको सफलताका लागि शुभकामना व्यक्त गरेका छन् । राष्ट्रसंघको प्रेसकक्षमा ब्रिफिङ गर्दै महासचिव एन्टेनियोका प्रवक्ता स्टेफन डुजारीले उनलाई उद्धृत गर्दै भने, ‘नेपालमा सम्पन्न स्थानीय तहको निर्वाचनले समावेशी संघीयता कार्यान्वयनको दिशामा महत्त्वपूर्ण खुडकिलो पार गरेको छ । आगामी दिनमा हुने अरू दुई निर्वाचनको समेत सफलताको कामना गर्छु । स्थानीय निर्वाचन सफल पारेकामा नेपाली जनतालाई धन्यवाद दिन्छु ।’



प्रधानमन्त्री शेरबहादुर देउवाले शनिबार राष्ट्रसंघीय महासभामा सम्बोधन गरी नेपालको पछिल्लो अवस्थाबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउने कार्यक्रम छ । देउवाको सम्बोधन हुनु दुई दिनअघि नै एन्टेनियोले संविधान कार्यान्वयनमा नेपालको प्रगतिबारे प्रतिक्रिया दिएका हुन् । विश्वको समस्या र समाधान विषयमा जानकारी दिने क्रममा उनका प्रवक्ताले नेपालको सफलताको विषय प्रस्तुत गरेका थिए ।

संविधान कार्यान्वयन र समावेशिता लागू हुने क्रम अघि बढेकामा महासचिवले खुसी व्यक्त गरेको प्रवक्ताले जनाए । उनले राजनीतिक स्थायित्व र दिगो शान्तितर्फ नेपाल अघि बढेको पछिल्लो उदाहरणका रूपमा निर्वाचन सफलतालाई व्याख्या गरे । आगामी मंसिर १० र २१ मा हुने प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन सफलताको कामना गर्दै एन्टेनियोले आगामी दिनमा नेपाल संविधान कार्यान्वयनका दिशामा अझै खारिएर अघि बढ्ने विश्वास व्यक्त गरे । समावेशितालाई नेपालको पछिल्लो सफलता भन्दै उनले यसमा अडेर अघि बढ्न सक्नुपर्ने औंल्याए ।

# घुम्तीमा मोडिन नभ्याउँदा बस खस्यो



रामेछाप ८ बितिटारस्थित सडकको घुम्तीमा मोडिन नभ्याउँदा खसेको बसका घाइतेलाई उद्धार गरिँदै । तस्बिर : टीकाप्रसाद भट्ट/कान्तिपुर

### ३ को मृत्यु, १८ घाइतेमध्ये ४ को अवस्था गम्भीर

रामेछाप (कास)- तीव्र गतिमा रहेका कारण ओरालोको घुम्तीमा मोडिन नभ्याएकाले बस सडकबाट खस्दा ३ यात्रुको मृत्यु भएको छ । १८ जना घाइते भएका छन् । रामेछाप नगरपालिकाको च्यास्कुबाट काठमाडौं जाँदै गरेको बा२ख ६३७५ नम्बरको हिमाल तराई यातायात समितिको बस शुक्रबार रामेछाप ८ बितिटार नजिकैको मोडमा सडकबाट करिब ३० मिटर तल खसेको हो । घटनास्थलमै दुई जनाको र अस्पताल ल्याउँदै गर्दा एक जनाको मृत्यु भएको हो ।

ज्यान गुमाउनेमा रामेछाप नगरपालिका ८ का ५५ वर्षीय दीपक श्रेष्ठ, बझाङ जिल्ला घर भएकी २५ वर्षीया उमा खडका र रामेछाप ७ की २६ वर्षीया बालकुमारी बस्नेत छन् ।

जिल्ला प्रहरी कार्यालय रामेछापका निरीक्षक राजकुमार थापाका अनुसार स्थानीय बासिन्दा र खबर पाएर घटनास्थलमा पुगेका सुरक्षाकर्मीले घाइतेको उद्धार गरेका थिए । घाइतेहरूको मन्थलीस्थित तामाकोसी सहकारी अस्पतालमा उपचार भइरहेको छ । अस्पतालका चिकित्सक केशवसिं धामीका अनुसार गम्भीर अवस्थाका ४ जनालाई भने थप उपचारका लागि काठमाडौं पठाइएको छ ।

# चिकित्सकको दबाबमा...

‘प्रधानमन्त्री कार्यालयद्वारा जारी विज्ञप्तिमा उपचारको सिलसिलामा बिरामीको मृत्यु हुँदा सम्बन्धित चिकित्सकलाई कारबाही गर्ने गरी सरकारले कानुन निर्माण गर्न लागेको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारलाई लिएर चिकित्सकहरू आन्दोलित भएको विषयप्रति गम्भीर ध्यानाकर्षण भएको भनिएको छ,’ उनले भने, ‘हामी सञ्चारमाध्यममा आएको समाचारलाई लिएर आन्दोलन गरेका होइनौं । हामीले सकारका प्रवक्ता सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले बोलेको सुनेका छौं ।’

चिकित्सक संघले शुक्रबार बेलुका पत्रकार सम्मेलन आयोजना गरेर सरकारले निकालेको विज्ञप्तिको स्वागत गर्दै त्यसमा उल्लिखित भाषामा भने आपत्ति जनाएको छ । आफ्ना अन्य मागबारे भने केही उल्लेख नगरिएकाले शुक्रबार सुरु आन्दोलन फिर्ता नहुने उसले जनाएको छ । ‘हामी अहिले आन्दोलन फिर्ता लिँदैनौं । अहिले पुनः वार्ताका लागि स्वास्थ्य मन्त्रालय जाँदै छौं । हेरुँ के हुन्छ,’ डा. कार्कीले भने ।

सरकारले भने स्वास्थ्य ऐन संशोधनका क्रममा दुवै पक्षका चासोलाई सहमतिबाटै संशोधन गर्न सकिने भन्दै आन्दोलन फिर्ता लिन आग्रह गरेको छ । स्वास्थ्यमन्त्री पोखरेल र संघका पदाधिकारीबीच बिहीबार र शुक्रबार पनि निरन्तर वार्ता भएको थियो ।

‘मन्त्रिपरिषद्ले निर्णय गर्दा म चुनावमा प्रदेश २ मा थिएँ । त्यही बेलाको निर्णयलाई लिएर चिकित्सकहरू आन्दोलनमा उत्रिएपछि मुख्य सचिवमार्फत मन्त्रिपरिषद् निर्णय हेर्दा मलाई थाहा भयो,’ पोखरेलले कान्तिपुरसँग भने, ‘यो विषय ठूलो छैन । स्वास्थ्य ऐन संशोधनका क्रममा दुवै पक्षका चासो आपसी सहमतिमै संशोधन गर्न सकिन्छ ।’ पोखरेलले ऐन संशोधनका क्रममा यी विषयलाई समावेश गर्ने गरी सहमति खोज्न आफू तयार रहेको भन्दै स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रलाई ठप्प पार्ने गरी आन्दोलन नगर्न आग्रह गरे ।

संघले स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामाथि हातपात गर्ने व्यक्ति वा समूहलाई बिनाधरौटी जेल चलान (जेल विथआउट बेल) को प्रावधान स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन २०६६ र नियमावली २०६९ मा परिमार्जन गरेर राख्न तथा आफूसँग पहिले नै गरिएका सम्झौता अक्षरशः पालना गर्न पनि माग गरेको छ । ‘पूर्वमुख्य मागहरू भनेको डा. गोविन्द केसीको अनशनका बेला हामीसँग गरिएका सम्झौताको कार्यान्वयन तथा सरकारले लिँदै आएको ५ प्रतिशत स्वास्थ्य सेवा कर हटाउनुपर्ने माग हो,’ महासचिव डा. कार्कीले भने ।

पछिल्लो पटक अस्पतालहरूमा चिकित्सकको लापरबाहीले बिरामीको मृत्यु हुने घटना बढ्न थालेपछि सरकारले त्यस्ता घटनामा चिकित्सकबाटै क्षतिपूर्ति भराउने गरी कानुन बनाउने निर्णय लिएको थियो । केही दिनअघि मात्रै चाबहिलको ओम अस्पतालमा नाकको सामान्य शल्यक्रियाका क्रममा बिरामीको मृत्यु भएको घटनाले समेत सरकारको ध्यान तानेको थियो ।

सरकारका प्रवक्ता सूचना तथा सञ्चारमन्त्री बस्नेतले सोमबार मन्त्रिपरिषद् बैठकपछि पत्रकारसँग चिकित्सकलाई क्षतिपूर्ति तिराउने कानुन बनाउन दिएको निर्देशनलाई मन्त्री पोखरेलले ‘हल्ला’ को संज्ञा दिएपछि चिकित्सकहरू थप सशंकित भएका हुन् । स्वास्थ्य सचिव डा. किरण शर्माले एनएमएका प्रतिनिधिलाई ७२ घण्टाको अल्टिमेटम समाप्त हुनै लाग्दा बिहीबार दिउँसो मात्रै वार्ताका लागि बोलाएकी थिइन् । सचिवसँगको वार्ता निष्कर्षमा नपुग्ने देखिएपछि स्वास्थ्यमन्त्री पोखरेल आफैं वार्तामा सहभागी भएका थिए । चिकित्सक तथा दन्त चिकित्सकहरूको छाता संगठनले सरकारले उक्त निर्देशन फिर्ता लिनुपर्ने माग गर्दै आन्दोलन घोषणा गरेका हुन् । उनीहरूले ७२ घण्टाभित्र माग सम्बोधन नगरे शुक्रबारदेखि सम्पूर्ण स्वास्थ्य सेवा बन्द गर्ने चेतावनी सोमबारै दिएका थिए ।




# सञ्चालकको स्वार्थमा...

प्रतिवेदनमा २८ बुँदामा संशोधन तयार पारिएको छ । ती संशोधनहरूमा ऐनको नाम, परिभाषाजस्ता सामान्य विषयदेखि सम्बन्धन र शुल्क निर्धारणजस्ता विषयमा चलखेल गर्न खोजेको देखिन्छ । प्रतिवेदनमा उल्लेखित विषयवस्तु र मूल विधेयक हेर्दा कतिपयमा प्रस्तावित मेडिकल कलेजका सञ्चालकहरूले चलखेल गरेकै ठहर हुने सरोकारवालाले बताए । ‘स्वार्थका विषयहरू मिसाइएको मात्रै होइन कि झुक्किने गरी घोलिएको छ,’ समितिका एक सदस्यले भने, ‘सामान्य दृष्टिले हेर्दा यस्ता विषयमा भएको चलखेल थाहै नपाइने खालको छ ।

**सम्बन्धनमै चलखेल**

विधेयकमा आफ्नै अस्पताल पूर्ण रूपमा सञ्चालन नगरेको अवस्थामा कुनै पनि विश्वविद्यालयले मेडिकल कलेजलाई सम्बन्धन दिन नसक्ने उल्लेख छ । तर प्रतिवेदनमा आफ्नै अस्पताल सञ्चालन गरेको दुई वर्षको अवधि पूरा नभए सम्बन्धन नदिने व्यवस्था छ । माथेमा आयोगले तीन वर्ष सञ्चालन भएको अस्पताललाई मात्रै मेडिकल कलेज सञ्चालन गर्न दिनुपर्ने प्रस्ताव गरेको छ । साथै अस्पताल सञ्चालनको मिति २ वर्ष कसरी पुग्ने भन्नेबारे गणना गर्ने आधारसमेत पछिल्लो प्रतिवेदनमा राखेको देखिन्छ । ‘प्रचलित कानुनअनुसार स्वास्थ्य सेवा कर तिरेको समितिबाट अवधि गणना गरिने’ प्रतिवेदनमा उल्लेख छ ।

अस्पताल पूर्ण रूपमा सञ्चालन भएको दुई वर्ष भनी उल्लेख गर्नुको साटो स्वास्थ्य सेवा कर तिरेको मितिबाट २ वर्ष भन्नुमा सञ्चालकहरूको स्वार्थ लुकेको चिकित्सकहरू बताउँछन् । अस्पताल पूर्ण रूपमा सञ्चालन हुन तोकिएको मापदण्ड पूरा गरेको हुनुपर्छ । मेडिकल कलेजका लागि आवश्यक मापदण्ड पूरा नगरी अस्पताल सञ्चालन हुन सक्छ तर त्यसले शिक्षण अस्पतालको हैसियत प्राप्त गर्न सक्दैन । कलेज सञ्चालकहरूले सामान्य अस्पताल वा केही सीमित सेवा सञ्चालन गर्ने र त्यसबाट तिरिएको करका आधारमा अवधि गणना गर्ने आधार बनाएका छन् । ‘प्रस्तावित मनमोहन मेडिकल कलेजको शिक्षण अस्पताल पूर्ण रूपमा अझै सञ्चालन भइसकेको छैन, तर उसले कर तिरेको दुई वर्ष पुगिसकेको छ,’ स्रोतले भन्यो, ‘घुमाउरो पाराले यस्तै कलेजहरूलाई अनुकूल हुने गरी ऐन बनाउन खोजिएको छ ।’

विधेयकको दफा १३ मा समेत हाल आशयपत्र लिएका र मापदण्ड पूरा नगरेका मेडिकल कलेजहरूलाई सम्बन्धन दिन मिल्ने छिद्र राखिएको छ । यसअनुसार यसअघि आशयपत्र लिएका र मापदण्ड पूरा गरेका कलेजहरूलाई सम्बन्धन दिन बाधा नपर्ने उल्लेख छ । यो व्यवस्थाले काठमाडौंमा थप ५ भन्दा बढी मेडिकल कलेज खोल्ने ढोका खुला राखेको छ ।

**आयोगलाई कमजोर बनाउने खेल**

प्रतिवेदनले मेडिकल कलेजलाई नियमन गर्न बन्ने चिकित्सा शिक्षा आयोगलाई कमजोर बनाउन खोजेको छ । सरकारले प्रस्ताव गरेको विधेयकमा मेडिकल कलेजमा विद्यार्थीसँग लिने शुल्क आयोगले तोक्ने व्यवस्था हटाउँदै सम्बन्धित विश्वविद्यालय र प्रतिष्ठानले नै तोक्ने व्यवस्था राखेको छ । सार्वजनिक मेडिकल कलेजहरूलाई पूरै सिट छात्रवृत्तिमा पढाउनुपर्ने माग डा. केसीले अघि सारेका थिए । तर विधेयकमा कम्तीमा ५० प्रतिशत सिट निःशुल्क हुने र बाँकीमा शुल्कसहितको भर्नाको बाटो खुला गरिएको छ । सार्वजनिक मेडिकल भन्नाले सरकारी, सार्वजनिक गुठी वा अन्य गैरनाफामुखी कलेज पर्छन् ।

विधेयकको दफा २० मा मेडिकल कलेजले आफू कार्यरत रहेको प्रदेशको एउटा जिल्लालाई सेवा क्षेत्रका रूपमा काम गरी त्यहाँ विशेषज्ञ सेवासहित सामुदायिक र चिकित्सा सेवा दिनुपर्ने उल्लेख छ । उक्त जिल्ला आयोगको सिफारिसमा स्वास्थ्य मन्त्रालयले तोक्ने व्यवस्था भएकोमा परिमार्जित प्रतिवेदनमा ‘सोही प्रदेशको जिल्ला’ भन्ने वाक्यांश हटाउन खोजिएको छ । यसले गर्दा मेडिकल कलेजहरूले आफूअनुकूलको जिल्ला छान्न सक्ने सुविधा पाउनेछन् । यसबाट दुर्गमका बासिन्दाले विशेषज्ञ सेवा पाउने सम्भावना देखिँदैन ।

मेडिकल कलेजका लगानीकर्ताहरू हावी र निर्णायक रहेको समितिले चिकित्सा शिक्षा आयोगलाई समेत दलीय भागबन्डाको सिकार बनाउन खोजेको छ । विधेयकमा छनोट समितिको सिफारिसमा सरकारले आयोगको उपाध्यक्ष नियुक्त गर्ने व्यवस्था रहेकोमा प्रतिवेदनमा ‘समिति ले सम्भावित ३ जनाको नामावली सिफारिस गर्ने र त्यसमध्येको एक सरकारले नियुक्त गर्ने’ प्रावधान थपिएको छ । यसले गर्दा समितिमा र त्यसले गर्ने सिफारिसमा समेत दलीय भागबन्डाको सम्भावना बढेको स्रोतले बतायो ।

विधेयकको दफा २४ मा उपाध्यक्ष हुन तोकेको सर्तमा ‘स्वच्छ छवि र उच्च नैतिक चरित्र हुनुपर्ने’ सर्तमा ‘स्वच्छ छवि’ हटाइएको छ । यसले आयोगमा स्वच्छ छवि भएको व्यक्ति नियुक्तिभन्दा पनि दलको भागबन्डाबाट नियुक्त गर्ने ढोका खुला राखिएको छ । उच्च नैतिक चरित्र तथा स्वच्छ छविको प्रावधान राखिएमा अख्तियारका विवादित प्रमुख आयुक्त लोकमानसिंह कार्कीको योग्यतासम्बन्धी मुद्दाको फैसलाका नजिरहरू आकर्षित हुन सक्छन्, जसअनुसार विभिन्न विवादमा परेका चिकित्सकहरू उपाध्यक्षमा सिफारिस हुने सम्भावना रहँदैन । त्यही बन्देज हटाउन समितिले प्रतिबन्धात्मक वाक्यांश हटाएको हो । डा. केसीले भने माथेमा कार्यदलको मर्मअनुसार विधेयक पारित नभए पुनः अनशन बस्ने चेतावनी दिइसकेका छन् ।

प्रतिवेदनले ऐन पारित भएको ५ वर्षभित्र हरेक प्रदेशमा सरकारी मेडिकल कलेज वा प्रतिष्ठान खोल्नुपर्ने बाध्यात्मक व्यवस्था ल्याएको छ । सरकारी र सार्वजनिक अस्पतालमा कार्यरत चिकित्सकले कार्यालय समयमा आफू कार्यरत अस्पतालबाहेक अन्यत्र व्यवसाय र काम गर्न नपाउने व्यवस्था पनि गरेको छ । विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा विदेशी विद्यार्थी भर्ना नभए नेपाली विद्यार्थी भर्ना गर्न सकिने र शुल्क नेपाली विद्यार्थीलाई तोकिएकै हुने प्रावधान राखेको छ । सांसदहरूले राखेको संशोधन, विज्ञहरूबाट प्राप्त परामर्श र केदारभक्त माथेमाको अध्यक्षतामा गठन भएको चिकित्सा शिक्षासम्बन्धी राष्ट्रिय नीति तर्जुमा उच्चस्तरीय कार्यदलले दिएको सुझावका आधारमा प्रतिवेदन तयार भएको समितिको दाबी छ । ‘सबैले औंल्याइएका विषयहरूलाई दृष्टिगत गरी परिमार्जनसहित साउन २७ मा बसेको बैठकले प्रतिवेदन तयार गरी सदनमा पेस गर्ने निर्णय गरेको हो,’ समितिकी सभापति रञ्जुकुमारी झाले प्रतिवेदनमा भनेकी छन् ।

# प्रमुख नेताकै जिल्लामा दल 'कमजोर'

**कान्तिपुर टिम**, सर्लाही

राष्ट्रिय जनता पार्टी (राजपा) का अध्यक्ष मण्डलका प्रमुख नेता महन्थ ठाकुर, राजेन्द्र महतो र महेन्द्र राय यादवको गृह जिल्लामा स्थानीय तहको चुनावी परिणाम हेर्दा उक्त दलको उपस्थिति प्रभावकारी देखिएन । यहाँका २० स्थानीय तहमध्ये राजपाले दुई तिहाइ जित्ने अनुमान गरिएको थियो । शुक्रबारसम्म परिणाम सार्वजनिक भएका ८ मध्ये राजपाले जम्मा २ मा मात्र जित हासिल गरेको छ । नेपाली कांग्रेसले ४ तहमा जित प्राप्त गरेको छ । परिणाम आउन बाँकी तहमा पनि शुक्रबार साँझसम्म राजपाको अग्रता कमजोर छ ।

मुख्य नेताकै गृहनगरमा समेत अन्य दलले जितेका छन् । यादवको गृहनगर हरिपूर्वामा कांग्रेसले मेयर र उपमेयर जित्यो । हरिपूर्वा यादव र अर्का नेता महतोले संविधानसभा चुनावमा प्रतिस्पर्धा गरेको क्षेत्र हो । दुवै नेता आपसमा चुनाव लडेको साबिक निर्वाचन क्षेत्रमा ४ तह छन् । तीमध्ये ब्रह्मपुरी गाउँपालिकामा मात्र राजपाले विजय पायो । अन्य दुई संघीय समाजवादी फोरम र कांग्रेसले जिते । सोही क्षेत्रमा पर्ने सदरमुकाम रहेको मलंगवा नगरपालिकामा पनि कांग्रेसको अग्रता छ ।

दुवै नेताले गत संविधानसभा निर्वाचनमा भारी मत ल्याएका थिए । त्यसबेला यादवले जितेका थिए । महतो प्रतिस्पर्धामा थिए । ठाकुरको निर्वाचन क्षेत्रमा रहेका ४ तहमा पनि राजपाको उपस्थिति बलियो देखिएन । त्यहाँ परिणाम सार्वजनिक दुवै तहमा कांग्रेसले प्रमुख र उपप्रमुख जितिसकेको छ । बाँकी दुई तहमा राजपा प्रतिस्पर्धामा छ ।

राजपा केन्द्रीय उपाध्यक्ष रामनरेश यादवका छोरा दिनेशकुमार यादव पर्सा गाउँपालिकामा पराजित भए । नेताले छोरालाई टिकट दिएपछि राजपाका सक्रिय कार्यकर्ता किसुनदेव रायले संघीय समाजवादी फोरमबाट उम्मेदवार बनेर चुनाव जिते । नेताले आसेपासे र नातेदारलाई मात्र टिकट दिएको भनेर कार्यकर्ता तहमा असन्तुष्टि थियो । अन्तर्घात पनि राजपा पराजित हुनुको अर्को कारण भएको नेताले बताए । ६ वटा पार्टी मिले पनि जनस्तरमा नेता-कार्यकर्ताबीच मन नमिलेको, केन्द्रीय नेतामै एकअर्कालाई कमजोर बनाउने होडले चुनावी परिणामलाई प्रभाव पारेको देखिन्छ ।

राजपा अध्यक्षमण्डलका जिल्ला सदस्य दिनेश रायले मधेसमा मुद्दाभन्दा पनि मुद्रा प्रभावकारी भएको बताए । 'एउटा चुनावमा टिकट नपाउँदैमा विरोधमा गएर राजपाले उठाएको मधेस मुद्दा बिर्सनु ठीक होइन,' उनले भने, 'तत्काल पैसाको प्रभावले अन्यथा परिणाम आए पनि राजपा कमजोर छैन ।' राजपाका एक जिल्ला नेताले जित्ने स्थानमा पनि अन्तर्घात भएको बताए । टिकट पाउने उम्मेदवार पहिले कुन पार्टी नजिक थियो भन्ने आधारमा अन्तर्घात भएको उनको आरोप छ । 'टिकट वितरणमा सामान्य असन्तुष्टि भए पनि जित्ने स्थानमा समेत पार्टीभित्रकै केही नेता पराजित गर्न कम्मर कसेर लागे,' ती नेताले भने, 'राजपा गठन भए पनि पहिलेको पार्टी र नेताविशेषसँगको निकटताका आधारमा सिध्याउन खोज्दा समग्रमा पार्टी कमजोर बन्यो । बेलैमा सुधार नभए अर्को चुनावमा यसको असर झन् बढ्छ ।'

**रौतहटमा एमाले पछाडि**

पूर्वप्रधानमन्त्री तथा एमाले वरिष्ठ नेता माधवकुमार नेपालको गृह जिल्ला रौतहटका स्थानीय तहमा एमाले पछाडि परेको छ । शुक्रबार साँझसम्म उसले एउटै तहमा जित हासिल गरेको छैन । यहाँ १६ नगरपालिका र २ गाउँपालिका छन् । तीमध्ये अधिकांशको नतिजा सार्वजनिक भइसकेको छ । नेपालको निर्वाचन क्षेत्र रहेको सदरमुकाम गौरमै एमाले पछाडि परेको छ ।

नेता नेपालको घर रहेको वडाको अध्यक्षमा राजपा उम्मेदवार राजेशकुमार झाले जितेका छन् । मधेसी जनतालाई अपमानित हुने गरी अभिव्यक्ति दिएको, मधेस आन्दोलन दबाउन भूमिका खेलेको, संविधान संशोधनका बेला मधेस मुद्दाको विपक्षमा मतदान गरेकाले एमालेले समर्थन गुमाएको गौर १ का बाबुलाल साहले बताए । सदरमुकाम गौरमा राजपाका अजय गुप्ताले मेयर जितेका छन् । उनले एमालेका शम्भु साहलाई पराजित गरेका हुन् । चुनावअघि गौरमा एमालेलाई नै बलियो मानिएको थियो । त्यहाँ कांग्रेसले मेयरमा उम्मेदवारी दिएको थिएन । गुप्ता दोस्रो संविधानसभा निर्वाचनमा नेता नेपालसित झिनो मत अन्तरले पराजित भएका थिए । जिल्लाको अर्को महत्त्वपूर्ण चन्द्रपुर नगरपालिकामा पनि एमालेले हार व्यहोर्नुपर्‍यो । चन्द्रपुर सांसद रामकुमार भट्टराईको प्रभाव क्षेत्र मानिन्छ । त्यहाँ मेयरमा कांग्रेसका रामचन्द्र चौधरी विजयी भए । उपमेयरमा भने एमालेकी रामरती चौधरी विजयी आइन् ।

**गठबन्धन फापेन**

स्थानीय तह निर्वाचनको पहिलो चरणदेखि नै तालमेल गर्दै आएका सत्तारूढ कांग्रेस र माओवादीले बाराको निजगढ नगरपालिकामा पनि त्यसलाई निरन्तरता दिए । तर, यहाँ तालमेल आधा मात्र सफल भएको छ । नगरपालिकामा कांग्रेसबाट मेयर र माओवादीबाट उपमेयर प्रत्याशी थिए । कांग्रेसले मेयरमा जित प्राप्त गर्‍यो । माओवादीले उपमेयर त गुमायो नै, एउटा वडासमेत जित्न सकेन । कांग्रेसका सुरेश खनालले ७ हजार ६ सय ४८ मत ल्याए । उनका प्रतिस्पर्धी एमालेका यमबहादुर (नारायण) खड्काले ६ हजार ८ सय १८ मत पाए । गठबन्धनकी उपमेयर उम्मेदवार बेनीबहादुर मोक्तानलाई एमालेकी लीलादेवी लामिछानेले हराइन् । लामिछानेले ६ हजार ७ सय ७३ मत ल्याइन् । कांग्रेसले निजगढका १३ वटा वडामा कब्जा जमायो । एमाले एक्लैले ८ वटा वडा जित्यो । यहाँका १६ स्थानीय तहमध्ये ८ को नतिजा सार्वजनिक भएको छ । जसअनुसार कांग्रेस ३, राजपा र संघीय समाजवादी २/२ र नेपाल लोकतान्त्रिक फोरम १ स्थानमा विजयी भएका छन् । निजगढ, सिम्रौनगढ नगरपालिका र करैयामाई गाउँपालिका कांग्रेसले जितेको छ । परवानीपुर, देवताल गाउँपालिका राजपा, फेटा गाउँपालिका र पचरौता नगरपालिका संघीय फोरमले जितेको छ । यसैगरी विश्रामपुर गाउँपालिका नेपाल लोकतान्त्रिक फोरमले जितेको छ ।

**थोरै मतले जित**

ऐतिहासिक र पुरातात्त्विक सिम्रौनगढ नगरपालिकाको मेयरमा कांग्रेसका विजयशंकर यादवले थोरै मत अन्तरले मेयरमा जितेका छन् । उनी कांग्रेसका पुराना नेता भागवत यादवका छोरा हुन् । यादवले राजपाका किशोरी साहलाई जम्मा २० मतले उछिनेका हुन् । उनले ५ हजार १ सय ३५ मत प्राप्त गरे । साहलाई कांग्रेसले टिकट नदिएपछि पार्टी परिवर्तन गरी राजपाबाट उठेका थिए । यसैगरी उपमेयरमा राजपाकी मीरा देवीले कांग्रेसकी रीताकुमारी देवीलाई उछिन्दै जित हात पारेकी छन् ।

**नतिजा धमाधम**

पर्सामा पनि स्थानीय तहको परिणाम धमाधम आउन थालेको छ । परिणाम सार्वजनिक भएका स्थानीय तहमा खुसियाली मनाउन थालिएको छ । प्रदेश २ को एकमात्र महानगर वीरगन्जमा धेरैको चासो छ । सर्वसाधारण दिनभर गणनास्थलमा बस्ने गरेका छन् । महानगरमा शुक्रबार बिहानसम्म कांग्रेस र राजपाबीच कडा टक्कर थियो । शुक्रबार मध्याह्नबाट संघीय समाजवादी फोरमले राजपालाई पछि पारेको छ । अगाडि भने कांग्रेस नै छ । जिल्लामा एक महानगर, तीन नगरपालिका र १० गाउँपालिका छन् । शुक्रबार साँझसम्म आधा तहको परिणाम सार्वजनिक भएको छ । माओवादी केन्द्र २, नेपाली कांग्रेस, संघीय फोरम, नेपाली जनता दल र एमाले १/१ तहमा विजयी भएका छन् । माओवादीले ठोरी र छिपहरमाई गाउँपालिकामा प्रमुख/उपप्रमुख जितेको छ । कांग्रेसका लोकनारायण यादव पर्सागढी नगरपालिकाको मेयर चुनिए भने उपमेयरमा पनि सोही पार्टीकी अर्चना चौधरीले सफलता पाइन् । पटेर्वासुगौली गाउँपालिका प्रमुखमा एमालेका हरिनारायण चौधरी र उपप्रमुखमा कांग्रेसकी ममता चौधरी विजयी भए । कालिकामाई गाउँपालिकामा जनता दलका नथुनीप्रसाद प्रमुखमा र उपप्रमुखमा संघीय समाजवादी फोरमका राजेशप्रसाद चौरसिया विजयी भए । विन्दवासिनी गाउँपालिका प्रमुखमा संघीय समाजवादी फोरमका श्रीलाल साह कानु र उपप्रमुखमा कांग्रेसकी किरणदेवी गुप्ता चुनिए ।



**रौतहट सदरमुकाम गौर नगरपालिकामा निर्वाचित पदाधिकारीहरू । दोस्रो संविधानसभा निर्वाचनमा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसँग झिनो मतले हारेका राजपाका अजय गुप्ता एमालेका शम्भु साहलाई ठूलो मतान्तरले हराउँदै मेयर निर्वाचित भए ।** *तस्बिर : पवन यादव/कान्तिपुर*

## प्रस्टिँदै जनाधार...

'पछिल्लो समय मधेसको राजनीति पनि विकासभन्दा पनि कसले बढी खर्च गर्न सक्छ, प्रहरीको थुनुवाबाट कसले निकाल्न सहयोग गर्‍यो भन्नेमा मधेसको राजनीति रुमल्लिएको छ,' मधेस राजनीतिलाई नजिकबाट नियालिरहेका झा भन्छन्, 'यसले राजनीति गलत बाटोमा गएको देखाउँछ, भविष्यमा सुयोग्य नेतृत्वमाथि आउनै गाह्रो हुन्छ ।'

प्रदेश २ को प्रारम्भिक नतिजाले अहिले पनि जनताले राष्ट्रिय दलप्रति नै भरोसा गरेको देखिएको झाले विश्लेषण गरे । 'आन्दोलनका समयमा सँगै देखिए पनि मधेस केन्द्रित दल अहिले पनि ३ टुक्रामा छरिएका छन्,' उनले भने, 'संघीय समाजवादी फोरम, राजपा र लोकतान्त्रिक फोरम अलगअलग भएर चुनावमा जाँदा मधेसको शक्ति बाँडिएको हो । कुनै एउटा मधेसी दलप्रति जनउभार नआउनुको कारण पटकपटकका बिनाउपलब्धिका सम्झौता पनि प्रमुख कारण रहेको झा बताउँछन् ।

मधेस केन्द्रित ६ दल एकतापछि गठन भएको राजपाले चुनावमा राम्रो नतिजा ल्याउने अपेक्षा गरिएको थियो । पार्टी अध्यक्षमण्डलका ६ सदस्य प्रदेश २ बाटै प्रतिनिधित्व गर्छन् । महन्थ ठाकुर, राजेन्द्र महतो र महेन्द्र राय यादव सर्लाही, अनिलकुमार झा रौतहट, शरतसिंह भण्डारी महोत्तरी र राजकिशोर यादव सिरहाका हुन् । आन्दोलनमा जनता मधेस केन्द्रित दलसँगै रहेको देखिए पनि मतपेटिकामा त्यो व्यक्त भएको पाइएन । सडकमा सँगै रहेका जनता चुनावका बेला आ-आफ्ना पुरानै घर फर्किएको टिप्पणी हुन थालेका छन् ।

जनकपुरका राजनीतिक विश्लेषक डा. सुरेन्द्र लाभ स्थानीय तहको निर्वाचनमा मधेस केन्द्रित दलले पाएको मतले आन्दोलन र चुनाव फरक-फरक विषय रहेको प्रस्ट पारेको बताउँछन् । 'आन्दोलन हुँदा सबै सडकमा थिए,' उनले भने, 'चुनाव हुँदा सबै घर फर्के ।' मधेसका ६ दल मिलेर राजपा गठन भए पनि नेताहरूको मन नमिलेका कारण पनि चुनावी नतिजा सकारात्मक नआएको उनको बुझाइ छ । पार्टी एकीकरण भए पनि सांगठनिक रूपले राजपा अझै कमजोर नै छ । वडास्तरसम्म संगठन विस्तार भइसकेको छैन ।

एमालेको संगठन बलियो भएकै कारण प्रतिकूल अवस्थामा पनि उसले अहिलेको नतिजा ल्याएको उनले बताए । मधेसी दलको पक्षमा आएको मतले आगामी चुनावका लागि कार्यगत एकताबारे मधेसी दललाई सोच्न र नीति पुनरावलोकन गर्ने सन्देश दिएको छ । 'तीनवटै मधेसी दल मिलेर आगामी प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन लड्न अहिलेको परिणामले ढोका खोलिदिएको छ,' लाभ भन्छन्, 'नीतिमा पुनरावलोकन गर्ने सन्देश पनि यो निर्वाचनले दिएको छ ।'

**कांग्रेस र माओवादीलाई फाइदा, एमालेलाई घाटा**

१ सय ३६ स्थानीय तह रहेको प्रदेश २ को चुनावी प्रचारमा ठूला दलले आफूलाई मधेसी जनता निकट देखाउन अनेक प्रयास गरे । भिडियो सन्देशबाटै मधेसका लागि विगतमा गरेका कामहरूको फेहरिस्त देखाए । कांग्रेस, एमाले र माओवादी शीर्ष नेतृत्व मनोनयन दर्ता अघिदेखि नै चुनावी रणनीति बनाउन मधेस झरेका थिए । माओवादीले केन्द्रीय सदस्यहरूको बैठक नै वीरगन्जमा राखेको थियो । यसपालिको चुनावमा पनि मधेसको परम्परागत शक्ति कांग्रेसले सबैलाई उछिनेको छ ।

यसै पनि दोस्रो चरणसम्मको निर्वाचनमा दोस्रो स्थानमा रहेको कांग्रेसले प्रदेश २ को निर्वाचनमा बढीभन्दा बढी स्थानीय तह जितेर पहिलो स्थानमा आउन आक्रामक शैलीमा चुनावी अभियान चलाएको थियो । त्यसका लागि केन्द्रीय सदस्यहरूको भेला जनकपुरमा गरेको कांग्रेसले प्रधानमन्त्री तथा पार्टी सभापति शेरबहादुर देउवा, रामचन्द्र पौडेल, गगन थापालगायत शीर्ष नेताहरूलाई मौन अवधिको अन्तिम दिनसम्म प्रचारप्रसार खटाएको थियो । कांग्रेसको पुरानै 'लिगेसी' ले अहिले पनि मधेसको मत तान्ने काम गरेको जानकार सुनाउँछन् ।

ठाकुरराम बहुमुखी क्याम्पसका उपप्राध्यापक वीरेन्द्रप्रसाद साहले अत्यधिक गरिबी रहेको मधेसमा धनी र हुनेखाने वर्ग कांग्रेसमै बढी रहेकाले उसलाई मत तान्न सजिलो हुने गरेको बताए । पार्टीको नीति र विकास मुद्दाभन्दा भोजभतेर केन्द्रित मधेसको चुनावी अभियानमा समाजमा पकड बनाएका पैसावालले नै जनमतमा प्रभाव पार्छन् । 'त्यसमाथि पछिल्लो समय मधेसी दलको माग पूरा गर्न नसके पनि पूरा गर्नुपर्छ र मधेसी नेताकै बोलीमा होमा हो मिलाए,' कांग्रेसको अग्रताबारे उनले भने, 'मुलुकको ठूलो पार्टी सबैलाई मिलाएर जान्छ भन्ने भावनाले पनि बढी भोट पाएको हो ।'

यता, प्रथम र दोस्रो चरणमा पहिलो स्थानमा रहेको एमालेलाई मधेसमा ठूलो झटका लागेको छ । भित्री मधेसमा मात्र होइन, राजमार्गका स्थानीय तहमा समेत हार व्यहोर्नुपरेको छ । एमाले प्रचार विभागका केन्द्रीय सदस्य अरविन्द सिंहका अनुसार पार्टीको आन्तरिक गडबडी, संगठन सुदृढ र व्यवस्थित नभएकाले पार्टीले अप्रत्याशित हार व्यहोर्नुपरेको हो । पैसावालालाई पार्टी प्रवेश गराई टिकट दिनु र पुराना कार्यकर्ताको मूल्यांकन नगरिनु पनि हारको कारण रहेको उनको भनाइ छ ।

'पछिल्लो मधेस आन्दोलनमा पार्टी नेतृत्वको मधेस मुद्दामा आएका अभिव्यक्तिलाई अन्य सन्दर्भमा जोडेर मधेसविरोधी प्रचारले पनि नकारात्मक छवि बनाएको थियो,' उनले भने, 'नेतृत्वबाट त्यस्तो भ्रम चिर्न प्रभावकारी प्रयास गरिएन ।' मधेसका ८ वटै जिल्लाको कुनै पनि सदरमुकाममा चुनावी आमसभासमेत भएनन् । जसले गर्दा एमालेको प्रस्ट धारणा मधेसी जनतामा जान सकेन । 'नेतृत्व राजमार्ग केन्द्रित मात्र भयो,' उनले भने, 'राजमार्गमै पनि कांग्रेस-माओवादी घोषित र अघोषित गठबन्धनले कतिपय ठाउँमा हार्नुपर्‍यो ।'

प्रदेश २ को पार्टी कमिटीले पनि संस्थागत रूपमा नचलेको कार्यकर्ताले गुनासो गरेका छन् । ६ वटा प्रदेशमा जितको दम्भले पनि एमाले नेतृत्वलाई मधेसप्रति संवेदनशील नबनाएको कार्यकर्ताको गुनासो छ । प्रदेश २ भने माओवादीलाई फापेको छ । चुनावको मुखैमा मधेस केन्द्रित दलका प्रभावशाली नेतालाई पार्टी प्रवेश गराउनुका साथै पार्टी अध्यक्ष राजमार्गदेखि भित्री मधेससम्म जनतासँग प्रत्यक्ष रूपले भोट मागिरहेका देखिए । मधेसको मागको सम्बन्धमा प्रचण्ड सकारात्मक नै देखिए । संविधान संशोधन नभए पनि प्रधानमन्त्री भएदेखि नै उनले संशोधनका लागि प्रयास जारी राखेका थिए । 'मधेसको मुद्दामा एमाले त केही सुन्नै चाहँदैन, कित्ताकाट गरिसक्यो भन्ने देखियो,' ठाकुरराम बहुमुखी क्याम्पसका उपप्रध्यापक वीरेन्द्रप्रसाद साह भन्छन्, 'कम्युनिस्टलाई आउने भोट यसपालि माओवादीको भागमा बढी पर्‍यो । माओवादी नेतृत्वले संशोधन नगरे पनि मधेसलाई बिच्क्याउने बोली बोलेनन् ।'

**राजपाभन्दा फोरम बलियो**

चुनावको अगाडिसम्म मधेसमा राजपा नै बलियो शक्तिका रूपमा आउने अधिकांशले आकलन गरेका थिए । तर, प्रारम्भिक नतिजा आउनासाथ ती आकलनले मूर्त रूप लिएनन् । उपेन्द्र यादवको संघीय समाजवादी फोरम एक्लैले ६ दल मिलेर बनेको राजपाकै हाराहारीमा प्रारम्भिक नतिजा हासिल गरेको छ । सहरीभन्दा पनि मधेसका ग्रामीण इलाकामा फोरमको राम्रो मत आएको देखिएको छ । पर्साको विन्दवासिनी गाउँपालिकमा विजयी भएको छ भने कालिकामाई गाउँपालिकामा उपाध्यक्षमा फोरमका उम्मेदवारले जितेका छन् ।

पर्साकै अन्य तीन स्थानीय तहमा फोरमका उम्मेदवारले अग्रता कायम गरेका छन् । प्रदेश २ को एकमात्र महानगर वीरगन्जको जारी मतगणनामा पनि फोरमका उम्मेदवार विजय सरावगी शुक्रबार बेलुकासम्म दोस्रो स्थानमा छन् । महानगरमा स्तरोन्नति हुँदा गाभिएका गाविसहरूमा फोरमले राम्रो मत ल्याएर सहरी इलाकाको घाटा पूर्ति गरेको छ । 'राजपा बढी आन्दोलन केन्द्रित भयो,' राजनीतिक विश्लेषक डा. लाभ भन्छन्, 'फोरम भने आन्दोलनसँगै संगठन निर्माणमा पनि केन्द्रित रह्यो ।'

रणनीतिक हिसाबले 'साइलेन्ट्ली' जनताको बीचमा काम गरेको देखियो । राजपाको तुलनामा पार्टीको नेतृत्वमा पनि विवाद छैन । नेतृत्वले गरेको निर्णयमा पनि खासै विवाद बाहिर आउँदैन । 'एकल निर्णयमा त्यो सुविधा हुन्छ,' उनले भने, 'तर, ६ दल मिलेर बनेको राजपामा अध्यक्षमण्डलका ६ सदस्य छन् । अधिकांश निर्णयमा नेतृत्वको मत विभाजन हुने गरेको छ । तेस्रो चरणको स्थानीय तहमा पनि भाग लिने कि बहिष्कार गर्ने विषयमै विवादबीच एकाएक निर्वाचनमा भाग लिने निर्णय भएको थियो । पार्टीको राम्रो पकड मानिएको पश्चिम तराईमा दोस्रो चरणको निर्वाचनमा नेतृत्वले भाग नलिने निर्णय गरे पनि स्थानीय नेताहरूले स्वतन्त्र उम्मेदवारी दिएका थिए । 'स्थानीय तहमा आफ्नो प्रतिनिधि नहुँदा कार्यकर्ता जोगाइराख्न धेरै समस्या पर्छ,' रूपन्देहीका एक राजपा नेता भन्छन्, 'नेतृत्वको अदूरदर्शिताले अधिकांश स्थानीय तहमा हाम्रा स्थानीय नेतृत्वले उम्मेदवारी नै दिएनन्, यसको असर आगामी मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा पनि देखिनेछ ।' यता फोरम भने सांसदको वर्तमान अंकगणितले संविधान संशोधन नहुने देखेर निर्वाचनमा भाग लिने निर्णय गर्दै बुलेटको जवाफ ब्यालेटले दिने भन्दै मधेसका गाउँ-गाउँ चुनावी अभियान र पार्टी प्रवेश थाल्यो । ठूला दलबाट टिकट नपाउने तर स्थानीयस्तरमा बलिया नेताहरूलाई धमाधम पार्टी प्रवेश गराएर चुनावी परिणाममा सकारात्मक प्रभाव पार्न सफल भयो ।

# केन्द्र र प्रदेशसभामा बहुमत ल्याउँछौं : ओली

■ **दुर्गा खनाल**

काठमाडौं- प्रमुख प्रतिपक्षी एमालेका अध्यक्ष केपी ओलीले प्रदेश २ को स्थानीय तह चुनावमा सोचेजस्तो सफलता नपाए पनि मतका हिसाबले सन्तोषजनक अवस्था रहेको उल्लेख गर्दै मंसिरको चुनावमा ७ वटै प्रदेश र केन्द्रमा आफ्नो पार्टीले बहुमत ल्याउने दाबी गरेका छन् । झन्डै एक वर्षपछि बसेको केन्द्रीय समिति बैठकलाई शुक्रबार सम्बोधन गर्दै ओलीले अबको निर्वाचनबाट सातवटै प्रदेश र केन्द्रमा पनि एमाले नेतृत्वको सरकार बन्ने ठोकुवा गरे । स्थानीय चुनावको समग्र परिणाममा पार्टी पहिलो भएको उल्लेख गर्दै यही जनमतको आडमा मंसिरको चुनावमा सफलता हासिल गर्ने उनले उल्लेख गरे ।

'सत्ताको दुरुपयोग, षड्यन्त्रलगायत कारण प्रदेश २ को परिणाम यस्तो आए पनि समग्रमा एमालेको मत राम्रो छ, आउँदा चुनावमा हामी त्यहाँ जित्छौं,' ओलीले भने, 'राष्ट्रिय स्वाधीनताको पक्षमा हामीले लिएको अडान ठीक रहेछ भन्ने चुनावले पनि पुष्टि गरेको छ ।' स्थानीय चुनावको समग्र परिणामले पार्टीलाई उत्साहित बनाएको उल्लेख गर्दै ओलीले आम घेराबन्दीको बीचमा आएको परिणाम राम्रो भएको उल्लेख गरे । उनले नवौं महाधिवेशनले पास गरेको नीति र सिद्धान्तकै जगमा पार्टीले काम गरिरहेको र त्यहीअनुसारको चुनावी परिणाम हासिल गरेको बताए ।

बैठकलाई अध्यक्ष ओलीले सम्बोधन गरेपछि सचिव प्रदीप ज्ञवालीले अध्यक्षको प्रतिवेदन पढेका थिए । नेता माधव नेपालले भने पार्टी सञ्चालन गर्ने शैलीदेखि माओवादीसँगको गठबन्धन तोडेकासम्म विषयहरू ल्याएर अध्यक्ष ओलीको आलोचना गरे । उनले माओवादीसँगको सत्ता गठबन्धन तोड्नु एमालेको गल्ती भएको उल्लेख गरे । 'माओवादीसँग सत्ता गठबन्धन तोड्नु गलत थियो, हाम्रो कारणले गठबन्धन तोडिएको थियो, यसमा गल्ती महसुस गर्नुपर्छ,' उनले भने । त्यसबेला माओवादीसँग भएका वार्ताका प्रसंगसमेत उठाउँदै नेपालले गठबन्धन कायम रहेको भए स्थानीय चुनावमा प्रदेश २ लगायत अन्य क्षेत्रमा समेत अहिलेको भन्दा धेरै सिट बढी जित्न सकिने अवस्था हुने दाबी गरे । सरकारले नीति तथा कार्यक्रम पेस गरेपछि माओवादीलाई नेतृत्व हस्तान्तरण गर्ने सहमति भएको दाबी गर्दै नेता नेपालले 'त्यस्तो सहमति भएकै छैन भन्ने दम्भ' प्रदर्शन गरेर ओलीले गल्ती गरेको बताए । झलनाथ खनाल, वामदेव गौतम र आफूसहितको उपस्थितिमा भएको त्यो सहमति तोडिएको उनले उल्लेख गरे ।

महाधिवेशनदेखि नै पार्टी राम्ररी चल्न नसकेको भन्दै नेपालले आलोचना गरे । झन्डै एक वर्षपछि मात्रै केन्द्रीय समिति बैठक बसेको प्रसंगसमेत उल्लेख गर्दै उनले पार्टी एउटा कोटरी र गुटबाट मात्र सञ्चालन भइरहेको जस्तो देखिएको आरोप लगाए । विधिविधान पालनाभन्दा पनि गुटका आधारमा चल्ने परिपाटी जारी रहेको भन्दै नेता नेपालले आक्रोश व्यक्त गरे । प्रदेश २ लगायत स्थानीय तहका सबै चुनावको टिकट वितरणमा गुट हाबी भएको नेपालको भनाइ थियो । त्यही गुटले जथाभावी गर्दा प्रदेश २ को परिणामसमेत कमजोर भएको नेपालले बताए । उनले पटक-पटक भएका गलत निर्णय सच्याउने तत्परता नेतृत्वमा नभएको उल्लेख गर्दै समग्र विषयमा बैठकले समीक्षा गर्नुपर्ने प्रस्ताव राखे । कमीकमजोरीलाई सच्याएर अघि बढ्दा पार्टीको अवस्था राम्रो हुने, तर यही शैली दोहोरिए समस्या बढ्ने नेपालको भनाइ थियो । नेपालबाहेक शुक्रबारको बैठकमा अन्य कोही बोलेनन् ।

अध्यक्ष ओलीको प्रतिवेदनमाथि मात्र समूहगत छलफल गर्ने गरी समूह विभाजन गरिएको छ । ओलीले स्थानीय तहको चुनावको समीक्षा, राजनीतिक परिस्थिति र आगामी कार्यभार समेटिएको झन्डै २३ पृष्ठ लामो प्रतिवेदन केन्द्रीय समितिमा छलफलका लागि पेस गरेका छन् । 'नवौं महाधिवेशनले पहिलो हैसियतमा पुर्‍याउने भन्ने लक्ष्य लिएको थियो, स्थानीय चुनावले त्यो बाटो तय गरेको छ, अब समग्र परिणाम त्यसरी नै ल्याउने गरी अघि बढ्नुपर्छ भन्ने प्रतिवेदनको मूल आशय छ,' बैठकपछि केन्द्रीय सदस्य एवं प्रचार विभाग उपप्रमुख सूर्य थापाले भने । ओलीको प्रतिवेदनमा निर्वाचन केन्द्रित कार्यक्रम अघि बढाउने, प्रदेश र प्रतिनिधिसभाको चुनावका लागि उम्मेदवार छनोटका लागि मापदण्ड बनाउनेलगायत विषय समेटिएका छन् । प्रतिवेदनमा छलफल गर्न सातवटा प्रदेश र मार्चा संगठनका गरी ८ वटा समूह बनाइएको छ । ती समूहले शनिबार १ बजेसम्म छलफल गरी त्यसपछि बस्ने बैठकमा आफ्ना सुझाव पेस गर्नेछन् ।



'आम घेराबन्दीका बीच प्रदेश २ मा एमालेले ल्याएको परिणाम राम्रै हो'

# ओपीडी बन्द, बिरामी अलपत्र

■ फातिमा बानु, काठमाडौं

महाराजगन्जस्थित कान्ति बाल अस्पतालमा शुक्रबार दिउँसो बिरामी पक्ष र अस्पताल कर्मचारीबीच निकैबेर भनाभन भयो । उपचारका लागि बिहानैदेखि टिकट काटेर बसेका बिरामीले डाक्टर भेट्न नपाएपछि कर्मचारीमाथि हातपात नै गरे ।

उपचार क्रममा बिरामीको मृत्यु भएमा त्यसको क्षतिपूर्ति संलग्न चिकित्सक स्वयंले बेहोर्नुपर्ने निर्णय सरकारले गरेको विरोधमा चिकित्सकहरूले सरकारी अस्पतालको ओपीडी ठप्प पारेपछि शुक्रबार राजधानीका सबै अस्पतालमा बिरामी अलपत्र परे । दिनैभरिजसो अस्पतालको वातावरण तनावग्रस्त बन्यो ।

केही अस्पतालमा बिरामी पक्ष र कर्मचारीबीच झगडा भयो भने टाढाबाट शल्यक्रिया गर्न आएका बिरामीसमेत फर्किनुपरेपछि उनीहरू आक्रोशमा आए । अस्पताल, नर्सिङहोम, क्लिनिक सबै बन्द हुँदा बिरामी अत्यावश्यक उपचार सेवा पाउनबाट समेत वञ्चित भए । कान्ति बाल अस्पतालमा डाक्टर र प्रशासनले टिकट काउन्टरमा सूचनै नदिई बिरामी जाँच्न नमानेको काउन्टरकी एक कर्मचारीले बताइन् । 'खबर नभएकाले हामीले बिरामीलाई टिकट दियौं, ओपीडीमा डाक्टरै नआएपछि उनीहरूले हामीमाथि रिस पोखे, टिकट च्यातेर काउन्टरमै फालिदिए,' उनले भनिन् ।

कान्तिमा दैनिक पाँच सयको हाराहारीमा बिरामी आउने गरेको अस्पताल प्रशासनको तथ्यांक छ । अस्पताल प्रशासन प्रमुख टीकाराम ढकालले पनि डाक्टरहरू खबरै नगरी काममा नआएको बताए । 'डाक्टरहरूको पेसागत आन्दोलन हो, यसमा हामी डाक्टर पक्ष हुने कि बिरामी पक्ष ?' उनले भने, 'हाम्रो कर्मचारीमाथि पो कुटपिट भो, बिरामी पक्षले आन्दोलन गरेर अस्पताल तनावग्रस्त बनाए ।' बिरामी पक्षको आन्दोलन चर्किएपछि तीन सय बिरामीलाई आकस्मिक कक्षबाट सेवा दिनुपरेको प्रमुख ढकालले बताए ।

सधैंजसो बिरामीले भरिएको देखिने त्रिवि शिक्षण अस्पताल (टिचिङ) परिसर शुक्रबार दिउँसो भने सुनसान थियो । ओपीडीमा नयाँ र फलोअपका लागि आएका बिरामी उपचारै नलिई फर्किए । इमर्जेन्सीबाहेक सबै बिरामीलाई फर्काएको अस्पतालका प्रसाशन प्रमुख कृष्णदेव पन्तले बताए । जनकपुरबाट श्रीमान्को मिर्गौलाको डायलासिस गराउन आएकी इन्दिरादेवी टिचिङ अस्पतालमा अलपत्र परिन् । बिरामी श्रीमान्लाई अस्पताल परिसरमै सुताएर उनी ओपीडी खुल्ने प्रतीक्षामा बसिरहेकी थिइन् । 'समयमा डायलासिस भएन भने ज्यान पनि जान सक्छ भनेर डाक्टर नै भन्थे, उनीहरूले नै अस्पताल बन्द गरेको रे,' उनले भनिन् ।

**'डाक्टरहरूको पेसागत आन्दोलनमा हामी डाक्टर पक्ष हुने कि बिरामी पक्ष ?'**

राजधानीका मुख्य अस्पतालहरू वीर, प्रसूति, त्रिवि, कान्तिमा दिनैभर ओपीडी खुलेन । कतिपय बिरामीले महँगो शुल्क तिरेर आकस्मिक कक्षमा उपचार गर्नुपरेको सुनाए । थापाथलीस्थित प्रसूतिगृहमा दैनिक एक सय हाराहारी बिरामी आउँछन् ।

शुक्रबार भने ओपीडीमा उपचारका लागि आएका सबै बिरामी फर्काएको अस्पताल प्रशासन प्रमुख रानु थापाले बताइन् । 'डाक्टर सबै आए, ओपीडी छिर्न मानेनन्, सबै बिरामी फर्काउनुपर्दा दुःख लाग्यो,' प्रमुख थापाले भनिन् ।

वीर अस्पताल र ट्रमा सेन्टरमा पनि बिरामी दिनैभर उत्तिकै अलपत्र भएर बसे । ज्वरोले थलिएकी डिल्लीबजारकी नीलम ठाकुर दिनैभर अस्पताल परिसरमा सिटामोल खाएर बसिन् । 'आन्दोलन भन्ने थाहै थिएन, पाटन र टिचिङबाट पनि फर्किएर आएँ,' उनले भनिन् । चिकित्सकको हितका लागि बिरामी अलपत्र पार्न बाध्य भएको अस्पतालका निर्देशक भूपेन्द्र बस्नेतले बताए । असोज २ गते मन्त्रिपरिषद्ले उपचार क्रममा बिरामीको मृत्यु भएमा चिकित्सक स्वयंले मृतकका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने गरी कानुन बनाउने निर्णय गरेको विरोधमा चिकित्सकहरू अनिश्चितकालीन आन्दोलनमा उत्रिएका छन् ।

निर्णय नसच्याएसम्म आन्दोलन जारी राख्ने उनीहरूको अडान छ । स्वास्थ्य मन्त्रालयले भने चिकित्सकहरूलाई अस्पतालका ओपीडी बन्द नगर्न आग्रह गरेको छ । चिकित्सक र मन्त्रलायबीच छलफल भइरहेको मन्त्रालयका प्रवक्ता हरिदास शर्माले बताए ।

# ६ लेनमा बत्ती जडान अलपत्र



भक्तपुर (कास)- सूर्यविनायक-तीनकुने ६ लेन सडक खण्डमा सडक बत्ती जडान कार्य अलपत्र परेको छ । सन् २०११ मा जापान सरकारको सहयोगमा निर्माण भएको सूर्यविनायक-तीनकुने ६ लेन सडक खण्डको करिब ९ दशमलव १ किलोमिटर सडकमा बत्ती जडानको जिम्मा सडक विभागले लिएको थियो । तर, हालसम्म सडक बत्ती जडान कार्य सम्पन्न हुन सकेको छैन ।

जापान सरकारले सडक निर्माण सम्पन्न गरी हस्तान्तरण गरेको करिब ६ वर्ष बितिसक्दा समेत विभागले जिम्मा लिएको काम सम्पन्न गर्न नसक्नु दुर्भाग्य भएको स्थानीय दिनेश कार्की बताउँछन् । 'अरनिको राजमार्गको मुख्य सडक सूर्यविनायक-तीनकुने ६ लेन सडकमा सडक बत्ती नहुँदा दुर्घटना हुने क्रम बढ्दो छ,' उनले भने ।

आर्थिक अभावका कारण सडक बत्ती जडानमा ढिलाइ भएको ६ लेन सडकको जिम्मा पाएको सडक विभाग मातहतको सूर्यविनायक-धुलिखेल-सिन्धुली-बर्दिबास सडक योजनाले जनाएको छ । 'प्रत्येक वर्ष टुक्रे बजेट विनियोजन हुने गरेको छ,' योजनाका इन्जिनियर पवन भट्टराईले भने, 'पर्याप्त बजेट अभावका कारण तीनकुने-सूर्यविनायक सडक खण्डमा सडक बत्ती जडान कार्यमा ढिलाइ भएको हो ।' चालु आर्थिक वर्षमा नयाँथिमि-सिर्जनानगर सडकमा बत्ती जडान कार्य भइरहेको उनले बताए । चालु आर्थिक वर्षमा साढे २ करोड बजेट विनियोजन भएको र उक्त बजेटबाट नयाँथिमि(सिर्जनानगर सडकमा ५९ वटा बत्ती जडान गर्ने कार्य भइरहेको उनले बताए । अघिल्लो वर्ष लोकन्थली, कौशलटार, गट्ठाघर हुँदै नयाँथिमिसम्म बत्ती जडानका लागि खम्बा ठड्याउने कार्य भएको थियो तर बत्ती भने बल्न पाएको छैन ।

अर्को आर्थिक वर्षमा पुरै सडकमा बत्ती जडान गर्ने गरी कार्य थालनी गरेको योजनाले जनाएको छ । सूर्यविनायकदेखि तीनकुनेसम्म ३० मिटरको फरकमा करिब ३ सय बत्ती जडान गर्नुपर्ने र त्यसका लागि करिब ९ करोड खर्च लाग्ने अनुमानित प्रस्ताव सरकारलाई पेस गरेको र समयमा पर्याप्त बजेट नआउँदा सडक बत्ती जडान कार्यमा ढिलाइ भएको योजना प्रमुख राकेश महर्जनले बताए । जापानले ४ लेन सडक निर्माण गरी सडकको दायाँबायाँको करिब १८ किलोमिटर सर्भिस ट्र्याक, आकासेपुल, सडक बत्ती जडान, सडक किनाराको रेलिङ, सडक मार्किङलगायत कार्य नेपाललाई जिम्मा लिएको थियो । नेपालले जिम्मा लिएको सर्भिस ट्र्याकको कार्य सम्पन्न नहुँदै कतिपय स्थानमा भत्किसकेका छन् भने सडक दुर्घटनाका कारण भत्किएको रेलिङ मर्मत हुन सकेको छैन ।



दसैं चहलपहल | राजधानीमा शुक्रबार देखिएको सवारीसाधनको चाप । दसैंको किनमेलसँगै सवारीसाधनको चाप र जाम पनि बढेको छ ।

तस्बिर : सुरविन्द्रकुमार पुन/कान्तिपुर

# खोकनामा सिकाली जात्रा

■ प्रशान्त माली

ललितपुर- ललितपुरको खोकनामा दसैंको कुनै रौनक छैन । यहाँ दसैंको सट्टा स्थानीय सिकाली जात्रा मनाउन सबै व्यस्त छन् । खोकनामा विधिवत् रूपमा शनिबारबाट जात्रा सुरु हुँदै छ । जात्रा सप्तमीसम्म चल्छ ।

दसैंमा खोकनावासीले जमरा राख्दैनन्, टीका पनि लगाउँदैनन् । खोकनाका स्थानीय नेवारलाई अहिले दसैं होइन, सिकाली (सिद्धिकाली) जात्राको चटारो छ । यहाँ सिकाली जात्रालाई मुख्य पर्वका रूपमा मनाउने गरिन्छ । स्थानीय रुद्रायणी गुठीका बैदार बेखनर महर्जनका अनुसार खोकनामा मुख्य तगु, सलागु र जगु गरी तीनवटा गुठी छन् । दसैं तृतीयाको दिन शनिबार तगु र सला गुठीका ४/४ जना कुमार केटा नुहाएर चोखो लुगा लगाई उपवास बस्छन् । आआफ्ना गुठीका मुख्य थकालीबाट पूजा सामग्री लिई बस्तीभन्दा पर सिकाली चौरस्थित सिकाली देवीलाई विधिपूर्वक नृत्य र गोप्य पूजा गर्छन् र जात्रा सुरु हुन्छ । बैदार महर्जनले भने, 'गुठीको गोप्य पूजा भएकाले सिकाली चौरमा अन्य मानिस, चराचुरुंगी र जीवजन्तु कोही बस्न दिँदैन ।' महर्जनका अनुसार खोकनावासीले दसैंका रूपमा जनैपूर्णिमा धःज्याका दिनमा मनाउने गरेका छन् । त्यस दिन बिहान टोल, चोक र आँगन सफा राखी नुहाइधुवाइ गरी चोखो भई क्रमशः कुमार, गणेश, रुद्रायणी र श्रीखण्ड भगवान् मन्दिरमा गई पूजा गरिन्छ । 'त्यसपछि रुद्रायणी देवतालाई मन्दिरबाहिर ल्याई हाँस र बोका बलि चढाई चौरमा लगिन्छ र बेलुका विश्वकर्मा पूजा गरिन्छ,' उनले भने ।

**खोकनाका स्थानीय नेवारलाई अहिले दसैं होइन, सिकाली जात्राको चटारो छ**

शनिबार तीनै गुठीबाट एक/एकवटा राँगा ढोकासी चो फल्चा अगाडि बलि दिई बेलुका सिकाली देवीलाई प्रसाद चढाउने गरिन्छ । अन्त्यमा गुठियारहरू बसी प्रसाद खाई गुठीमा 'छोएला बु' मनाउँछन् । सोही राति तीनै गुठीमा तान्त्रिक विधिअनुसार वीरभद्र महाकाली स्थापना गरी भैरव जगाउने चलन छ । भैरव जगाउँदा बाजा अटुट रूपमा बजाउनुपर्ने रुद्रायणी गुठीका गुठीयारहरू बताउँछन् । पञ्चमीका दिन आआफ्नो गुठीमा भैरव प्रतिस्थापना गरी प्रत्येक गुठीमा क्वाः (घ्याम्पो) द्यः नवदुर्गाका रूपमा तयार गरिन्छ । त्यसपछि राति तीनै गुठीका नवदुर्गा देवता तल्लो लाछीमा ल्याई एकै ठाउँमा राखिन्छ ।

षष्ठीको दिन बिहान ४६ जना देवगणसहित चौरमा हुने अश्वमेघ यज्ञमा सहभागी हुन प्रस्थान हुन्छन् । यज्ञमा सेती देवी होमिदा वीरभद्र र महाकाली जागी यज्ञ विध्वंस र सबै देवीदेवतालाई वीरभद्र महाकालीले लखेट्ने दृश्य देख्न सकिनेछ । सोही साँझ ४६ जना देवगण र वीरभद्र, महाकाल, भैरव र देवताको खट देश याः (नगर परिक्रमा) गराउने गर्छन् ।

सप्तमीका दिन तल्लो लाछीस्थित मुख्य डबलीमा नाच देखाउने प्रचलन छ । उक्त नाचलाई महालक्ष्मीले महिषासुरलाई बध गरी खुसियाली मनाएको नाच (लसता प्याख) का रूपमा लिइन्छ जुन जात्रालाई मुख्य रौनकका रूपमा लिइन्छ । यसरी औपचारिक रूपमा जात्रा सकिन्छ । अष्टमी, नवमी र विजयादशमीदेखि पूर्णिमासम्म खोकनामा अरू रौनक हुँदैन ।

# प्रहरी-गुन्डा गोली हानाहान

काठमाडौं (कास)- पुरानो सिनामंगलस्थित पेप्सीकोलाको मनोहराको पुल नजिक प्रहरी र गुन्डाको समूहबीच शुक्रबार गोली हानाहान भएको छ । गोली हानाहान हुँदा प्रहरीको गोली लागी रामेश्वर गौतम घाइते भएका छन् ।

हतियारसहित गुन्डा भेला भएको सूचना पाएर उक्त स्थानमा पुगेको महानगरीय प्रहरी अपराध महाशाखाको टोलीमाथि तीन/चार जनाको समूहमा रहेका गुन्डाले अकस्मात् दुई राउन्ड गोली चलाएपछि प्रहरी टोलीले पनि जवाफी कारबाहीमा गोली चलाएको महाशाखाका प्रमुख एसएसपी दिवेश लोहनीले जानकारी दिए ।

एसएसपी लोहनीका अनुसार घुँडामुनि गोली लागी घाइते भएका गौतम चक्रेमिलन समूहका हुन् ।

## छोटकरी

### नाग प्रतिस्थापन गरियो

ललितपुर (कास)- गोदावरी नगरपालिका-१२ ठेचोस्थित सिद्धि गणेश मन्दिरमा शुक्रबार ३ फिट अग्लो नाग प्रतिस्थापन गरिएको छ । मन्दिरको पाँचौं वार्षिक उत्सवको अवसरमा भक्तजनबाट प्राप्त सहयोगबाट नाग राखिएको मन्दिर व्यवस्थापन संयोजक चिरीबाबु महर्जनले बताए । चापागाउँमा निर्मित पित्तलको नाग सांस्कृतिक बाजागाजासहित ठेचो पुऱ्याइएको थियो ।

### सुकुम्बासीलाई सारिने

काठमाडौं (कास)- सहरी विकासमन्त्री प्रभु साहले गरिबी निवारण तथा सहकारी मन्त्रालयसँग सहकार्य गरेर वाग्मती नदी किनार अतिक्रमण गरी बसेका सुकुम्बासीलाई आवासको व्यवस्था गरिने बताएका छन् । नदी किनार अतिक्रमण र अस्तव्यस्त भएको भन्दै उनले इचंगुनारायणमा निर्माण गरिएका आवासीय भवनमा एक महिनाभित्र उनीहरूका लागि बसोबासको व्यवस्था मिलाइने उल्लेख गरे । सरकारले तीन वर्ष पहिले इचंगुनारायणमा ७ रोपनी ७ आना १ पैसा १ दाम क्षेत्रफलमा २ वटा सामुदायिक भवन निर्माण गरेको थियो । ती भवन ५ तलासम्मका छन् । २ सय ३० भवन र २ सामुदायिक भवन निर्माण गर्ने सम्झौता भएबमोजिम हालसम्म २ सय २४ परिवारका लागि आवास निर्माण भएका छन् ।

### नयाँ दर्ता र रिट्रायल बन्द

ललितपुर (कास)- यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कार्यालय वाग्मती एकान्तकुनाले शुक्रबारबाट नयाँ दर्ता र रिट्रायल सेवा बन्द गरेको छ । कार्यालयका सूचना अधिकारी ईश्वरराज रेग्मीले अन्य सेवा भने सुचारु रहने बताए । 'अब नयाँ दर्ता र रिट्रायल असोज २२ बाट सुचारु हुनेछ,' उनले भने ।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | भाग्य वृद्धि |
| वृष | शत्रु वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७४ साल असोज ८ गते आइतबार तद्नुरुप २४ सेप्टेम्बर २०१७ अश्विन शुक्लपक्ष चतुर्थी तिथी दिनको ११:५४ बजेसम्म उप्रान्त पञ्चमी तिथी, विशाखा नक्षत्र प्रात ४:४८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, वैधृतियोग प्रात ९:२८ बजेसम्म उप्रान्त बिष्कुम्भ योग, बबकरण रात्रिको १२:३७ बजेसम्म उप्रान्त बालबकरण, तुला राशिमा चन्द्रमा रात्रिको १०:१७ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर/अमृत वाणी |
| ६:०० | जीवन विज्ञान/ज्योतिष मन्थन |
| ६:४० | स्काइ सप |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्यूज |
| ८:३० | राइज एण्ड साइन |
| ९:०० | हेडलाइन न्यूज |
| ९:०५ | मार्गदर्शन |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | एमएनएस |
| ११:०० | हेडलाइन न्यूज |
| ११:०५ | समाकन २ |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार |
| १:०० | हेडलाइन न्यूज |
| १:०५ | डिठ्ठासाब |
| १:३० | किलो टेंगो माइक |
| २:०० | मुभी |
| ५:०० | हेडलाइन न्यूज |
| ५:०५ | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | म्युजिक समिट |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | इन्फो प्लस |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | डिठ्ठासाब |
| ९:३० | परिवर्तन |
| १०:३० | कान्तिपुर न्यूज |
| ११:०० | कान्तिपुर समाचार |
| ११:३० | इन्फो प्लस |
| १२:०० | कल कान्तिपुर |
| १:०० | कान्तिपुर न्यूज |
| १:३० | डिठ्ठा साब |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | म्युजिक समिट |
| ३:०० | कान्तिपुर समाचार |
| ३:३० | परिवर्तन |
| ४:३० | डिठ्ठा साब |

## रेडियो कान्तिपुर ९६.१

Radio Kantipur

हरेक दिन २४ सै घन्टा हरपलको साथी

| | |
|---|---|
| ००:०१ | ननस्टप नेपाली आधुनिक सङ्स |
| ०१:०२ | ननस्टप नेपाली पप सङ्स |
| ०२:०४ | ननस्टप हिन्दी सङ्स |
| ०४:०५ | ननस्टप भजन |
| ६:२५ | भक्ति अनुष्ठान (अच्युत) |
| | मानव धर्म सन्देश (६:१०-६:२५) |
| ०६:५५ | कान्तिपुर डायरी |
| ०७:३० | विज्ञान प्रविधि नास्ट (७ एएम-७:३० एएम) |
| ८:०० | मानवताका लागि हातेमालो (रस्मिला) |
| ९:०० | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ९:१० | कान्तिपुर डायरी |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) |
| १०:०० | घुम्ने मेच (दिनेश डिसी) |
| ११:०० | गेम्स पिपुल्स प्ले (प्रियंका) |
| १२:०० | हिट लिस्ट (रेमन) |
| १२:१० | कान्तिपुर डायरी |
| १३:०० | सेलिब्रेटी हावर (रस्मिला) |
| १५:०० | टप टेन (चाँदनी) |
| १५:१५ | कान्तिपुर डायरी |
| १६:०० | द गेम शो (प्रियंका) |
| १७:०० | क्विक फिक्स (एलिसा/स्मिता) |
| १८:०० | म्युजिक लङ्ग (राजेश पाण्डे) |
| १८:३० | बाच्छिन् आमा |
| १९:०० | कान्तिपुर डायरी |
| २०:०० | नेप हप (गिरिश) |
| २१:०० | अभिमत द भर्डिक्ट (भूपेन्द्र) |
| २१:३० | कान्तिपुर डायरी |
| २२:०० | २१.३०-२३०० रमपम हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | रक मेसिन (रेमन) |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२११९८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि., सामाखुशी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४१९८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२००६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४, ४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| स्टार अस्पताल,सानेपा | ५५५०१९७, ५५५०१९८, ५५५२२२७ |
| अल्का अस्पताल, जावलाखेल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००, ५६३११८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६, ४४१९६७२ |
| स्पाइनल इन्जरी पुनस्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१११३४, ४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल, बसुन्धारा | ४३८७००४, ४३८७००६ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५, ४४२६१८४ |
| एभरेष्ट हस्पिटल, नयाँबानेश्वर | ४७८१२०४, ४७८३०२४ |
| काठमाडौ नाक कान घाँटी अस्पताल | ४२४५५५४, ४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल, धापासी | ५१५९२६५, ५१५९२६६ |
| ग्रिन सिटी हस्पिटल, धापासी | ४३५२२४८, ४३५७४५२ |
| शुभेक्षा इन्तरनेशनल हस्पिटल | ४२८९५३४, ४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५११०, ४३८५१११ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# गाउँनगरमा नयाँ नेतृत्व

**कान्तिपुर टिम**

महोत्तरीका १५ स्थानीय तहमध्ये थप ११ स्थानको परिणाम आएको छ । शुक्रबार घोषित परिणाममध्ये राजपाले ४, कांग्रेसले ३, माओवादी केन्द्रले ३ र संघीय समाजवादी फोरमले १ स्थानमा विजय पाएका छन् ।

मटिहानी नगरमा राजपाका हरिप्रसाद मण्डलले जितेका छन् । उनले ३४०४ मत प्राप्त गरे । निकटतम प्रतिद्वन्द्वी एमालेका मुजिम राइनले १५९७ मत ल्याए । उपप्रमुखमा राजपाकै शिवोदेवी साह विजयी भइन् ।

रामगोपालपुर नगरपालिकामा माओवादी केन्द्रका अशोककुमार मण्डल विजयी भए । उनले २९४४ मत पाए । प्रतिद्वन्द्वी कांग्रेसका राजाराम यादवले २७५८ मत पाए । उपप्रमुखमा माओवादीकै सीतादेवी साह २८९१ मत ल्याएर जितिन् । एकडारा गाउँपालिकामा राजपाका रामछविला साह २३१८ मत ल्याएर प्रमुख चुनिए । प्रतिद्वन्द्वी संघीय समाजवादी फोरमका दीपनारायण मण्डलले १९३८ मत पाए । उपप्रमुखमा राजपाकै मजहबी खातुन २२५५ ल्याएर विजयी भइन् । भंगाहा सीतापुर नगरपालिकामा राजपाकै सञ्जीवकुमार साह ४४७८ मत ल्याएर विजयी बने । प्रतिद्वन्द्वी माओवादीका राजनारायण थारुले ३०६६ मत पाए । राजपाकै गंगाकुमारीसिंह दनुवार ४३९६ मत ल्याएर उपप्रमुख चुनिइन् ।

बलवा नगरपालिकामा ३६१६ मत प्राप्त गरी कांग्रेसका विनोदकुमार यादव प्रमुख बने । निकटतम प्रतिद्वन्द्वी रामविजय महतोले ३ हजार ४९६ मत पाए । उपप्रमुखमा भने राजपाकी रीतादेवी झा ३८३६ मत ल्याई विजयी भइन् । राजपा अध्यक्ष मण्डलका नेता शरतसिंह भण्डारीको गृहनगर औरही नगरपालिकामा कांग्रेसका सुनीलकुमार यादवले प्रमुख जितेका छन् । उनले ३१५९ मत पाए । निकटतम प्रतिद्वन्द्वी राजपाका शंकर यादवले २७११ मत ल्याए । उपप्रमुखमा भने राजपाकी रेणु झा विजयी बनिन् । उनले ३२५५ मत प्राप्त गरिन् ।

लोहरपट्टी नगरमा पनि कांग्रेसका शैलेन्द्रकुमार यादव विजयी बने । उनले ४५२३ मत पाए । निकटतम प्रतिद्वन्द्वी राजपाका हविव राइनले २९१९ मत ल्याए । उपप्रमुखमा कांग्रेसकै सरिता शर्मा ४५९२ ल्याई विजयी भइन् ।

गौशाला नपा र समसी गापा माओवादी केन्द्रले जितेको छ । गौशालाको प्रमुखमा शिवनाथ महतोले ५९४४ ल्याई बाजी मारे । निकटतम प्रतिद्वन्द्वी संघीय समादवादी फोरमकी रामकुमारी देवीले ५००० मत ल्याईन । उपप्रमुखमा माओवादी केन्द्रकै आशा लामाले जितिन् । उनले ५९४० मत पाइन् ।

समसीमा २३३८ मत मत प्राप्त गरी माओवादी केन्द्रका शेख फारुकले प्रमुख पद जितेका छन् । निकटतम प्रतिद्वन्द्वी संघीय समाजवादी फोरमका रामनाथ यादवले २२४४ मत प्राप्त गरे । उपप्रमुखमा माओवादी केन्द्रकै सुनितादेवी यादवले जितिन् । उनले २२३४ मत प्राप्त गरिन ।

सोनमा गाउँपालिकाको प्रमुखमा संघीय समाजवादी फोरमका राजकुमार यादव विजयी बने । उनले ४१३२ मत प्राप्त गरे । निकटतम प्रतिद्वन्द्वी कांग्रेसका नवल यादवले २४०१ मत ल्याए । उपप्रमुखमा पनि संघीय समाजवादी फोरमकै जीवादेवी साह विजयी बनिन् । उनले ३४६९ मत प्राप्त गरिन् ।



**सप्तरीको डाकनेश्वरी नगरपालिकाको मेयर र उपमेयरमा निर्वाचित शिवनारायण साह र इन्दुदेवी यादव विजयी जुलुसमा ।** *तस्बिर : कान्तिपुर*

**७ स्थानको गणना सम्पन्न**

सप्तरीमा शुक्रबार साँझसम्म ७ स्थानको गणना सकिएको छ । जिल्लामा ९ नगरपालिका र ९ गाउँपालिका छन् । तीनवटामा कांग्रेसले प्रमुख र उपप्रमुख जितेको छ । २ स्थानमा राष्ट्रिय जनता पार्टी वजयी बनेको छ । संघीय समाजवादी फोरम र एमालेले एक-एक स्थान जितेका छन् । कांग्रेसले अग्निसाइर कृष्णा सवरण, बेल्ही चपेना र विष्णुपुर गाउँपालिकाको नेतृत्व पक्का गरेको हो । राजपाले डाक्नेश्वरी नगरपालिका र रूपनी गाउँपालिका, फोरमले तिरहुत गाउँपालिका तथा एमालेले सप्तकोसी नगरपालिकामा जित हासिल गरेका हुन् ।

अग्निसाइर कृष्णा सवरण गाउँपालिका कांग्रेसका परशुराम चौधरी ३ हजार ३ सय ९५ मत ल्याई अध्यक्ष चुनिए । निकटतम प्रतिद्वन्द्वी एमालेका बद्रीनारायण चौधरीले १ हजार ४ सय ५३ मत पाए । उपाध्यक्षमा कांग्रेसकी मीनादेवी चौधरी २ हजार ९ सय ४८ मत ल्याई विजयी भइन् । तिरहुत गाउँपालिकाको अध्यक्षमा संघीय समाजवादी फोरम नेपालका हेमन्तकुमार (मनोज) बहरखेर २ हजार ९ सय ४२ मत ल्याई विजयी भए । निकटतम प्रतिद्वन्द्वी राजपा नेपालका विजयकुमार यादवले २ हजार १ सय ४ मत पाए । उपाध्यक्षमा संघीय समाजवादीकै तीर्थमाया मण्डल (२७४०) चुनिइन् ।

रूपनी गाउँपालिका अध्यक्षमा राजपा नेपालका हरेराम यादव विजयी भए । उनले ४ हजार ६८ मत ल्याएका छन् । निकटतम प्रतिद्वन्द्वी कांग्रेसका रामनारायण इसरले २ हजार ९ सय ७१ मत मात्र पाए । उपाध्यक्षमा पनि राजपाकै बेचनीदेवी सरदार विजयी भएकी छन् । उनले ३ हजार ९ सय ३६ मत पाइन् । परिणाम सार्वजनिक हुन बाँकीमध्ये कांग्रेसले ३, संघीय समाजवादीले ३, राजपा र एमाले २-२ तथा नयाँ शक्तिले १ स्थानमा अग्रता कायम गरिरहेका छन् ।

**माओवादी अघि**

सिरहामा माओवादी केन्द्रले तीन नगर र दुई गाउँपालिकामा जित हात पारिसकेको छ । १७ स्थानीय तहमध्ये कर्जन्हा, मिर्चैया र धनगढीमाई नगरपालिका तथा अर्नामा र औरही गाउँपालिकाको नेतृत्व माओवादीले लिएको हो । एमालेले सुखिपुर नगरपालिकासहित नरहा र सखुवानान्कारकट्टी गरी तीन तहमा जितेको छ ।

संविधानसभा निर्वाचनमा चार क्षेत्र जितेको कांग्रेस कल्याणपुर नगरपालिका र नवराजपुर गाउँपालिका गरी दुई स्थानमा मात्र सीमित छ । संघीय समाजवादी फोरमले पनि विष्णुपुर र भगवानपुर गरी दुई स्थानमा जितेको छ ।

मिर्चैया नगरपालिकामा माओवादीका श्रवण यादव ४ हजार ७ सय ३६ मत ल्याई मेयर चुनिए । उनका प्रतिस्पर्धी कांग्रेसका सीताराम यादवले ३ हजार ३ सय १७ मत मात्र ल्याए । उपमेयरमा माओवादीकै जीवछीदेवीले ४ हजार ९ सय ३९ मत पाइन् । धनगढीमाई नगरपालिका मेयरमा माओवादीका हरिनायारण चौधरी ५ हजार ६ सय ८३ मत ल्याई विजयी भए । निकटतम प्रतिद्वन्द्वी एमालेका शिवशंकर महतोले ४ हजार ४ सय २९ मत पाए । उपमेयरमा माओवादीकै फूलकुमारी श्रेष्ठ ५ हजार ६ सय १३ मत ल्याई विजयी भइन् ।

कल्याणपुर नगरपालिका मेयरमा कांग्रेसका सूर्यनाथ मण्डलल ४ हजार ८ सय ४ र उपमेयरमा रोहिणीकुमारी यादव ४ हजार ६ सय ६४ मतसाथ विजयी भए । मेयरका निकटतम प्रतिद्वद्वी राजपाका रामबाबु यादवले ४ हजार ५ सय ९७ मात्र ल्याउन सके । सखुवानान्कारकट्टी गाउँपालिका प्रमुखमा एमालेका केदारनाथ यादव ३ हजार १ सय ५५ र उपप्रमुखमा अमलादेवी यादव २ हजार ९ सय ३७ मतसाथ विजयी भए ।

मेयरका निकटतम प्रतिद्वन्द्वी संघीय समाजवादीका रामनारायण यादवले २ हजार २ सय ६७ मत मात्र ल्याए । सुखीपुर नगरपालिका मेयरमा एमालेका रामऔतार यादव ६ हजार १ सय ११ र उपमेयरमा रेणुदेवी साह ६ हजार ८६ मतले विजयी भए । मेयरका निकटतम प्रतिद्वन्द्वी संघीय समाजवादी फोरमका लक्ष्मण चौधरीले ४ हजार १ सय ८६ मत पाए । गणना जारी तहमध्ये फोरमले २, कांग्रेस, एमाले र माओवादी केन्द्रले १/१ स्थानमा अग्रता लिइरहेका छन् ।

**कांग्रेसको अग्रता**

धनुषाका परिणाम घोषित १३ तहमध्ये शुक्रबार साँझसम्म कांग्रेसले पाँच स्थानमा जित हासिल गरेको छ । एमाले तीन, संघीय समाजवादी फोरम २ तथा माओवादी केन्द्र र राजपाले एक-एक तह जितेका छन् ।

क्षीरेश्वरनाथ नपामा कांग्रेसका योगेन्द्र पजियार ५ हजार ८ सय ९९ मत ल्याई मेयर निर्वाचित भएका छन् । निकटतम प्रतिद्वन्द्वी संघीय समाजवादी फोरमका सुखदेव यादवले ३ हजार ५ मत ल्याए । कांग्रेसकै रचना श्रेष्ठ ५ हजार ६ सय ९८ मत ल्याई उपमेयर चुनिएकी छन् । धनुषाधाम नगरपालिकामा कांग्रेसका बालेश्वर मण्डल ४ हजार ७ सय ७३ ल्याई मेयर चुनिएका छन् । प्रतिद्वन्द्वी एमालेका योगकुमार यादवले ३ हजार ५ सय ५७ मत मात्र ल्याए । उपमेयरमा कांग्रेसकै विद्यादेवी भुजेल ४ हजार २ सय ७ मत ल्याई विजयी भइन् ।

शहिदनगर नगरपालिकामा माओवादी केन्द्रका उदयकुमार यादव ५ हजार ९१ मत ल्याई मेयर चुनिएका छन् । निकटतम प्रतिद्वन्द्व कांग्रेसका देवेन्द्रकुमार भरखेरले ४ हजार २ सय ३९ मत पाए । माओवादी केन्द्रकी शीलादेवी कामती ४ हजार ७ सय १२ मत ल्याई उपमेयर चुनिइन् । गणेशमान चारनाथ नगरपालिकाको मेयरमा संघीय समाजवादी फोरमका रामबाबु यादव तथा उपमेयरमा माओवादी केन्द्रकी मीनाकुमारी महतो विजयी भएका छन् । यादवले ३ हजार १ सय २७ मत ल्याउँदा निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका दुर्गाबहादुर मल्लले २ हजार ५ सय ६१ मत मात्र पाए । उपमेयर महतोले २ हजार ६ सय १० मत ल्याइन् ।

लक्ष्मीनिया गापाको अध्यक्षमा संघीय समाजवादी फोरमका विन्देश्वर यादव ३ हजार ५ सय ४ मत ल्याई विजयी भए । निकटतम् प्रतिद्वन्द्वी कांग्रेसका कुमारकान्त झाले २ हजार ३ सय ७ मत प्राप्त गरे । उपाध्यक्षमा संघीय समाजवादीकै इन्द्रकलादेवी यादव ३ हजार १ सय १५ मत ल्याई विजयी भइन् ।

मिथिला विहारी नगरपालिकामा एमालेका अनीलकुमार यादव ३ हजार २ सय ४२ मत ल्याई मेयर चुनिए । निकटतम प्रतिद्वन्द्वी कांग्रेसका राजेन्द्रप्रसाद यादवले २ हजार ९ सय ४१ मत ल्याए । उपमेयर निर्वाचित एमालेकी अनिता कुमारीले ३ हजार १ सय ४७ मत ल्याइन् । पूर्वराष्ट्रपति रामवरण यादव र खानेपानी तथा सरसफाइ मन्त्री महेन्द्र यादवको गृहगाउँ लक्ष्मीनिया गापामा संघीय समाजवादी फोरमले प्यानलै जितेको छ । बिन्देश्वर यादव अध्यक्ष चुनिए । मन्त्री यादवको वार्डमा समेत फोरमले कब्जा जमाएको छ । मतगणना जारी रहेका मध्ये नगराईन र कमला नगरपालिकामा कांग्रेसको अग्रता छ । सबैला र विदेह नगरपालिकामा माओवादी केन्द्र अगाडि बढिरहेको छ । जनकपुर उपमहानगरपालिकामा राजपाले फराकिलो अग्रता बनाएको छ ।



# जसले विविधताको ऐना देखाइदिए



**हरि थापा**

डोरबहादुर विष्टलाई मैले टाढैबाट देखेको हुँ, नजिकबाट भेट्न पाइनँ। २०५२-५३ सालतिर मानवशास्त्र, समाजशास्त्रमा रुचि बढ्दै जाँदा उनी मेरो मानसपटलमा छाए। मैले समाजशास्त्र/मानवशास्त्र औपचारिक रूपमा त पढिनँ तर उनको खोज भने निरन्तर रह्यो।

जब मैले डोरबहादुरबारे चासो राख्न थालेको थिएँ, उनी हराइसकेका थिए। २०६० पछि मैले उनलाई साँच्चै खोज्न थालें। चौधबिसा पुगें, कीर्तिपुरका फाँटहरू डुलें। ललितपुरका गाउँमा, कालीगण्डकीका थकाली बस्तीमा, खुम्बु क्षेत्रमा, सुर्खेततिर, दैलेखका गाउँगाउँमा, राउटे बस्तीमा, डडेलधुरामा उनका पदचिह्न नियाल्न खोजें। नेपाली प्राज्ञ र उनका विद्यार्थीसँग, उनले संगत गरेका केही विदेशीसँग, परिवारसँग र उनका पुस्तक र लेखहरूमा उनलाई खोजें।

डोरबहादुर हराएको आउने पुस २७ गते २१ वर्ष पुग्छ। मैले मात्रै होइन, उनलाई धेरै मानिसले धेरै प्रकारले खोजे, खोजिरहेका छन्। हराएका-नहराएका कमै विद्वान्ले यो प्रकारको राष्ट्रिय चासो पाएका छन्। उनका परिवार र शुभचिन्तकहरू अझै उनी फर्कने आसमा छन्।

## सुरुआत

डोरबहादुर विष्टको जन्म १९८३ माघ ४ गते ललितपुरको झरुवारासीमा भएको हो। सैनिक पिताका छोरा डोरबहादुर परम्परागत धार्मिक, सांस्कृतिक वातावरणमा हुर्के। पाटन माविबाट एसएलसीपछि उनले त्रिचन्द्र कलेजबाट बीए पास गरे। २००९ सालमा विष्टले पाटन मंगलबजारस्थित आदर्श कन्या निकेतन स्कुलमा हेड टिचर भएर जागिरे जीवनको सुरुआत गरे। केही वर्ष उनको सक्रियता शिक्षा क्षेत्रमै रह्यो।

२०१३ सालमा उनको जीवनमा एउटा मोड आयो। लन्डन युनिभर्सिटीमा साउथ एसियन कल्चरका विज्ञ प्रोफेसर क्रिस्टोफ भोन फिउअरर हाइमेन्डर्फ शेर्पासम्बन्धी अध्ययन गर्ने विचारले नेपाल आए। आफ्ना लागि सहयोगी खोजिरहेका हाइमेन्डर्फसँग उनले भेट्ने अवसर पाए। डोरबहादुरले प्रोफेसर जिम फिसरलाई दिएको अन्तर्वार्तामा भनेका छन्, "जब मैले हाइमेन्डर्फबारे थाहा पाएँ, उनलाई भेटें र भनें– 'तपाईंले मलाई आफूसँग आउने अनुमति दिनुभयो भने म धेरै खुसी हुनेछु। मैले मेरो आफ्नै देश र समाज मेरा दुइटा आँखा र कानले मात्रै होइन, लन्डन विश्वविद्यालयका प्रतिष्ठित प्रोफेसरका दुइटा आँखा र कान थपेर देख्न पाउनेछु। यसको बदलामा तपाईं जे भन्नुहुन्छ म गर्न तयार छु।' यसरी मैले आफ्नो सेवाको प्रस्ताव राखेको थिएँ।"

डोरबहादुरले त्यस बेला पूरै एक वर्ष हाइमेन्डर्फसँग बिताए। सात महिना खुम्बु, दुई महिना पूर्वी पहाडी जिल्लाहरू, दुई महिना लमजुङ र कास्कीमा र एक महिना काठमाडौंको दक्षिण भेगका क्षत्री समुदायसँग।

२०१७ सालमा उनले लन्डन जाने अवसर पाए। लन्डन पुगेपछि उनलाई मानवशास्त्र पढ्ने इच्छा भयो। तर हाइमेन्डर्फले यो कुरा रुचाएनन्। जसोतसो उनी मानवशास्त्र विभागमा अन्डरग्राजुएट कोर्सका लागि भर्ना भए। उनले इन्डियन इथ्नोग्राफीमा पढाइ पूरा गरे। थप अध्ययनका लागि हाइमेन्डर्फले सहयोग गरेनन्। बरु आफूसँग काम गर्न नेपाल फर्काए। तर, यसबेला डोरबहादुर ग्राजुएट स्टुडेन्टका रूपमा भर्ना भइसकेका थिए। हाइमेन्डर्फले उनलाई मास्टर्सका लागि पनि सहयोग गर्ने वचन दिएर आफूसँग काम गर्न नेपाल फर्काएका थिए। नेपाल फर्केर काम सकेपछि यी ब्रिटिस प्रोफेसरले विष्टलाई लन्डन नलैजाने प्रपञ्च रचे।

यसै समयदेखि हाइमेन्डर्फसँग डोरबहादुरको मन कुँडियो। र, उनको जीवनमा अर्को अध्याय सुरु भयो।

## 'पिपल अफ नेपाल'

डोरबहादुरले हाइमेन्डर्फसँग घुमेका सबै ठाउँमा पुन: आफू घुमेर तथ्यांक संकलन गरे। तीबाहेकका ठाउँ पनि घुमे। विभिन्न जातजातिसम्बन्धी जानकारी लिए। र, २०२३ सालमा 'पिपल अफ नेपाल' पुस्तक प्रकाशित गरे। जति बेला नेपाली समाज निरंकुश पञ्चायती व्यवस्थामा जकडिएको थियो, एक भेष, एक धर्म, एक भाषा र एक संस्कृतिको चंगुलमा परिसकेको थियो, त्यही बेला डोरबहादुरले विविधताको ऐना देखाइदिए।

'पिपल अफ नेपाल' प्रकाशित भएपछि नेपाली विविधताको झलक नेपाली र विदेशीमाझ प्रकट भयो। पुस्तकले नेपालका जातजातिको विविधता छर्लङ्ग पारे पनि विविधताविरोधीलाई यो कुराले खुसी बनाएन। उनीविरुद्ध दरबारमा उजुरी पर्‍यो। उनका जेठा छोरा मानवशास्त्री डा. हिक्मत विष्टले बताएअनुसार, उजुरीको आशय 'डोरबहादुरले राष्ट्र भाँड्न लाग्यो, राष्ट्र फुटाउन लाग्यो, यसलाई अराष्ट्रिय तत्त्व घोषणा गर्नुपर्‍यो' भन्ने थियो। त्यसपछि अराष्ट्रिय तत्त्व घोषणा गर्नुपर्ने हो कि होइन भनेर डोरबहादुरको खोजी सुरु भयो।

उनका माहिला छोरा, पूर्वमन्त्री केशरबहादुर विष्टका अनुसार, पुस्तक सार्वजनिक भएको समयमा डोरबहादुर अमेरिकामा थिए। उनलाई फर्कनेबित्तिकै विमानस्थलबाटै पक्रने योजना बनेको थियो। 'पिपल अफ नेपाल' सूचना विभागले छापेको थियो। तत्कालीन युवराज वीरेन्द्रले विदेशीहरूमाझ यो पुस्तकका धेरै प्रति वितरण गरिसकेका थिए। त्यसैले पनि डोरबहादुरलाई अराष्ट्रिय तत्त्व घोषणा गर्न वा पक्रन असम्भव थियो। तर, यो पुस्तकले प्रोफेसर क्रिस्टोफ भोन फिउअरर हाइमेन्डर्फलाई भने झस्कायो।

डोरबहादुरले यसरी तरंग ल्याएर आफ्नो प्राज्ञिक अभियान सुरु गरे। उनको नेपाल अध्ययन, नेपालका विभिन्न ठाउँको यात्रा र नेपालको विकासमा जातीय विविधताको महत्त्वसम्बन्धी लेखरचना प्रकाशन र प्रवचन निरन्तर रह्यो। दुर्गम क्षेत्र विकास समितिको कार्यकारी निर्देशक हुँदा होस् वा ल्हासाका लागि महावाणिज्य दूत हुँदा, उनको नेपाल अध्ययन अनवरत चलिरह्यो। 'रिपोर्ट फ्रम ल्हासा' र अन्य साहित्यिक कृतिहरू पनि प्रकाशित भइ नै रहे।



डोरबहादुर विष्टले नेपालको जातीय विविधताको पक्षपोषण गरे। पछौटेपनको कारणबारे प्राज्ञिक अध्ययन गरे, यसविरुद्ध आवाज उठाए, निरन्तर वकालत गरिरहे।

## मानवशास्त्रका 'पिता'

डोरबहादुर मानवशास्त्र पढ्ने पहिलो नेपाली हुन्। उनको आफ्नो अध्ययन र अनुसन्धान त चलि नै रहेको थियो, मानवशास्त्रप्रति गहिरो रुचिका कारण त्रिभुवन विश्वविद्यालयमा मानवशास्त्र र समाजशास्त्रको अध्ययनको सुरुआतको पहल पनि उनैले गरे। समाजशास्त्र/मानवशास्त्र विभागको गठन भयो। उनले एमए समाजशास्त्र/मानवशास्त्रको पाठ्यक्रम तयार गर्न पनि महत्त्वपूर्ण भूमिका खेले।

उनी २०३८ सालमा नेपाल र एसियाली अध्ययन केन्द्र (सिनास) को कार्यकारी निर्देशक नियुक्त भए। सिनासमार्फत उनले थुप्रै युवा अनुसन्धानकर्तालाई अवसर दिलाए। उनी २०३८ देखि २०४५ सालसम्म त्रिवि मानवशास्त्र विभागमा प्राध्यापक र विभागीय प्रमुखका रूपमा सक्रिय रहे। फिल्ड एन्थ्रोपोलोजिस्टका रूपमा त उनले ख्याति कमाएका थिए नै, सिनास र त्रिवि मानवशास्त्र विभागमा सक्रिय हुँदा उनलाई नेपालका सांस्कृतिक सबलताहरू र समस्याहरूको अध्ययन गर्ने खास मौका मिल्यो। विभिन्न अनुसन्धान, व्यापक अन्तरक्रिया र विद्यार्थीका शोधपत्रहरूमार्फत नेपाली विविधतामा लुकेका सामर्थ्य र समस्याहरूको यथार्थ तस्बिर हेर्न पाए उनले। सिनासमै उनलाई त्रिविको मानवशास्त्र विभागका पहिलो प्राध्यापकका रूपमा सम्मानित गरियो। प्राध्यापक डोरबहादुर विष्टलाई नेपालमा मानवशास्त्रका पिता भनिन्छ। प्राध्यापक डा. ओम गुरुङको भनाइ छ, 'विष्टलाई हामीले नेपालको मानवशास्त्रका पिता र नेपाल स्कुल अफ एन्थ्रोपोलोजीका पनि पिता र अभिभावककै रूपमा लिएका छौं।' नेपालको आफ्नै विशेषतायुक्त मानवशास्त्रको विकासमा योगदान गरेका कारण विष्टलाई नेपालको मानवशास्त्रका पिता भनिएको हो।

## 'फ्याटालिज्म एन्ड डेभलपमेन्ट'

विकसित देशहरूको विकास झन् तीव्र गतिमा भइरहेको र नेपाल झनझन् पछौटेपनको सिकार हुँदै गएको अवस्थाबाट प्राध्यापक विष्ट भित्रभित्रै छटपटिइरहेका थिए। विकास गतिविधिहरू, नीति र योजना तर्जुमा र कार्यान्वयन पक्षहरूलाई उनले नजिकबाट नियालेका थिए। यिनै समस्याजन्य प्रश्नहरूले घोच्दै जाँदा उनको 'फ्याटालिज्म एन्ड डेभलपमेन्ट : नेपाल्स स्ट्रगल फर डेभलपमेन्ट' पुस्तकको जन्म भयो। यसले नेपालले विकसित हुन गर्नुपरेको संघर्षमा बाधक पक्षहरू औंल्याएको छ। पुस्तकले एउटा वादको परिकल्पना गर्‍यो– 'बाहुनवाद'। पण्डित्याइँ गर्ने ब्राह्मणहरूमार्फत फैलाइएको भाग्यवादले नेपालको विकास प्रक्रिया अवरुद्ध पारेको जिकिर पुस्तकमा छ।

पुस्तकले नेपालको बौद्धिक जगत्मा ठूलो हलचल ल्यायो। यसका पक्ष-विपक्षमा मानिसहरू देखिए। तर, प्रभावकारी प्राज्ञिक बहस भने भएन। प्राध्यापक डा. नोबलकिशोर राईले एक ठाउँमा भनेका थिए, 'डोरबहादुर विष्टले हाम्रो देशमा, समाजमा भएका कुरालाई प्राज्ञिक हिसाबले देखाइदिनुभयो। उहाँमा त्यो क्षमता थियो। हाइट थियो। बर्गत थियो।' तर, आफ्नो नामका पछाडि ब्राह्मण थर जोडिएका प्राज्ञहरूलाई यो कुरा पच्न गाह्रो भयो। धेरैले डोरबहादुरले 'मलाई नै भनेको हो' जसरी पुस्तकको आलोचना गरे। 'फ्याटालिज्म एन्ड डेभलपमेन्ट' पुस्तक प्रकाशित भएलगत्तै सिनास जर्नलमा प्रकाशित प्राध्यापक डिल्लीराम दाहालको समीक्षा पनि आलोचनाले भरिएको थियो। डा. दाहालले लेखेका छन्, 'समग्रमा पुस्तक असान्दर्भिक आधारहरूको वर्णनको उपज हो र यसले बहुसंख्यकमा निराशा र असमझदारी मात्रै बढाउनेछ।'

प्रगतिवादी नेपाली प्राज्ञहरूले पुस्तकको तारिफ गरे। अन्तर्राष्ट्रिय रूपमा पुस्तक चर्चित भयो। तर, पुस्तकको विरुद्धमा राजसंस्था नै जोडिएकाले डोरबहादुर कतै-कतै निराश पनि भए।

राजा वीरेन्द्रप्रति उनको ठूलो भरोसा देखिन्छ। राजाहरू मगरका सन्तान हुन् भन्ने यथार्थलाई हार्वर्डबाट शिक्षित राजाले अनौठो मान्लान् र चासोको विषय बन्ला भन्ने उनको अनुमान देखिन्छ। तर, यसो किन हुन्थ्यो ? भाग्यवादको संरक्षक र जातीय विविधतालाई नै नकार्ने व्यवस्थाको संरक्षक संस्थाले उनको आलोचना गर्न थाल्यो। पञ्चायतकालमा अराष्ट्रिय तत्त्व घोषित नभएका डोरबहादुर बहुदलीय व्यवस्थामा दरबार छिर्न प्रतिबन्धित भए।

२०६४ पुसमा आयोजित 'बिना डोरबहादुरका १२ वर्ष' विषयक कार्यक्रममा प्राध्यापक अभि सुवेदीले भनेका थिए, 'फ्याटालिज्म भनेको घनचक्करवाद पनि हो। केही होलाजस्तो हुन्छ तर अगाडि नै बढ्दैन। समाजलाई आफ्नो आधिपत्यमा राख्न खोज्ने र यथास्थितिमा राख्न चाहने शक्तिशाली मानिसहरूका मान्यता र चिन्तनलाई डोरबहादुरले बाहुनवाद भन्नुभएको हो।' उनको सिद्धान्तको प्रतिवाद गर्नेहरूलाई डोरबहादुरले दिने जवाफ हुन्थ्यो, 'संसारका विभिन्न देश विभिन्न कारणले अविकसित भए होलान्। भाग्यवादी त्यतातिर पनि होलान्। तर, नेपालको विकास नहुनाको वास्तविकता भनेको यहाँ ब्राह्मणवादले रोपेको भाग्यवाद हो।'

नेपालमा निरन्तरता केहीको पनि छैन। डोरबहादुरले एउटा तरंग ल्याए। कब्जा गरेर बसेकाहरू झस्के। उनीहरूले डोरबहादुरलाई एक्ल्याए। सकेसम्म अपमानित गरे। उनी हराएपछि उनको अभियान पनि लगभग हरायो। जनजाति आन्दोलनले एउटा उचाइ लियो। तर, त्यहाँ पनि राजनीतिक विभाजन र गुटगत विभाजनले गर्दा मुख्य मुद्दा नै हरायो।

डोरबहादुरले नेपाली समाजलाई अधोगतितिर धकेल्ने तत्त्वहरूको इमानदारीपूर्वक बयान गरेका थिए। सबैलाई थाहा भएको, सम्राटको नदेखिने कपडाजस्तै, चाकरी, आफ्नो मान्छे संस्कृति र भाग्यवादले ग्रस्त नेपाली समाजका विषलाई उनले सबैका अगाडि राखिदिए। यो कुरा सबैलाई पहिलेदेखि नै थाहा भए पनि उनले ठूलो स्वरमा भनिदिए। उनले भनेका कुराबाट समाजको एउटा तप्का निकै भयभीत भयो। चाकरी, चाप्लुसी र भाग्यवादकै आडमा समाजको उच्च वर्गमा गनिने त्यो समुदायलाई उनका कुरा पच्ने कुरै भएन।

अहिले मुलुक गणतन्त्रमा गएको छ। संघीयता कार्यान्वयनको थालनी भएको छ। मुलुकको व्यवस्था सञ्चालनको 'प्याराडाइम सिफ्ट' भएको यो अवस्थामा अब त केही सोच्ने हो कि ? कहिलेसम्म रेमिट्यान्सले मुलुक धान्छ ? किन हामी संसारको एउटा गरिबतम राष्ट्रमा दरिँदै छौं ? व्यापार घाटा किन अकासिँदै छ ? लगानीको प्रतिफल किन प्राप्त हुँदैन ? परियोजनाहरू समयमै किन पूरा हुँदैनन् ?

डोरबहादुरले आफ्ना कुरा लेखेर मात्रै छाडेनन्। चिच्याईचिच्याई भनिरहे, लेखिरहे। भाग्यवादको कुरा पनि पुस्तकमा मात्रै सीमित भएन। यो एउटा अभियान नै थियो। जुम्लाको चौधबिसामा यसको व्यावहारिक परीक्षणको थालनी गरे।

पुस्तक प्रकाशित भएलगत्तै कर्णाली इन्स्टिच्युट नामक संस्था स्थापना गरेर डोरबहादुरले चौधबिसामा अनुसन्धान र गाउँको विकास कार्य थाले। एउटा उद्देश्य त उक्त पुस्तकको व्यावहारिक प्रयोग गर्नु थियो भनेर डोरबहादुरले उल्लेख गरेको पाइन्छ। बिजुली, खानेपानी, विद्यालय भवन निर्माण, घट्ट सुधार, माछापालन, स्याउखेती आदि र मुख्य रूपमा समाज सुधारको अभियानको थालनी चौधबिसा र आसपासका गाउँमा सुरु भएको थियो। त्यहाँ रहँदा उनी मानवशास्त्रका पिता, मानवशास्त्रका ख्यातिप्राप्त प्राध्यापक भनेर चिनिएनन्। सबैले नजिकमा बुवा भन्थे। टाढाबाट फुलेका बड्डा।

डोरबहादुरको त्यहाँ मुख्य कार्य खस समुदायमाथिको अध्ययन थियो। तर 'जनयुद्ध' को समयमा चौधबिसामा रहेको कर्णाली इन्स्टिच्युटको भवनमा माओवादीहरूले आगजनी गरे। त्यहाँका सम्पूर्ण पुस्तक र दस्तावेज जलाइदिए। डोरबहादुरले २७ वर्षअगाडि प्रतिपादन गरेको सिद्धान्त र उल्लेख गरेका कुरा अहिले पनि लगभग उत्तिकै सान्दर्भिक छन्। तत्कालीन समयमा त दरबारसमेतको आडमा उनको विरोध भयो। व्यवस्था परिवर्तन भए पनि चाकरी, चाप्लुसी, आफ्नो मान्छे र भाग्यवादी संस्कृतिको बोलवाला चली नै रहेको छ। नयाँ नेपाल निर्माणका लागि उनका कर्महरू सम्झने र भाग्यवादविरुद्ध बहस थाल्ने समय घर्किसकेको छैन। यो देशको सुन्दर भविष्य देख्न चाहने डोरबहादुरलाई व्यावहारिक रूपमा सम्झने समय आएको छ।

# लेनिनसँग च्याट



सिउँडी

**विमल निभा**

कमरेड सरासरी यतातिर आइरहेका थिए। नयाँ कमरेड हुन्। एकाध महिनाअघि नै पार्टी प्रवेश गरेका। पहिले कुनै घोर गैरकमरेडीय पार्टीमा थिए। हाल यतै सशरीर मौजुद रहेका छन्। मेरा पुराना परिचित हुन्।

'नमस्ते कमरेड।'

'नमस्ते।' मेरो अभिवादनको जवाफमा अघि बढेर दह्रोसँग हात मिलाए उनले।

'कताबाट कमरेड ?' मेरो बिलकुलै सामान्य प्रश्न थियो, 'पार्टीबाट आइरहनुभएको हो, कमरेड ?'

'हो, पार्टीबाट।' उनले अत्यन्तै आनन्दित मुद्रामा भने, 'बडो मजा आयो पार्टीमा।'

'तपाईलाई पार्टी प्रवेशमा अहिलेसम्म मजा आइरहेको छ, कमरेड ?' म पनि दंग परेको थिएँ।

'कस्तो पार्टी प्रवेश ?' उनले आफ्नो अनुहारको आनन्दलाई केही मत्थर पारेर मतिर हेरे।

'यही कम्युनिष्ट पार्टी प्रवेश नि।'

'तपाईको कुरो मैले बुझिन।'

'केही सप्ताहअघि पार्टी प्रवेश गर्नुभएको होइन कमरेड ?' मैले सम्झाउन खोजें उनलाई, 'त्यही कम्युनिष्ट पार्टी प्रवेशको कुरा गरेको हुँ मैले।'

'एक, कम्युनिष्ट पार्टी प्रवेश ?' उनले भने।

'हो, कम्युनिष्ट पार्टी प्रवेश।'

'त्यो त हो।' कमरेडले आफ्नो अनुहार बिगारे, 'तर अहिले त म सोल्टी होटलको पार्टी एटेन्ट गरेर आइरहेको छु।'

'हत्तेरिका।' मैले पनि मुख बिगारेर भनें, 'म त कमरेडलाई पार्टी अफिसमा पुगेर आइरहनुभएको हो कि भनेर सोधिरहेको हुँ।'

'हो, हो, हो, हो....।' कमरेड उन्मुक्त ढंगले हाँस्न थाले।

म चाहिँ आफ्नो बेवकुफीमा थोरै लज्जित भएर चुप लागें। कमरेड हासिनै रहेका थिए। केही बेरपछि कुराकानीलाई ठाउँमा ल्याउन मैले विस्तारै सोधें, 'कमरेड, कस्तो रह्यो त पार्टी ?'

'कुन पार्टी ?'

'हें हें....।' म अलिकति हाँसें, 'सोल्टी होटलको पार्टी ?'

'सोल्टी होटलको पार्टी ?'

'हो, सोल्टी होटलको पार्टी।'

'बडो राम्रो रह्यो।' कमरेडले चरम आनन्दमा पुगेर भने, 'पहिले तीन बोतल चिसो बियर लिएँ, त्यति मजा लागेन। अनि फटाफट रेडवाइन लिन थालें। त्यसमा पनि त्यति मजा नआएकोले आखिरीमा आफ्नो पेटेन्ट ह्विस्की नै लिएँ।'

'हेर्नोस्, ह्विस्की जतिको मजा अरू केहीमा छैन।' उनले उही आनन्दको भावमा थपे।

कमरेड सोल्टी होटलको पार्टीको आनन्ददायी यादमा पुरै डुबेका थिए। अर्थात् ह्विस्कीमा। त्यसकारण उनलाई

**पोहोर लन्डनमा भेटेको हुँ लेनिनलाई, एउटा इन्टरनेसनल कन्फ्रेन्समा भाग लिन लन्डन गएको थिएँ। त्यसमा लेनिनले पनि पार्टीसिपेट गरेका थिए। हाम्रो त्यहीं भेटघाट भयो। अहिले पनि म कहिलेकाहीं लेनिनसँग च्याटमा कुराकानी गर्ने गर्छु।**

त्यहाँबाट निकाल्न मैले कुरालाई मोड्न खोजें, 'अनि तपाईको पार्टीको कुरो के छ नि कमरेड ?'

'भनिहालें नि, जति बियर र वाइन लिए पनि ह्विस्की जतिको मजा अरू केहीमा छैन।' उनले प्रमुदित मुद्रामा भने, 'अझ ह्विस्कीमा पनि बरबन ह्विस्कीको के कुरा गर्नु !'

'होइन, म बियर, वाइन र ह्विस्कीको कुरा गरिरहेको छैन।' मैले भनें, 'म पार्टीको कुरो गरिरहेको छु, कमरेड।'

'म पनि त पार्टीकै कुरो गरिरहेको छु नि, अरू के ?'

'म तपाईको पार्टीको कुरो गरिरहेको छु, कमरेड।' मैले स्पष्टसँग भन्नुपर्‍यो, 'तपाईले ज्वाइन गर्नुभएको कम्युनिष्ट पार्टीको कुरो नि।'

'ए, कम्युनिष्ट पार्टीको कुरो !' उनी एक्कासी गम्भीर भए, 'अचेल म पार्टीमा क्लास लिइरहेको छु।'

'कस्तो क्लास कमरेड ?'

'खोइ, वैचारिक क्लास भन्छन्।'

उनको गम्भीरता अरू बढ्यो, 'हाम्रा ठूला-ठूला नेता कमरेडहरू क्लास लिइरहेका छन्।'

'बल्ल मार्क्सवादी हुन थाल्नुभयो, कमरेड।' म हलुका मुस्कुराएँ, 'अब तपाई विचारले पनि पक्का मार्क्सवादी हुने हुनुभयो।'

'को मार्क्स ?' कमरेडले अचम्मसँग प्रश्न गरे मसँग, 'के मार्क्सवादी ?'

'तपाईकै मार्क्सवादी पार्टीको मार्क्स ?' मेरो स्वरमा चिढिएको भाव थियो, 'मार्क्सबारे पनि थाहा छैन, कमरेडलाई ?'

'किन थाहा नहुनु ?' कमरेडले जोशका साथ भने, 'चाइनाको मार्क्स।'

'चाइनाको मार्क्स ?'

'हो, चाइनाको मार्क्स ?' उनले जोड दिएर भने, 'चाइनाको क्रान्तिकारी मार्क्स।'

'अनि लेनिनलाई नि ?' मेरो मनमा उनको वैचारिकतामाथि सन्देह उत्पन्न भएकोले सोधें, 'लेनिनलाई त चिन्नुभएको होला कमरेड ?'

'लेनिनलाई त म पहिलेदेखि नै चिन्छु।' कमरेडले मेरो प्रश्नको जवाफमा झट्ट भने, 'यो पार्टीमा आउनुभन्दा अघि मैले लेनिनलाई भेटिसकेको छु।'

'कहाँ भेट्नुभयो, लेनिनलाई ?' म चकित थिएँ।

'पोहोर नै लन्डनमा भेटेको हुँ, लेनिनलाई।'

'पोहोर लन्डनमा भेट्नुभएको हो कमरेडले लेनिनलाई ?'

'हो, एउटा इन्टरनेसनल कन्फ्रेन्समा भाग लिन लन्डन गएको थिएँ। त्यसमा लेनिनले पनि पार्टीसिपेट गरेका थिए। हाम्रो त्यहीं भेटघाट भयो। रातिको डिनरमा राम्रो चिनजान हुनगयो। कमरेडले भने, 'अहिले पनि म कहिलेकाहीं लेनिनसँग च्याटमा कुराकानी गर्ने गर्छु।'

'लेनिनसँग च्याट।' मैले मनमनै भनें।

'हिजै मेरो लेनिनसँग च्याटमा भेट भयो।'

कमरेडको कुराले मलाई मौन बनाएको थियो। म पुरै आश्चर्यचकित थिएँ। कुन्नि, यो कसको असर थियो ! उनी भर्खरै प्रविष्ट भएका नेपालको एक ठूलो मार्क्सवादी-लेनिनवादी कम्युनिष्ट पार्टीको विशिष्ट वैचारिक स्तरको अथवा सोल्टी होटलको विशुद्ध बरबनवादी ह्विस्की पार्टीको !

श्रद्धाञ्जली

# त्यो रातो रङ



**राजन काफ्ले**

**लैनसिंह वाङ्देलका नाममा पुरस्कार स्थापना गर्दै उहाँको योगदानलाई चिरस्थायी बनाउने काम गरेर शान्त राईहरूले 'गुरु दक्षिणा' चढाइरहेका थिए।**

बाटोभरि रगत छ। पत्रकारहरूको क्यामेरा त्यता फर्केका छन्। प्रहरीहरू आफ्नो सञ्चारबाट हतारोमा सूचना आदान-प्रदान गर्दैछन्। यहाँ त ठूलै घटना घटेजस्तो छ भनेर वातावरण आतंकित र अन्योलपूर्ण छ। के हो त ? २०६२-६३ को आन्दोलन सेलाउला जस्तो छ। सहरमा कर्फ्यु तोडेर कलाकारहरूले विरोधस्वरूप बाटोमा जताततै रातो रङ पोख्ने कार्यक्रम अन्तर्गत ललितपुरमा भएको घटना हो यो। र त्यो भेगमा यसको नेतृत्वकर्ता थिए– शान्त राई।

परिवर्तनका सबै ठूला-साना आन्दोलनमा शान्तको सक्रिय सहभागिता रह्यो। २०३६ सालको आन्दोलनमा सक्रिय सहभागी रही पुलिस यातना र हिरासत भोगेका राई ०४६ को आन्दोलनसम्म आइपुग्दा अझ प्रखर भएर देखिए। ६२-६३ लाई सम्झँदै कलाकार किरण मानन्धर भन्नुहुन्छ, 'म त आन्दोलनबारे त्यति जानकार होइन, शान्तले नै मलाई अगुवा बनाएर आन्दोलनमा लैजानुभएको थियो, ललितकला लोकतान्त्रिक अभियानको संयोजक बनाएर। सम्पूर्ण कलाकारले सघाउनुभयो। म बोल्न त्यति जान्ने होइन, उहाँले नै बोल्न हौस्याउनुभयो। उहाँको कार्यालय (कृषि विकास बैंक) लाई सेल्टरका रूपमा प्रयोग गरियो। त्यहींको सुविधा लिएर विज्ञप्ति निकाल्ने, सूचना आदान-प्रदान गर्ने गरियो। त्यो क्षण अहिले स्मृतिमा सिनेमाजस्तै आइरहेको छ।'

नेपाल कलाकार समाज र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा हामीले सँगसँगै काम गर्‍यौं। त्यसबेलाका तितामिठा पलहरू मनमा थुप्रै छन्। मौका-अवसरमा अभिव्यक्त पनि गर्नेछु। तर अहिले असल मित्र र सहकर्मीका रूपमा शान्तलाई स्मरण गरिरहेको छु।

२०३३ सालमा ललितकला अध्ययन गर्न पुगेका शान्त संगीतका विद्यार्थी हुन् भन्ने कमैलाई थाहा छ। संगीत र चित्रप्रतिको दोहोरो लगावमाझ संगीतपट्टि नभएर चित्रकारका रूपमा शान्तले अलग परिचय बनाए। यसमा मूर्धन्य कलाकार लैनसिंह वाङ्देलको ठूलो भूमिका छ। वाङ्देलको ५० वर्षे कला यात्राको प्रदर्शनीमा सघाउनु शान्तको सिर्जनकर्मको प्रवेशद्वार नै थियो। त्यो प्रदर्शनीको प्रभाव र संगतले शान्तको जीवनमा अर्को मोड ल्याइदियो। त्यसपछिका दिनमा निरन्तर वाङ्देलको निगरानी र अध्यापनमाझ राईको कलाकारिता माझिँदै र परिष्कृत हुँदै गयो। २०४९ सालमा वाङ्देल सरकै सक्रियतामा उहाँको संगतमा रहेका जिज्ञासु नयाँ पुस्तालाई संगठित गरिदिनुभयो। शंकरनाथ रिमालको अध्यक्षतामा शान्त, हरि, नरेश, जीवन, रत्नकाजी र टार्जन सम्मिलित न्यु आर्ट सर्कल बनेपछि यो समूहले संस्थागत रूप पायो। यसै मेसोमा यो समूहले कलर रिभुलोसन नामक प्रदर्शनी लिएर आयो। काममा केही पृथक्ता महसुस गर्न सकिन्थ्यो। जसमा वाङ्देल सरको 'स्कूलिङ' ताजा हरक पाइन्थ्यो। हाल पनि त्यो स्कुलिङबाट आएको दुवै पुस्तामा त्यसको प्रभावबाट निस्किन नसकेको धङधडी पाइन्छ। यसबाट शान्त अछुतो हुने कुरो भएन, तर प्रयासरत भने सधैं ररिरहे।

वाङ्देल सरद्वारा प्रशिक्षित अघिल्लो पुस्ता जसलाई कर्ण मास्केहरूले प्रतिनिधित्व गर्नुहुन्थ्यो। दोस्रो पुस्तामा भने अगुवाइ शान्तले गरेका थिए। जुन मिलेर 'सोसाइटी अफ मोडर्न नेप्लिज आर्टिष्ट (सोमा)' को जन्म भयो।



यसको संस्थापक सदस्य शान्तले थुप्रै प्रदर्शनी नेपाल र नेपाल बाहिर गराउन सफल भए। आधुनिक सोचमा काम गर्ने विदेशी कलाकारका कामलाई नेपालमा प्रदर्शन गराउनमा पनि शान्तको महत्त्वपूर्ण योगदान छ। यसका माध्यमबाट दक्षिण एसियाका कलाकारमा शान्त राईको राम्रो चिनजान र उठबस रह्यो। वाङ्देल सरको नाममा सोमाले पुरस्कार स्थापना गर्दै उहाँको योगदानलाई चिरस्थायी बनाउने कामसमेत गरेको छ। राज्यले केही नगरेको अवस्थामा वाङ्देल सरलाई नयाँ पुस्तामा परिचित गराएर शान्त राईहरूले गुरु दक्षिणा चढाइरहेका थिए भन्दा अतिस्योक्ति नहोला। वाटर कलर सोसाइटी स्थापना गरेर नेपालमा वाटर-कलर माध्यममा सक्रिय कलाकारहरूलाई पनि रंग माध्यमका कामलाई आम दर्शकमाझ प्रदर्शनीमार्फत चिनाउने काममा सोसाइटी र राईको महत्त्वपूर्ण भूमिका छ।

संयोग नै भनौं- शान्त धेरै कला संस्थाहरूको संस्थापक हुन्। इन्द्रेणी सांस्कृतिक समाजका संस्थापक मध्येका एक राई, त्यहाँको केही मतभेदपछि एमाले सम्बद्ध ललितकला मञ्चका संस्थापक संयोजकसमेत हुन्। वाम आन्दोलन र नेपालको परिवर्तनका जुनसुकै आन्दोलन उठाउन गीत-संगीतको प्रमुख भूमिका छ। त्यसमा राईको आफ्नै स्थान छ। चर्चित गीति नाटक 'सिम्मा'का प्रमुख कलाकारहरूको भूमिकामा रहेर काम गरेका राई पछिसम्म पनि साथीभाइमाझ त्यसको आनन्द लिन चुक्दैन थिए। ललितकला मञ्चमा रहेर सबैलाई गोलबन्द गर्दै स्तरीय र अविस्मरणीय प्रदर्शनीय र कार्यशाला आयोजना गर्न उनले भ्याए।

दुर्गाकुमारी तथा हर्कवीर राईका आठ सन्तानमध्ये कान्छा शान्तकुमार राई खोलागाउँ, जोगमाई इलाममा २०१८ साल भदौमा जन्मिएका हुन्। छोराछोरी शिक्षित हुनुपर्छ भन्ने आमा-बाको मान्यता रहेकै कारण पैसाको अभाव हुँदाहुँदै पनि कक्षा आठदेखि शान्तले काठमाडौंमै अध्ययन गर्ने अवसर पाए। स्कुल सहपाठी मूर्तिकार लय मैनाली राईसँगको स्कुले जीवन खुब रमाइलो बितेको स्मरण गर्नुहुन्छ। जीवन संगिनी कला र छोरा सुरजका साथ ललितपुरको भैंसेपाटीमा बसाइ रहेको राईले कलाकार पदमा रहेर ३० वर्ष कृषि विकास बैंकमा सेवा गर्नुभयो। 'कलाकारितालाई निरन्तरता दिँदै कला गतिविधिमा सक्रिय रहन नेपाल कला परिषद (नेपाल आर्ट काउन्सिल) को कार्यकारी सदस्य भई काम गर्दै हुनुहुन्थ्यो। नेपाली कला र कलाकारको संग्रह बनाउने शान्तको इच्छा थियो र त्यसको लागि वातावरण बनाउँदै गर्दा दुःखद घटना भयो,' परिषदका सहकर्मी स्वस्ती राजभण्डारीले बताउनुभयो।

जागिरे व्यस्तताबाट समय निकालेर काम गर्न त्यति सजिलो छैन। त्यसमाथि विभिन्न संघ-संस्थाको संलग्नता। त्यसका बावजुद पनि शान्तले हामीलाई राम्रा कृतिहरू छाडेर गएका छन्। नारी पात्रको सघन उपस्थिति रहने शान्तको अझ सबल पक्ष रंग संयोजनमा रहेको लय र मिठास हो। महिला पात्रका माध्यमबाट दुखः, कुण्ठालाई क्यानभासमा सम्प्रेषण गर्दागर्दै पनि रंग संयोजनमार्फत दर्शकलाई अन्तै मोड्न सफल सर्जक हुन्, उनी। ती नारी पात्र शान्त हुर्केको परिवेशका साक्षीजस्ता पनि लाग्थे। उनका कृतिका बारेमा पछि त्यसका विज्ञहरूले भन्दै, लेख्दै जानुहोला। स्वभाव र प्रवृत्तिका असल-खराब पक्षका बारेमा पनि चर्चा होला। हुन्छ-हुन्नमा ठोस निर्णय नलिने, चाम्रो भएर विषय-वस्तुलाई अल्झाउने जस्ता सानातिना मानवीय कमजोरी बाहेक वरिष्ठ मूर्तिकार ठाकुरप्रसाद मैनालीका शब्दमा 'सबैलाई मिलाएर लान सक्ने र मृदुभाषीको विशेषता शान्त राईका सबल पक्ष हुन्।'

rajan.kaphle@gmail.com

# नेपाल-बंगलादेश व्यापारका दुई दशक



पर्वत पोर्तेल

काँकडभिट्टादेखि बागडोग्रा-घोसपोखर-फूलबारीसम्मको करिब ५४ किलोमिटरको दूरी पार गर्दा बंगलाबन्ध व्यापारिक रुट भेट्न सकिन्छ।



सरकारले २०५४ भदौ १४ बाट काँकडभिट्टा-फूलबारी-बंगलाबन्ध व्यापारिक मार्गबाट बंगलादेशसँग औपचारिक व्यापार थालेको २० वर्ष भइसकेको छ। यो रुटबाट व्यापार सुरु गरिरहँदा सरकारले दीर्घकालीन सोच बुनेको थियो, यसलाई कोलकाता-हल्दिया बन्दरगाहको बलियो विकल्पको रूपमा विकसित गर्ने। बंगलादेश लगायत तेस्रो देशसँगको व्यापारलाई दृष्टिगत गरी सरकारले करोडौं खर्चिएर मेची सुख्खा बन्दरगाहसमेत निर्माण गरेको छ।

जुन सोचसाथ बंगलादेशसँग व्यापार सुरु भएको थियो, कालान्तरमा त्यस अनुरूपको उपलब्धि हासिल हुनपाएको छैन। दुई दशकको व्यापारको आयतनलाई हेर्दा अहिलेसम्म कुल व्यापार नाफामै देखिन्छ। तर निर्यात व्यापारचाहिँ वर्षेनि ओरालो लागिरहनु दुःखद पक्ष हो। त्यही दाँजोमा बंगलादेशबाट आयातचाहिँ अकासिँदै जानु चुनौतीपूर्ण छ।

बंगलादेशसँगको व्यापारका लागि यो रुट सबभन्दा छोटो हो। काँकडभिट्टादेखि बागडोग्रा-घोषपोखर-फूलबारीसम्मको करिब ५४ किलोमिटरको दूरी पार गर्दा बंगलाबन्ध व्यापारिक रुट भेट्न सकिन्छ।

नेपाल-बंगलादेश व्यापारलाई सरसर्ती केलाउने हो भने बंगलादेशसँगको व्यापारमा आशा कम र निराशाको भीमकाय पहाड ज्यादा देखिन्छ। विगत ५ आर्थिक वर्षदेखि त निर्यात व्यापारमा निरन्तर दोब्बर/तेब्बर घाटा व्यहोर्नु मुलुकको नियति बन्दै गएको छ।

'सरकारले जुन सोच र उद्देश्यका लागि व्यापार सुरु गरेको थियो, त्यो उद्देश्य पूरा भए जस्तो लाग्दैन', नेपाल-बंगलादेश व्यापार सहजीकरण गर्ने निकाय नेपाल पारवहन गोदाम व्यवस्था कम्पनी शाखा कार्यालय काँकडभिट्टाका प्रमुख यादवराज शिवाकोटी अनुभव साट्छन्, 'विगत ५ वर्षयता बंगलादेशसँगको निर्यात व्यापार मज्जाले घटेको छ। यो मुलुकका लागि गम्भीर चुनौतीको विषय हो।'

शिवाकोटीका अनुसार सुरुआतको वर्ष दिनसम्म यो नाकाबाट सामान्यमात्रै व्यापार भएको थियो। दोस्रो वर्ष त व्यापारै हुनसकेको थिएन। पूर्वाधारको चरम अभाव थियो। कुनै देहातमा गएर व्यापार गरेको महसुस हुन्थ्यो। भारतीय श्रमिकदेखि सुरक्षाकर्मीसम्मको हप्की सहनुपर्ने बाध्यता थियो। सीमामा तैनाथ सीमा सुरक्षाबल (बीएसएफ) बाट पनि नेपाली व्यवसायीले निक्कै सास्ती व्यहोरे। बीएसएफकै निगरानीमा सामान 'लोड/अनलोड' गर्नुपर्ने अवस्था थियो। भारत-बंगलादेश बीचको यो नाका प्रायः ठप्प थियो। मानव आवत-जावतमा समेत बन्देज थियो। विविध अवरोधका बाबजुद पनि नेपालले व्यापार जारी राख्दै आयो। अहिले समय फेरिएको छ। सडक मार्ग स्तरोन्नति गरेर दुई लेनबाट चार लेन बनाइयो। अहिले थप विस्तार गरी ६ लेन बनाइँदैछ। नेपाली ट्रकहरू सोझै बंगलादेशको वेयर हाउससम्म प्रवेश गर्न पाउने प्रावधान बनेको छ। 'विगतमा धेरै सास्ती र दुःख व्यहोर्नुपरेको थियो', वीरगन्जका ट्रक व्यवसायी पप्पु सिंह विगत सम्झिन्छन्, 'तर अहिले त स्वर्गजस्तै छ भन्दा पनि हुन्छ।'

त्यस्तो सास्ती र दुःखबीच पनि बंगलादेशसँगको निर्यात व्यापार उत्साहजनक नै थियो। अहिले पूर्वाधार पर्याप्त छन्। कुनै समस्या छैन। तर व्यापारचाहिँ फष्टाउनुको साटो गिर्दो अवस्थामा छ।

आर्थिक वर्ष २०५६/५७ पछि क्रमिक सुधार हुँदै आएको व्यापार आर्थिक वर्ष २०६४/६५ र २०६५/६६ मा चरम अवस्थामा पुगेको थियो। त्यो बेला मुसुरो, गहुँ, गहुँको चोकर, जडिबुटी, लिटोजन्य पदार्थको निर्यात अत्यधिक थियो। 'त्यो बेलाको व्यापारिक गतिले निकै आशा जगाएको थियो। अबचाहिँ केही होला कि भन्ने लागेको थियो', शिवाकोटी थप्छन्, 'तर त्यो अवस्था लामो समय टिक्न सकेन। अहिले व्यापार घट्दै गएको छ।' करिब ५ वर्षदेखि ओरालो लागेको निर्यात व्यापार माथि उक्लिनसकेको छैन। बंगलादेशको तुलनामा निर्यात ज्यादै कम छ। बंगलादेशले वर्षेनि वस्तु थपिरहेका बेला, नेपाली वस्तुहरूचाहिँ वर्षेनि घटिरहनु यसको मूल कारण हो।

जे भए पनि कुल व्यापारचाहिँ नेपालकै पक्षमा छ। नेपाल-बंगलादेश व्यापार कुनै बेला गौरवको विषय थियो। मुलुकले निकै फाइदा लिन सक्ने आँकलन गरिन्थ्यो। तर यतिबेला साख जोगाउनै मुस्किल छ। आर्थिक वर्ष २०७१/७२ देखि बंगलादेशसँगको व्यापार वर्षेनि गिर्दो छ।

आव २०७१/७२ मा नेपालले १ अर्ब १५ करोड १८ लाख २१ हजार रुपैयाँको वस्तु निर्यात गरेको थियो। जबकि बंगलादेशले दोब्बर अर्थात २ अर्ब ५३ करोड १२ लाख रुपैयाँको वस्तु पठाएको थियो। आव २०७२/७३ मा यो दरमा तेब्बर वृद्धि भएको देखिन्छ। १ अर्ब २६ करोड २७ लाख ४६ हजार रुपैयाँको वस्तु नेपालले निर्यात गर्दा बंगलादेशले ३ अर्ब ५० करोड ६३ लाख ७७ हजार रुपैयाँको वस्तु पठाएको थियो। आव २०७३/७४ मा १ अर्ब २६ करोड २७ लाख रुपैयाँको वस्तु पठाएको नेपालले तेब्बरभन्दा बढी अर्थात ३ अर्ब ५० करोड ७३ लाख रुपैयाँको वस्तु आयात गरेको थियो। चालु आवको भदौ १४ गतेसम्म नेपालले साढे २० करोडको वस्तु निर्यात गर्दा बंगलादेशबाट दोब्बरभन्दा बढी अर्थात् ४७ करोड ९१ लाख रुपैयाँको वस्तु आयात भइसकेको छ।

यही अवस्था रहिरह्यो भने निकट भविष्यमा बंगलादेशको दबदबा कायम रहने पक्का छ। नेपाली उत्पादनको निर्यात ठप्प हुने संकेत देखिँदैछ। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य केशवराज पाण्डेका अनुसार बंगलादेशले क्रमशः आफ्ना उत्पादनलाई बढाइरहेको छ। आलुदेखि जुससम्म पठाइरहेको छ। निकै लामो बजार विस्तार गरिसकेको छ। तर अपेक्षाकृत नेपाली निर्यात लगभग तल्लो अवस्थामा पुगिसक्यो। 'सीमित मुसुरो दालको भरमा बंगलादेशसँगको व्यापार हुनसक्ने अवस्था देखिन्न', पाण्डे भन्छन्, 'मुसुरोले मात्रै कतिन्जेल धान्ने हो, थाहा छैन।'

बंगलादेशमा निर्यात बढाउन कृषिजन्य वस्तुको उत्पादनमा सरकारले विशेष पहल सुरु गर्नुपर्ने पाण्डेको सुझाव छ। नेपाल-बंगलादेश व्यापारलाई नजिकबाट बुझेका व्यवसायी पाण्डे थप्छन्, 'अलैंची, अम्लिसो, चिया, जडिबुटी जस्ता निर्यातजन्य वस्तुको प्रवर्द्धनमा सरकार र निजी क्षेत्रको ध्यान जान जरुरी छ।'

### सम्झौता कार्यान्वयनमा कठिनाइ

सन् २०१२ देखि नेपाल-बंगलादेश व्यापार प्रवर्द्धनका लागि निरन्तर छलफल र वार्ता भइरहेका छन्। व्यापार सुधारका लागि वर्षेनि भइरहेका सरकारी प्रयत्न अनायासै खेर गइरहेको देखिन्छ। वार्ता, छलफल खासै प्रभावकारी बन्नसकेको देखिँदैन।

सन् १२ को बैठकमा बंगलादेशले नै एकअर्काका वस्तु तथा सामान एकअर्काका मुलुकमा शून्य भन्सार दरका लागि प्रस्ताव अघि सारेको थियो। तर प्रस्ताव आएको ५ वर्ष बितिसक्दा पनि यी कुरा कार्यान्वयन हुनसकेको छैन। २०१६ मे १० र ११ मा ढाकामा सम्पन्न नेपाल-बंगलादेश वाणिज्य सचिवस्तरीय बैठकले कृषिजन्य उत्पादन लगायतका १ सय ८ वस्तुमा 'ड्युटी फ्रि' सुविधा उपलब्ध गर्ने सहमति दोहोऱ्यायो। तर कार्यान्वयनका लागि अहिलेसम्म दुवै देश तयार भएको देखिएको छैन।

बंगलादेशले नेपालका १ सय ८ वस्तुलाई भन्साररहित सुविधा दिने र नेपालले पनि माछा, आलु चिप्स, रेफ्रिजरेटर, व्याट्री, गार्मेन्ट, प्लाष्टिकजन्य वस्तु, सिमेन्ट, टोवाको, टमटरको सस र विस्कुट लगायत ५० वस्तुमा ड्युटी फ्रि गर्ने सचिवस्तरीय बैठकको निर्णय थियो।

त्यस लगत्तै भएको सह-सचिवस्तरीय अर्को बैठकले पनि त्यही कुरा दोहोऱ्याएको थियो। केही समयपछि काठमाडौंमा पुनः सचिवस्तरीय बैठकको तयारी भइरहेको छ। 'अहिलेसम्म बैठकका लागि बैठकमात्रै भइरहेको अवस्था छ', नेपाल-बंगलादेश व्यापार सुधारका लागि आयोजना भएका अधिकांश बैठकमा सहभागी वाणिज्य सचिव डइन्द्रप्रसाद उपाध्याय भन्छन्, 'यसलाई तत्काल प्रभावकारी कार्यान्वयनको दिशातिर अघि लैजान आवश्यक देखिन्छ।'

उनका अनुसार अघिल्ला बैठकका निर्णय र सहमतिलाई 'टेक अप' गरेर लैजानुपर्नेमा बंगलादेशी पक्षबाट 'रिफर' हुँदै आएको छ। शून्य भन्सार सुविधाका पटक-पटकका बैठकमा मोडालिटी बनाएर कार्यान्वयन गरिने भनिएको छ। तर कार्यान्वयन तहमा पुगेपछि कुरा अन्तै मोडिन्छ।

गतवर्ष एकअर्काको मुलुकमा जाने/आउने (एसपीएस) सम्बन्धित कृषिजन्य वस्तुको क्वारेन्टाइन सहयोग, औद्योगिक उत्पादनको गुणस्तर सुनिश्चितता लगायतका विषयमा द्विपक्षीय सहमझदारी भएको थियो। कृषिजन्य वस्तुमा 'एमओयु' गर्ने कुरामा नेपाली प्रतिनिधिमण्डल तयार रहेको भए पनि बंगलादेशले विभिन्न एजेन्सीसँग समन्वय गर्नुपर्ने भएकाले त्यो कामचाहिँ अघि नबढेको वाणिज्य सचिव उपाध्यायले बताए। नेपाल-बंगलादेश व्यापारलाई सहजीकरण, व्यापारजन्य पूर्वाधार विकास तथा व्यापारमा देखिएको गैर-भन्सारजन्य अवरोध हटाउने विषयमा समेत पटक-पटक वार्ता, सहमति हुँदै आए पनि प्रभावकारी कार्यान्वयनमा तदारुकता नदेखाइनु दुःखद पक्ष हो। सचिव उपाध्यायका अनुसार नेपाली वस्तुको निर्यात वृद्धिका लागि उत्पादन वृद्धि गर्ने खालका विभिन्न कार्यक्रमको सरकारले खाका बनाइरहेको र केही कार्यक्रम सुरु नै गरिसकेको बताए।

### भारत आफैं अग्रसर

भारतले फूलबारी-बंगलाबन्ध नाका नेपाल-बंगलादेश बीचको व्यापारका लागि उपलब्ध गराएको 'ट्रान्जिट' हो। नेपाल-भारत बीचको द्विपक्षीय वाणिज्य सन्धि अनुसार बंगलादेशसँगको व्यापारका लागि भारतले नेपाललाई मार्ग उपलब्ध गराउने प्रावधान छ।

तर नेपालले व्यापार थालेको करिब १३ वर्षपछि भारत आफै पनि यो नाकाबाट व्यापार गर्न अग्रसर बनेको छ। सन् २०११ जनवरी २२ तारिखबाट भारतले औपचारिक व्यापार सुरु गरिसकेको छ। तत्कालीन केन्द्रीय वित्तमन्त्री प्रणव मुखर्जीले नाकाबाट व्यापार आरम्भ गरेका थिए। व्यापार सुरु गरेको छ। भारतले अहिले यहाँबाट अर्बौंको ढुंगा निर्यात गरिरहेको छ। दैनिक दुईदेखि अढाई सय ट्रक ढुंगा बंगलादेश निर्यात गरिरहेको छ। बंगलादेशले निर्माण योजनाका लागि ढुंगा आयात गर्दै आएको हो।

फूलबारी-बंगलाबन्ध नाका नेपाल-भारत-बंगलादेश बीचको व्यापारको त्रिदेशीय ट्रान्जिट प्वाइन्ट बन्दै गएको हो। फूलबारी ल्यान्ड कष्टम परिसरमा भारतबाट निर्यात हुने ढुंगाका ट्रक र बंगलादेशबाट नेपालका लागि आएका जुट र जुसका ट्रकको अत्यधिक चाप देखिन्छ। भारतले बंगलादेशबाट भने कुनै वस्तु आयात गरेको छैन। केही समयअघि प्रान कम्पनीका जुस लगायतका वस्तु आयात गरे पनि अहिले रोकेको भारतीय अधिकारीहरूले जनाएका छन्। 'बंगलादेशबाट वस्तु आयात नगर्ने सरकारी नीति छ', फूलबारी ल्यान्ड कष्टममा भेटिएका एक भारतीय अधिकारी भन्छन्, 'हामी आफै आत्मनिर्भर छौं, बंगलादेशबाट वस्तु आयात गर्न जरुरी छैन।'

व्यापारका लागिमात्रै प्रयोग हुँदै आएको फूलबारी-बंगलाबन्ध नाका भारतले गत वर्षदेखि व्यापारिक यात्रुको आवागमनका लागिसमेत खुला गरेको छ। अब राहदानीमा भिसा लगाएका यात्रुका लागि यो नाका खुला भएको छ।

यसअघि च्याङ्गाबन्ध नाकाबाट मात्रै यात्रुहरूको आउजाउ खुला थियो। उत्तर बंगाल विकास मन्त्री गौतम देवले यो नाकाबाट आवत-जावत सुरु भएपछि भारतसँगै नेपालले समेत फाइदा लिनसक्ने त बताए, तर कसरी फाइदा लिने भन्नेबारे नेपाली अधिकारी बेखबर छन्। देवले भनेका थिए, 'व्यापारसँगै पर्यटन विकासमा भारत र नेपाल दुवै देशले फाइदा लिन सक्छ।'

### २० वर्षको लेखाजोखा

निर्यात व्यापारमा गिरावट देखिए पनि बंगलादेशसँगको समग्र व्यापार भने नेपालको पक्षमै छ। २० वर्षमा कुल ४८ अर्ब २८ करोड ४० लाखको व्यापार हुँदा नेपालले २९ अर्ब ८५ करोड ८० लाख रुपैयाँको वस्तु निर्यात गरेको छ। जबकि बंगलादेशबाट झन्डै १० अर्ब कम अर्थात १९ अर्ब १९ करोड ८२ लाखको वस्तु आयात भएको देखिन्छ। (हेर्नुस्, बक्स)

आर्थिक वर्ष २०७३/७४ मा नेपालबाट १ अर्ब ३३ करोड ८५ लाख रुपैयाँको वस्तु बंगलादेश निर्यात गर्दा बंगलादेशले नेपालभन्दा तीन/चार दोब्बर बढी अर्थात ४ अर्ब ९० करोड ९६ लाख बढीको सामान नेपाल पठाएको छ। निर्यात व्यापार क्रमशः खस्किँदै जानुको पछिल्लो उदाहरण हो यो।

बंगलादेश निर्यात हुने नेपाली सामानको संख्या ज्यादै न्यून छ। पुग-नपुग आधा दर्जन 'आइटम'मात्रै निर्यात हुन्छन्। व्यवसायीहरूका अनुसार बंगलादेशसँगको व्यापारको आधाभन्दा बढी हिस्सा मुसुरोले ओगट्छ।

केही वर्षदेखि मुसुरोको निर्यात क्रमशः घट्दो छ। यसको असर बंगलादेशसँगको समग्र व्यापारमा परेको छ। कार्यालयका अनुसार आव २०६९/७० मा २ अर्ब ७१ करोड १४ लाखको मुसुरो निर्यात भएको थियो। २०७०/७१ मा निर्यात घटेर १ अर्ब ९६ करोडमा झऱ्यो। २०७१/७२ मा आइपुग्दा १ अर्ब ११ करोडको दाल निर्यात भएको छ। २०७२/७३ मा थोरै बढेर १ अर्ब २० करोड १९ लाख बढी मूल्यको दाल निर्यात भएको देखिन्छ। यो वर्ष साढे ९५ करोडको मात्रै मुसुरो निर्यात भएको देखिन्छ।

स्रोतका अनुसार मुसुरो भारतबाट नेपाल आएर बंगलादेश निर्यात हुन्छ। 'नेपालमा यत्रो दाल फल्दैन', व्यापारी स्रोतले भन्यो, 'विगतमा जस्तो दाल निर्यात नहुनुको कारण भारतले नाकामा कडाइ गऱ्यो, जसका कारण पर्याप्त दाल नेपाल भित्रिन पाएन र बंगलादेश निर्यातसमेत घट्यो।'

दाल निर्यातकर्ताहरू भने नेपालमा उत्पादन नै घटेका कारण निर्यात पनि घट्न थालेको दाबी गर्छन्। विगतमा दाल जस्तै गहुँ बंगलादेश निर्यात हुन्थ्यो। भारतबाट भित्रिएर नेपाल हुँदै बंगलादेश निर्यात हुन्थ्यो।

विराटनगरका मुसुरो व्यवसायी प्रदीप शारडाका अनुसार सरकारी नीतिका कारण मुसुरोको निर्यात क्रमिक रूपमा घटिरहेको दाबी गर्छन्। उनका अनुसार एकातिर निर्यात प्रोत्साहनका लागि भन्दै १ प्रतिशत सहुलियत दिने र अर्कातिर प्रतिकिलो १ रुपैयाँ कर असुल्ने प्रवृत्तिले मुसुरोको निर्यातमा गिरावट आएका हो। व्यवसायी शारडा भन्छन्, 'सरकारले दोहोरो चरित्र देखाउनु भएन।' उनले निर्यात व्यापारमा विगतको ४ प्रतिशत सहुलियत घटाएर १ प्रतिशतमा झारेको प्रति पनि आपत्ति जनाए। उनले थपे, 'निर्यातलाई प्रोत्साहनका लागि सहुलियत बढाउनुपर्नेमा सरकार उल्टै घटाइरहेको छ, अनि कसरी हुन्छ, निर्यात व्यापारलाई प्रोत्साहन ?'

दालका अतिरिक्त डाबर नेपालका उत्पादनहरू मह, हजमोला, च्यवनप्रास, कपालमा लगाउने तेल प्रमुख रूपमा निर्यात हुँदै आएको छ। त्यस्तै चिराइतो, मोजितो, रिठ्ठा लगायतका जडिबुटी पनि बंगलादेश निर्यात सूचीमा छन्। बंगलादेशमा तरकारीजन्य वस्तु, फलफूल र कृषि उत्पादनको माग उच्च देखिन्छ। तर भारततर्फको क्वारेन्टाइनको झन्झटिलो प्रक्रिया र कृषिजन्य उत्पादन आयातमा बंगलादेश सरकारले लगाएको चर्को राजस्व (ड्युटी) बाट नेपाली उत्पादन प्रत्यक्ष मारमा परेको छ। त्यहाँको सरकारले तरकारी आयातमा ५५ प्रतिशतभन्दा बढी ड्युटी लगाएको छ। अदुवा, अलैंची, अम्लिसो तथा जडिबुटी निर्यात सम्भावना उच्च देखिन्छ। यद्यपि नेपाली व्यवसायीले निर्यात गर्न सकिरहेकै छैनन्।

एलसी (लेटर अफ क्रेडिट) मार्फत वस्तुको निर्यात गर्न झन्झट छ। त्यसको विकल्पका रूपमा टेलिग्राफिक ट्रान्सफर (टीटी) अर्थात 'एडभान्स पेमेन्ट'को सुविधा उपयुक्त हुने व्यवसायीहरूको भनाइ छ। व्यवसायी शारडा भन्छन्, 'एलसीमार्फत हुने व्यापारमा धेरै समस्या छन्। समयमा 'पेमेन्ट' पाउन गाह्रो छ।' सन् २०१२ मा व्यवसायी पवनकुमार साहको करोडौं रुपैयाँ बंगलादेशमा फँसेको थियो। पछि सरकारी एवं कूटनीतिक पहलबाट उनले आफ्नो रकम लिन सफल भएका थिए।

नेपाली व्यवसायीहरूले अहिले टीटीमार्फत बंगलादेशबाट वस्तु आयात गरिरहेका छन्। तर बंगलादेशी व्यापारीले नेपाली सामान आयात गर्न खोज्दा सकिरहेका छैनन्। किनकि बंगलादेशी सरकारले टीटीको व्यवस्था दिएको छैन। 'बंगलादेशतिर पनि टीटीको प्रावधान भए नेपाली वस्तु तथा सामान निर्यात गर्न सहज हुने थियो', व्यवसायी शारडा भन्छन्। बंगलादेशस्थित नेपाली राजदूतावासलाई समेत यसका लागि पटक-पटक पत्राचार गरेको व्यवसायीहरूले बताएका छन्।

ट्विटर :@parwatportel2

### नेपाल-बंगलादेश व्यापारको २० वर्षे तथ्यांक

| आर्थिक वर्ष | निर्यात | आयात | जम्मा (रुपैयाँ) |
|---|---|---|---|
| ०५४/०५५ | १,१५७,७६०.०० | १३,१२६,२७४.०० | १४,२८४,०३४.०० |
| ०५५/०५६ | ४२,३५२,७१६.०० | ४८,०८८,७३८.०० | ९०,४४१,४५४.०० |
| ०५६/०५७ | ९४,२३२,६००.०० | ४१,३२२,२१३.०० | १३५,५५४,८१३.०० |
| ०५७/०५८ | २३,६१६,५३४.०० | ५१,३७९,५६९.०० | ७४,९९६,१०३.०० |
| ०५८/०५९ | ८१,७१७,४६३.०० | ८२,०६१,९९६.०० | १६३,७७९,४५९.०० |
| ०५९/०६० | ११,७९६,५९०.०० | १४०,९१५,८२८.०० | १५२,७१२,४१८.०० |
| ०६०/०६१ | ७३,४०८,९६३.०० | १०७,७५९,६०८.०० | १८१,१६८,५७१.०० |
| ०६१/०६२ | १५९,०१८,९२४.०० | १०४,८९१,२७६.०० | २६३,९१०,२००.०० |
| ०६२/०६३ | २३५,१०४,३७६.०० | ३८०,३१८,८००.०० | ६१५,४२३,१७६.०० |
| ०६३/०६४ | ५४१,३३७,३०८.०० | ४९९,७८०,८०८.०० | १,०४१,११८,११६.०० |
| ०६४/०६५ | ४,८३२,८५२,८९८.०० | ४००,८८०,४२७.०० | ५,२३३,७३३,३२५.०० |
| ०६५/०६६ | ५,१३२,८०१,३०८.०० | ३३७,०५१,२५०.०० | ५,४६९,८५२,५५८.०० |
| ०६६/०६७ | ३,२९७,२४१,४७५.०० | ६८६,८५६,३१४.०० | ३,९८४,०९७,७८९.०० |
| ०६७/०६८ | ३,४७०,९९१,१८६.०० | १,०३३,०१३,८९९.०० | ४,५०४,००५,०८५.०० |
| ०६८/०६९ | २,५२५,२२०,१२०.०० | १,३९१,९९४,९९८.०० | ३,९१७,२१५,११८.०० |
| ०६९/०७० | २,८१३,२०२,७२०.०० | २,०५४,४१२,०९१.०० | ४,८६७,६१४,८११.०० |
| ०७०/०७१ | २,०९५,७९९,७७२.०० | १,४३२,९३८,९१०.०० | ३,५२८,७३८,६८२.०० |
| ०७१/०७२ | १,१५१,८२१,८५९.०० | २,५३०,१२१,३५५.०० | ३,६८१,९४३,२१४.०० |
| ०७२/०७३ | १,२६२,७४६,०५८.०० | ३,५०६,३७७,१८२.०० | ४,७६९,१२३,२४०.०० |
| ०७३/०७४ | १,०३३,८५५,६३०.०० | ३,८७५,८२९,१५४.०० | ४,९०९,६८४,७८४.०० |
| ०७४/०७५ (भदौ १४ सम्म) | २०५,५३१,७५१.०० | ४७९,११३,२९०.०० | ६८४,६४५,०४१.०० |
| जम्मा | २९,०८५,८०८,०११.०० | १९,१९८,२३३,९८०.०० | ४८,२८४,०४१,९९१.०० |

स्रोत : नेपाल पारवहन गोदाम व्यवस्था कम्पनी

» टिप्पणी

## खस्कँदो निर्यात व्यापार



यादवराज शिवाकोटी

काँकडभिट्टा-फूलबारी-बंगलाबन्ध मार्गबाट नेपालले २०५४ भदौ १४ गतेदेखि व्यापार आरम्भ गर्दा प्रशस्तै अवसरको परिकल्पना गरेको थियो। त्यो बेला मुलुकले कोलकाता-हल्दिया बन्दरगाहको बलियो विकल्प हुनसक्छ, यो नाका भन्ने सोचेको पनि थियो। तर बंगलादेशसँगको अहिलेको व्यापार अवस्थालाई हेर्ने हो भने दुःखलाग्दो बन्दै गएको छ।

यद्यपि निराश भइहाल्नुपर्ने अवस्था त छैन। तर बंगलादेशसँगको व्यापार वृद्धिमा बेलैमा सरकारको ध्यान नजाने हो भने एकदिन बंगलादेशसँगको व्यापारमा पनि हामी सदाका लागि पछि पर्नेछौं। निर्यात दर ज्यादै न्यून र आयात दर बढ्दै गइरहेको वर्तमान सन्दर्भमा सरकारले निर्यात व्यापार बढाउने योजना ल्याउनुको विकल्प छैन।

हो, सुरुआतको एक वर्षसम्म सामान्य व्यापार भएको थियो। दोस्रो वर्ष व्यापार नै भएको थिएन। जब गहुँ र दाल निर्यात सुरु भयो, त्यसपछि व्यापारले मज्जाले 'पिक अप' लिएको हो। अहिले पनि समग्र व्यापारका दृष्टिले करिब १० अर्ब जति हामी नाफामै छौं। तर यो अवस्था सधैं रहनेवाला छैन। अहिले जुन नाफामा छौं, त्यो त्यसबेलाको व्यापारको ब्याजमात्रै हो। अहिले निर्यात व्यापार प्रायः कम हुँदै गएको छ। दाल बाहेक अन्य वस्तु निर्यात भएकै छैन। दाल पनि विगतको तुलनामा घटेको छ। दालकै मात्र भर गरेर कतिन्जेल व्यापार गर्ने ? यो सोचनीय विषय हो।

सरकारले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीलाई नेपाल-बंगलादेश बीचको व्यापार सहजीकरणको जिम्मेवारी दिएको छ। नेपाल-भारत पारवहन सन्धिमा पनि दुई देशले हाम्रो सक्रियता महसुस गरी हाम्रो सहभागिता भएको हो। हाम्रो काम निर्यात बढाउने होइन, त्यो सरकारको काम हो। तर आफूले लामो समयदेखि बंगलादेशसँगको व्यापार हेर्दै आएकाले थोरै अनुभवचाहिँ के हुनथालेको छ भने जसरी हुन्छ, निर्यात बढाउनुको विकल्प छैन। सुरुमा त एकदमै पूर्वाधारको कमी थियो। कुनै देहातमा गएर व्यापार गरेजस्तो महसुस पनि भएको थियो। नेपाल र भारत बीचका सिमानामा चहलपहल थियो। तर भारत-बंगलादेश बीचको सीमा प्रायः ठप्प नै थियो। मानव आवत-जावत शून्य थियो भन्दा पनि हुन्छ।

त्यो अवस्थामा पनि हाम्रो प्रयास जारी रह्यो। त्यसपछि क्रमशः व्यापार बढ्दै गयो। आर्थिक वर्ष २०५६/५७ पछि व्यापारले गति लिन थाल्यो। सुधारका लक्षण देखिन थाले। विरानो भूमि थियो, अन्जान ठाउँ थियो। सञ्चारको कुनै सुविधा पनि थिएन। दिनभरि सीमामा बसेर दुई-चार गाडी व्यापार गरेर फर्कनुपर्ने अवस्था थियो। अहिले भारतले मानव आवत-जावतलाई समेत खुला गरी अध्यागमन कार्यालय पनि स्थापना गरेको छ। यो नाकाको भविष्य उज्ज्वल छ। यसलाई नेपालले पनि सक्दो सदुपयोग गर्न सक्नुपर्छ।

फूलबारी ल्यान्ड कस्टममा गएर हेर्ने हो भने अहिले भारतीय ढुंगावाहक ट्रक र बंगलादेशी ट्रकहरू मात्रै देखिन्छन्। नेपाली ट्रकहरू प्रायः देखिँदैन। विगतमा सिंगो नाका नेपाली ट्रकले ढाक्ने गर्थ्यो। बंगलादेशबाट नेपालका लागि जुट, जुसजन्य पदार्थ, कपडा, चिनी, आलु आइरहेको छ। हामीले त्यही मुसुरो त्यो पनि कहिलेकाहीं मात्रै पठाइरहनुपरेको छ।

आर्थिक वर्ष २०६४/६५ र ०६५/६६ मा व्यापार चरम रूपमा वृद्धि भएको थियो। त्यतिखेर हाम्रा निर्यातजन्य सामान मुसुरो, गहुँको चोकर, जडिबुटी, गहुँ, लिटो लगायतका वस्तु निर्यात भए। उत्साहजनक निर्यात दर देखेर व्यवसायीका साथै हामी पनि खुसी बन्यौं। बढ्दो निर्यातले आशा जगाएको थियो। तर व्यापार त बढिरहेको छ। निर्यात चाहिँ एकदमै खस्किँदै गएको छ। हाम्रो निर्यात व्यापार बंगलादेशको तुलनामा ज्यादै खस्किएको छ। धेरै न्यून अवस्थामा पुगिसक्यौं।

अहिलेसम्म पनि कुल व्यापार त नाफामै देखिन्छ। तर निर्यातचाहिँ क्रमशः घट्दो छ। यही शैलीमा व्यापार हुँदै जाने हो भने बंगलादेशले क्रमशः आफ्ना उत्पादनलाई बढाउँदै लगेको छ। उसले जुसजन्य पदार्थदेखि कृषि सामग्रीसमेत निर्यात गरिरहेको छ।

अपेक्षाकृत त्यसको तुलनामा हामी एकदमै तल्लो अवस्थामा छौं। सीमित मात्रामा मुसुरो दाल निर्यातमा मात्रै सीमित छौं। डाबर नेपालका उत्पादन पनि नगन्य मात्रमा जान्छन्। जडिबुटीको व्यापार बजार विस्तार हुनसकेन, बंगलादेशमा। व्यापार अभिवृद्धिका लागि सरकारी पक्ष, निजी क्षेत्र सबै लाग्न जरुरी छ, व्यापार प्रवर्द्धनका लागि। व्यापार वृद्धिका लागि समय-समयमा उच्चस्तरीय बैठक पनि भए, तर तदारुकता देखिएको छैन। भारतको फूलबारी र बंगलादेशतिरको बंगलाबन्धतिर पनि भौतिक पूर्वाधारको विकास भइसकेको छ। प्रविधिको विकास पनि छ। अब व्यापार अभिवृद्धीकरणमा सरकारी र निजी क्षेत्र लाग्न जरुरी छ। निजी क्षेत्रले सरकारसँगको सहकार्यमा पहल गर्नु जरुरी छ। अनि मात्रै नाफा व्यापारको सुखानुभूति गर्न सक्नेछौं।

सडकको समस्या छैन। दुई लेनको सडक ६ लेन बनाइँदैछ। खालि हाम्रो पक्षमात्रै के रह्यो भने बंगलादेशले झैं हामीले पनि व्यापार अभिवृद्धिमा जोड दिन जरुरी छ। कृषिजन्य उत्पादनहरू- अदुवा, अलैंची, कुचो आदिको अत्यधिक माग छ। त्यसको निर्यातमा विशेष जोड दिनुपर्छ। भारतीय श्रमिकहरूको समस्या छैन। जनशक्तिको अभाव छैन। कुनै किसिमको अवरोध छैन। निर्वाध छ, व्यापार। सबै कुरा राम्रो छ। हामीले व्यापार अभिवृद्धि गर्न सक्नुपर्छ। वस्तु निर्यात गर्नसक्दा हामी सधैं नाफामा हुन सक्छौं।

*नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीका झापा शाखा प्रमुख शिवाकोटीसँगको कुराकानीमा आधारित*

# दसैंमा खानपान

■ अतुल मिश्र

दसैं पनि आयो । दसैंतिहारजस्ता ठूला चाडबाडको नाम सुन्नासाथ प्राय: सबैलाई साथीभाइसँगको रमझम, पुर्ख्यौली थलोको यात्रा, भेटघाट, अरू रामरमाइलोको झल्को आइहाल्छ । अरू ठूला पर्वजस्तै दसैं हाम्रा लागि स्वादिलो, गरिष्ठ, मसलादार, बोसो, चिल्लो खानपानमा रमाउने समय पनि हो ।

सामान्य स्वस्थ व्यक्तिले स्वच्छ र सन्तुलित मात्रामा यस्तो खानपान लिए खासै फरक पार्दैन । तर बालबालिका, बूढापाका र नसर्ने रोग भएकाहरूले भने सचेत हुनुपर्छ । यस्ता व्यक्तिका लागि भने यस्तो असन्तुलित काम जोखिमपूर्ण हुन्छ । कहिलेकाहीं त ज्यानै जोखिममा पर्नेसम्म हुन सक्छ । विज्ञहरूका अनुसार, केही खास स्वास्थ्य अवस्थाका व्यक्तिले दसैंतिहारलगायत जुनसुकै समय खानपानमा सन्तुलन राख्नुपर्छ । उच्च रक्तचाप, मधुमेह, मुटु रोगी, हृदयाघात (ब्लकेज) जस्ता रोग, एन्जियोप्लास्टि गरिसकेका रोगी, हार्ट फेल्योर अर्थात् मुटु कमजोर भएकाहरू, मुटुको चालको समस्या भएकाहरू, उच्च कोलेस्ट्रोल, जन्मजात मुटु रोग, पेटको दीर्घ रोगीहरू, ग्यास्ट्रिक, पेटको अल्सर भएकाहरू, दीर्घकालीन मृगौला रोग भएकाहरूले खानपानमा विशेष विचार पुऱ्याउनुपर्छ ।

दसैंमा मासुसँगै मद्यपानले समेत व्यापकता पाउने गरेको छ । एक दिनमा एउटा स्वस्थ व्यक्तिले दुई युनिट र महिलाले एक युनिटभन्दा बढी मद्यपान गर्नु हुँदैन । 'रोगी मात्र नभई स्वस्थ व्यक्तिले समेत एक दिनमै अत्यधिक मद्यपान गर्दा हृदयाघात निम्तिन सक्छ,' मुटु रोग विशेषज्ञ डा. ओममूर्ति अनिल भन्छन्, 'उसो त मुटुको चाल अनियमितता भएकाहरू, उच्च रक्तचाप नियन्त्रणमा नभएका र उच्च कोलेस्ट्रोल भएकाहरूले मद्यपान गर्नै हुँदैन ।'

दसैंमा असन्तृप्त बोसो बढी भएका खाद्य पदार्थको व्यापक उपयोग गरिन्छ । खसी, राँगाको आदिको रातो मासु, अण्डाको पहेंलो भाग आदिमा असन्तृप्त बोसो बढी हुन्छ । यस्ता खाद्यपदार्थ पकाउँदा तेल, घ्यू, मसला, नुन आदिको अत्यधिक प्रयोगले परिकारमा बोसोलगायत हानिकारक वस्तुको मात्रा झन बढने गरेको छ ।

'कोलेस्ट्रोल, रक्तचाप र मुटु रोगीहरूले सन्तृप्त बोसो भएको खाद्य पदार्थको सकेसम्म कम प्रयोग गर्नुपर्छ,' डा. ओम भन्छन्, 'उनीहरूले खसी, राँगा आदिको मासु अण्डाको पहेंलो भाग आदि कम मात्रामा खानुपर्छ ।'

सातामा एउटा सामान्य व्यक्तिले दुइटा मात्र अण्डा खानु उपयुक्त रहेको उनी बताउँछन् । कोलेस्ट्रोल परीक्षण नगरेकाहरू, कोलेस्ट्रोल उच्च भएकाहरू र कोलेस्ट्रोलका औषधि खाइरहेकाहरूले सकेसम्म अण्डाको पहेंलो भाग खानै हुँदैन ।

मासु नै खाँदा कोलेस्ट्रोल घटाउन केही बचाउका उपायहरूसमेत छन् । मासुमा आँखाले देखिने बोसो भएको भागलाई हटाउनुपर्छ । छाला उपयोगै गर्नु हुँदैन । छालामा बोसो सबैभन्दा बढी हुने डा. ओम बताउँछन् । बोसो नभएको मासुलाई कम तेलमा पकाउनुपर्छ । खाने बेलामा मासुको पिस मात्र झिकेर खानुपर्छ ।

'मासुको लेदो पनि कम खानुस् । यसमा बोसो धेरै बढी हुन्छ,' डा. ओम भन्छन्, 'एकै चोटि धेरै मासु नखानुस् । सकेसम्म मासुसँगै प्रशस्त सागसब्जी, र सलादको प्रयोग गर्नुस् । यसो गर्दा नोक्सानी मात्रालाई धेरै कम गर्छ ।' रेशायुक्त खानाले आन्द्रामा कोलेस्ट्रोलको अवशोषण घटाउने भएकोले मासुसँगै सागसब्जी र सलाद खानु स्वास्थ्य कर मानिन्छ ।

माछामा सन्तृप्त बोसो बढी हुने भएकोले उचित प्रक्रियाअनुसार पकाएर मात्रै खानु स्वास्थ्यको लागि राम्रो मानिन्छ । अनुसन्धानहरूअनुसार, माछामा पाइने ओमेगा-३ फ्याटी एसिडले तन्तु र धमनीसम्म पुगेर मुटुको सुरक्षा गर्छ ।

अमेरिकन हार्ट एसोसिएसनको एउटा वार्षिक बैठकमा चिकित्सकहरूद्वारा प्रस्तुत अनुसन्धानको निचोडअनुसार, सातामा कम्तीमा एकपटक माछा खानाले हृदयाघातले गर्दा हुने एक्कासि मृत्युको सम्भावना आधा हुन्छ ।

ओमेगा-३ पोली अनस्याचुरेटेड फ्याटी एसिड भएको माछाको नियमित सेवनले उच्च रक्तचाप पीडितको रक्त दबाबमा उल्लेखनीय कमी आउँछ ।

'माछालाई यसमा भएको नैसर्गिक गुण कायम राख्न सकेसम्म कम तेलमा तार्नुपर्छ,' डा.ओम भन्छन्, 'माइक्रोवेबमा पकाएको माछा लाभदायक हुन्छ, जति खाए पनि बेफाइदा गर्दैन ।'

तर बढी तेलमा तारेर, भुटेर माछा पकाउँदा यसमा भएको ओमेगा-३ फ्याटी एसिड नष्ट हुन्छ, जसले गर्दा यसले पुऱ्याउने फाइदा हराएर जान्छ भने तेल आदिको माध्यमले शरीरमा अतिरिक्त बोसो पुग्छ ।

मिठाई दूध, चिनी, घ्यू, तेल आदिको प्रयोग गरेर बनाइएकोले यसले कोलेस्ट्रोल र क्यालोरी बढाउने गर्छ । मिठाईले कोलेस्ट्रोल र मुटु रोगीलाई बेफाइदा गर्छ ।



हाल बजारमा सुगरफ्री मिठाई पाइने भए पनि यो मधुमेह रोगीले ढुक्क भएर खानु हुँदैन । यस्तो मिठाइमा सेकरिन, तेल, घ्यू, दूध आदिको प्रयोग भएको हुन्छ ।

यस्ता सुगरफ्री मिठाईमा चिनी कम मात्रामा भए पनि क्यालोरी र फ्याट हुने भएकोले मधुमेह रोगीको लागि सुरक्षित हुँदैन । सकेसम्म खानु हुँदैन ।

दसैंतिहारताका खानपानमा असन्तुलन हुने भएकाले दीर्घकालीन पेटको समस्या र अल्सर भएकाहरूले विशेष ध्यान दिनुपर्ने मेडिकेयर हस्पिटलका निर्देशक एवं पेटरोग विशेषज्ञ डा. प्रदीप यादव बताउँछन् ।





'दसैंमा गरिष्ठ, मसला, चिल्लो, बोसोयुक्त खानासँग मदिराको कुरा आउँछ,' उनी भन्छन्, 'मद्यपानले कलेजोको समस्या, पेटको अल्सर बिग्रेर रगत बग्नेलगायतका समस्या प्रशस्त देखिन्छ ।'

यस्तै दसैंताका मासुलगायतका खाद्यपदार्थ एकपटक पकाए पनि तीन/चार दिनसम्म उपयोग गर्ने परिपाटीले थप स्वास्थ्य समस्या निम्तिने गरेको डा. यादव बताउँछन् । 'दसैंतिहारतामा दीर्घरोगी मात्र नभएर स्वस्थ व्यक्तिमा समेत पाचनसम्बन्धी गडबडी, खाद्य विषाक्तता, पेटको समस्या बढी हुने गर्छ,' उनी भन्छन्, 'बढी चिल्लो, मसला आदिले गर्दा पेटको समस्या नदेखिएकाहरूलाई पनि समस्यामा पर्न सक्छन् । यसले गर्दा शरीरमा लुकिरहेको रोगबाहिर आउँछ ।'

रक्तचाप ठीक रहेका र शरीरमा नसुन्निएका मृगौला रोगीको मृगौलाले सामान्य काम गरिरहेको छ भने दसैंतिहार वा अन्य समय खानपानसम्बन्धी त्यस्तो परहेज गर्नु नपर्ने मृगौला रोग विशेषज्ञ डा. ऋषि काफ्ले बताउँछन् । 'तर जसको मृगौलाको काम सामान्य छैन, जसलाई हामी दीर्घकालीन मृगौला रोग भन्छौं, यस्ता व्यक्ति जो मृगौला फेल भए पनि अझै डायलासिसमा गएका छैनन्, उनीहरूले निकै सावधानी अपनाउनुपर्छ । यस्ता व्यक्तिहरूले अरू दिन जे खाइरहेका छन् त्यसलाई नै निरन्तरता दिनुपर्छ, मासु, मसला, नुन खानुहुँदैन ।'

यस्ता व्यक्तिले अलि बढी नुन खाए रक्तचाप अनियन्त्रित हुन्छ । बढी फलफूल खाए पोटासियम बढ्छ र यस्तो हुनु खतरनाक हो । तरल पदार्थ बढी सेवन गर्दा सुन्नाइ देखिन्छ वा बढ्छ ।

डा. काफ्लेका अनुसार, यस्ता रोगीले रातो मासु खाए युरिक एसिड बढेर जोर्नी दुख्ने समस्या हुन्छ र मृगौलाको काम गर्ने क्षमता गडबड हुन्छ ।

### सुरक्षित खानपानका लागि

दसैंतिहारमा भान्साकोठाको छुट्टै रौनक हुन्छ । अझ दसैंमा माछामासुजस्ता खाद्यपदार्थको अधिकताले भान्साकोठामा थप दबाब सिर्जना गर्छ । यसैले अन्य दिनजस्तै यो समयमा भने खाना पकाउँदा विशेष ध्यान दिनुपर्छ । हात साबुनपानीले सफा गरेर मात्र खाना छुनु वा बनाउनुपर्छ । यस्तै पकाएको तथा नपकाएको खाद्यपदार्थलाई छुट्टाछुट्टै राख्नुपर्छ ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार नपकाएका खानेकुरा जस्तै माछामासु आदिमा हानिकारक सूक्ष्म जीवहरू हुन सक्छन् । यी जीवहरू खाना तयार गर्दा अरू खानेकुरामा सर्न सक्छन् । त्यही भएर नपकाएको माछामासुजस्ता खाद्यपदार्थ छुट्टै राख्नुपर्छ ।

डब्लूएचओको अनुसार, ७० डिग्री सेन्टिग्रेडभन्दा बढीको तापक्रममा खाना तताएर खाँदा हानि हुँदैन । पोलेर, भुटेर तथा कम पकाएर खाने र ठूला आकारका चाँडै नपाक्ने खानालाई भने विशेष ध्यान दिनुपर्छ ।

दसैंतिहारताका एकैपटक बढी मात्रामा खाद्यपदार्थ बनाएर कैयौं दिनमा खाने चलनसमेत छ । सामान्य तापक्रममा भने खानालाई दुई घण्टाभन्दा बढी राख्नु हुँदैन ।

डब्लूएचओका अनुसार, पकाएको तथा चाँडै बिग्रिने खानालाई ५ डिग्री सेन्टिग्रेडभन्दा कम तापक्रममा रेफ्रिजरेटरमा राख्नुपर्छ । यस्तै, ६० डिग्री सेन्टिग्रेडभन्दा तातो खाना खानुपर्छ । रेफ्रिजरेटरमा समेत खानालाई लामो समयसम्म राख्नु हुँदैन । चिसोमा राखेको खानालाई तत्काल नै तताउनुपर्छ र सामान्य तापक्रममा राख्नु हुँदैन । डब्लूएचओका अनुसार, खानालाई सामान्य तापक्रममा राखेमा सूक्ष्म जीवहरू धेरै चाँडो बढ्छन् । तर ५ डिग्री सेन्टिग्रेडभन्दा तल र ६० डिग्री सेन्टिग्रेडभन्दा माथिको तापक्रममा खाना राखेमा ती सूक्ष्म जीवहरूको वृद्धि रोकिन्छ वा ती मर्छन् । केही हानिकारक जीवहरू भने ५ डिग्री सेन्टिग्रेडभन्दा कम तापक्रममा समेत बाँच्न र बढ्न सक्छन् ।

### कम समयै बढी मद्यपान अर्थात् विन्ज ड्रिंकिङ

दसैंताका मुलुकमा सबैभन्दा बढी मदिराको उपयोग हुन्छ । 'दसैंतिहार, उत्सवमा रमाउन मदिरा उपयोग सामान्य प्रक्रिया मानिए पनि यसलाई तपाईंले आफ्नो वास्तविक स्वास्थ्य अवस्थालाई दृष्टिगत गरी हेर्नुपर्छ,' मुटु रोग विशेषज्ञ डा. ओममूर्ति अनिल भन्छन्, 'मद्यपान तपाईंको लागि खासै फरक नपार्ने, फाइदाजनक वा हानिकार हुन्छ भन्ने कुरा उमेर, स्वास्थ्य स्थिति, परिस्थितिसँगै तपाईंले कति मद्यपान गर्नुभयो भन्ने कुरामा निर्भर गर्छ ।'

डब्लूएचओको पछिल्लो आँकलनअनुसार, मदिराको हानिकारक उपयोगले विश्वमा बर्सेनि ३३ लाख व्यक्तिको मृत्यु हुन्छ । यो संख्या सम्पूर्ण मृत्युको ५.९ प्रतिशत हो । करिब दुई सय रोग र विभिन्न प्रकारका दुर्घटनाको कारणसमेत हानिकारक रूपले मदिराको उपयोग हो ।

'मुटु, मृगौला, कलेजो, मधुमेहलगायतका दीर्घ रोग भएकाहरूले मदिराको माध्यमले सामान्य रमझमको प्रयास गर्दा मात्र हैन, पूर्ण स्वस्थ व्यक्तिसमेत अत्यधिक सेवन गरे जोखिममा पर्न सक्छन्,' डा.ओम भन्छन्, 'सामान्यत: मदिरा सेवन नगर्ने पूर्ण स्वस्थ व्यक्तिहरू कम समयमै अत्यधिक सेवन अर्थात् विन्ज ड्रिंकिङ गर्दा मृत्युदेखि जोखिमको अवस्थामा पुग्न सक्छन् ।'

अमेरिकास्थित नेसनल इन्स्टिच्युट अफ अलकोहल एब्युज एन्ड अल्कोहलिज्म (एनआईएएए) को तथ्यपत्रअनुसार, महिलाले दुई घण्टाभित्र ४ वा योभन्दा बढी ड्रिंक लिनु वा पुरुषले दुई घण्टाभित्र ५ वा योभन्दा बढी ड्रिंक लिनु विन्ज ड्रिंकिङ हो । विन्ज ड्रिंकिङ गरेका व्यक्तिको रगतमा मदिराको सान्द्रता ०.०८ ग्राम प्रतिशत वा यसभन्दा माथि हुन्छ ।

'तपाईंको रगतमा मदिराको यस्तो मात्रा आउन दुई घण्टाभित्र पुरुषले ५ वा त्योभन्दा बढी ड्रिंक र महिलाले ४ वा यसभन्दा बढी ड्रिंक लिएको हुनुपर्छ,' डा. ओम भन्छन् ।

मदिराको एउटा ड्रिंक, जसलाई हामीले बोलचालको भाषामा 'पेग' भन्ने गरेका छौं, समेत परिभाषित गरिएको छ । अमेरिकास्थित सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) को तथ्यपत्रअनुसार, एउटा पेग/एक युनिट/एक ड्रिंक १४.६ ग्राम शुद्ध मदिराको हुन्छ । हार्ड लिकर अर्थात् हीस्की, रम, जिन, भोडकालगायतमा बियर/वाइनको दाँजोमा बढी मात्रामा मदिरा हुन्छ । अमेरिकास्थित नेसनल इन्स्टिच्युट अफ ड्रग एब्युजको तथ्यपत्रअनुसार जिन, भोडका, हीस्की, रमजस्ता कडा मदिरा अर्थात् ४४ मिलिलिटर हार्ड लिकर एक मात्रा वा एक पेग हो । यस्तै, ४४ मिलिलिटर अर्थात् एक मात्रा वा पेग, हार्ड ड्रिंकमा भएको मदिराको मात्रा ३५५ मिलिटिर बियर, १४८ मिलिलिटर वाइन, २३६ मिलिलिटर माल्ट लिकरमा जस्तै हुन्छ ।

'४४ मिलिलिटर जिन, भोडका, हीस्कीजस्ता कडा मदिरा खानुस् वा ३५५ मिलिलिटर बियर, १४८ मिलिलिटर वाइन खानुस् तपाईंको रगतमा पुग्ने रक्सीको मात्रा समान नै हुन्छ,' डा.ओम भन्छन्, 'हार्ड ड्रिंक त छुँदै छुन्न, दुई बोतल बियर मात्रै त खाएको हो नि भन्ने नगर्नुस्, राम्ररी सोच्नुस्, यो तपाईंले करिब साढे चार पेग हार्ड ड्रिंक खाएजतिको अवस्था हो ।' चिकित्सा शास्त्रमा अत्यधिक मदिरा पान अर्थात् हेभी ड्रिंकिङको परिभाषासमेत गरिएको छ । यसअन्तर्गत ६५ वर्षभन्दा माथिका पुरुष महिलाको हकमा भने कुनै पनि दिन तीन ड्रिंकभन्दा बढी वा सातामा ७ ड्रिंकभन्दा बढी सेवन गर्न अत्यधिक मदिरा पान हो । यस्तै, ६५ वर्ष वा योभन्दामुनिका पुरुषका लागि कुनै पनि दिन ४ ड्रिंकभन्दा बढी वा सातामा १४ ड्रिंकभन्दा बढी मदिरा सेवन गर्नु अत्यधिक मदिरापान हो ।

'अनुसन्धानहरूअनुसार पुरुषको लागि कम जोखिमयुक्त मदिरा सेवनको स्तर एक दिनमा चार ड्रिंक र एक सातामा १४ ड्रिंकभन्दा बढी सेवन नगर्नु हो,' डा. ओम भन्छन्, 'महिलाको लागि भने कम जोखिमयुक्त मदिरा सेवनको स्तर एक दिनमा तीन ड्रिंकभन्दा कम र सातामा सात ड्रिंकभन्दा बढी नहुनु हो ।'

कम जोखिममा कायम रहन तपाईंले भने अधिकतम मदिरा लिने स्तरलाई दैनिक र साप्ताहिक रूपमा चिकित्सकले भनेभन्दा बढतामा पुऱ्याउनु हुँदैन ।

'मदिराको कम जोखिमको सीमामा बसे पनि यदि तपाईंलाई स्वास्थ्य समस्या छ वा ६५ वर्षमाथिको हुनुहुन्छ भने छिटोछिटो मदिरा सेवन गर्नाले तपाईंलाई समस्या हुन सक्छ,' डा. ओम भन्छन्, 'बूढापाकाहरूले एक दिनमा तीन ड्रिंकभन्दा बढी मदिरा सेवन गर्नु हुँदैन भने सातामा सात ड्रिंकभन्दा अगाडि बढ्नुहुन्न ।'

तर मदिरा सेवनबारे भने आफैंले पनि स्वविचार गर्नु आवश्यक रहेको विशेषज्ञहरूको धारणा छ । तपाईं आफ्नो स्वास्थ्यसँगै मदिराले तपाईंलाई कसरी प्रभावित गर्छ भन्नेबारे जानेर तपाईंले रक्सी कम वा खाँदै नखानुपर्छ ।

डा.ओमका अनुसार मुटुको चाल अनियमित, मुटुको चालमा समस्या र हार्ट फेल्योर भएकाहरूले मदिरा सेवन गर्नु हुँदैन । उच्च रक्तचाप नियन्त्रण नभएका बिरामीले बढी मदिरा सेवन गर्दा ब्रेन हेमरेज हुन सक्छ । उच्च कोलेस्ट्रोलको समस्या भएकाहरूले समेत बढी मदिरा सेवन गर्नु हुँदैन ।

atulmishra7@gmail.com



# महिलाको मस्तिष्क बढी सक्रिय

एक अध्ययनले महिलाको मस्तिष्क पुरुषको भन्दा बढी सक्रिय हुने बताएको छ । महिला मस्तिष्क मुख्य रूपले आवेग नियन्त्रण, ध्यान केन्द्रित, भाव र तनावको क्षेत्रमा बढी सक्रिय हुने बताइएको हो ।

४६ हजार ३४ वटा मस्तिष्कको इमेजिङ अध्ययन गरेर तयार पारिएको उक्त अनुसन्धान जर्नल अफ अल्जाइमर डिजिजमा प्रकाशित भएको हो ।

उक्त अध्ययनले महिलाको मस्तिष्क पुरुषको दाँजोमा केही क्षेत्रमा बढी सक्रिय पाइएको थियो । लिंगमा आधारित मस्तिष्कको भिन्नता बुझ्नलाई यस अध्ययन महत्त्वपूर्ण मानिएको छ । पुरुष र महिला मस्तिष्कबीचको यस्तो भिन्नताको पहिचान अल्जाइमर रोग जस्तो मस्तिष्कसँग जोडिएको विषयलाई लैंगिक आधारमा बुझ्न महत्त्वपूर्ण मानिएको छ ।

महिलाको मस्तिष्क मुख्य रूपले आवेग नियन्त्रण, भावुकता, ध्यान र तनावको क्षेत्रमा बढी सक्रिय फाइदा पुरुषको मस्तिष्क भने दृश्य र समन्वयन केन्द्रमा बढी सक्रिय देखिए । अध्ययनमा १ सय १९ स्वस्थ व्यक्ति र मस्तिष्कको आघात, वाई पोलर डिजअर्डर, मनोदशा विकार, सिजोफ्रेनिया भएका विभिन्न २६ हजार ६ सय ८३ बिरामीलाई समेत सामेल गरिएको थियो । यी विषयमा एकाग्रतावाला काम गर्दा समय जम्मा १ सय २८ मस्तिष्क क्षेत्रको विश्लेषण गरियो ।



मस्तिष्कको विकारले पुरुष र महिलालाई फरकफरक तरिकाले प्रभावित गर्ने पनि अध्ययनले देखाएको थियो । महिलामा उल्लेखनीय रूपले अल्जाइमर रोग, अवसाद र तनाव विकारको दर बढी देखियो भने पुरुषमा एडीएचडीको दर र आचरणसम्बन्धी समस्या बढी देखिएको हो ।

अध्ययनमा के पाइयो भने, महिलामा प्रिफन्टल कर्टेक्स रगतको प्रवाहको कारण सहानुभूति, अन्तरज्ञान, आत्म नियन्त्रण, चिन्ता र सहयोगको क्षेत्रमा बढी शक्ति प्रदर्शित गर्छ । प्रि-फ्रन्टल कर्टेक्समा रगतको प्रवाहमा वृद्धिले गर्दा बढी चिन्ता, उदासी रोग, अनिद्रा, खानपानमा असन्तुलन पाइने गर्छ ।

# डिप्रेसनको औषधि बन्न सक्छ खतरा

उदासी उत्पन्न गर्ने रोग र चिन्ताबाट बच्न प्रयोग गरिने औषधि जीवनको लागि घातक हुने दाबी गरिएको छ । एक अनुसन्धानका अनुसार यस्ता औषधिले मृत्युको जोखिम झन् बढाउँछ ।

साइको थेरापी एन्ड साइको म्याटिक्समा प्रकाशित अध्ययन प्रतिवेदनअनुसार यस्ता औषधि नलिने व्यक्तिको दाँजोमा औषधि सेवन गर्नेहरूमा मृत्युको सम्भावना ३३ प्रतिशतसम्म बढेको देखिएको छ ।

अध्ययनअनुसार औषधि सेवन गर्नेहरूमा मुटुसम्बन्धी रोगहरू जस्तै पक्षाघात, हृदयाघात बढी देखिएका छन् । जसबाट ज्यान लिन सक्ने रोग हुने सम्भावना १४ प्रतिशत बढ्छ ।




मस्तिष्कमा सेराटोनिनको प्रभावले हाम्रो 'मुड' बन्नुको साथै बिग्रिन्छ । डिप्रेसनबाट बँच्न सामान्यत: यस्तो औषधि दिइन्छ जो न्युरोनको माध्यमले सेराटोनिनलाई अवशोषित गरेर डिप्रेसनको प्रभावलाई रोक्छ । तर सेरोटोनिन शरीरको प्रमुख अंग फोक्सो, मुटु, कलेजो, मृगौला आदिमा रगत सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । डिप्रेसनबाट बँच्न लिइने औषधि यी अंगहरूमा सेराटोनिनको अवशोषणलाई रोक्छ, जसले ती अंगहरूको काममा नराम्रो प्रभाव पर्छ । उसो त डिप्रेसन आफैंमा पनि ज्यान लिने खालको हुन्छ ।



घनश्याम कँडेल

# दिइयो मदन र जगदम्बाश्री



दुर्गा बराल 'वात्स्यायन'

**कान्तिपुर संवाददाता**

काठमाडौं- मदन पुरस्कार गुठीले विसं २०७३ को मदन पुरस्कार 'धृतराष्ट्र' खण्डकाव्यका लागि कवि घनश्याम कँडेल र जगदम्बाश्री पुरस्कार चित्रकार एवं कार्टुनिस्ट दुर्गा बराल 'वात्स्यायन' लाई प्रदान गरेको छ । शुक्रबार राजधानीमा आयोजित एक समारोहमा गुठीका अध्यक्ष कुन्द दीक्षितले दुवैलाई जनही दुई लाख रुपैयाँ र ताम्रपत्र प्रदान गरे । गुठीले नेपाली भाषा, साहित्य र संस्कृतिको विकास, विस्तार र प्रवर्द्धन गर्ने व्यक्तिलाई प्रत्येक वर्ष जगदम्बाश्री र वर्षभरि छापिएको नेपाली भाषाको पुस्तकमध्ये एकलाई मदन पुरस्कार दिँदै आएको छ ।

मदन पुरस्कार विजेता कँडेलले मदन पुरस्कारजस्तो स्वच्छ, निष्पक्ष र गरिमायुक्त पुरस्कारद्वारा छन्दका कविता लेख्नेलाई दिएको सम्मानप्रति आफू निकै हर्षित भएको बताए । धादिङको मलेखुमा जन्मेका कवि कँडेल वनारसबाट संस्कृतमा शास्त्री तथा नेपाली र अंग्रेजीमा स्नातकोत्तरसम्म शिक्षा हासिल गर्नाका साथै त्रिविमा नेपाली केन्द्रीय विभागका प्रमुखसमेत भइसकेका छन् । वनारसमा बस्दा नै उनले 'उदय', 'आमा', 'छात्रप्रभा' र 'नयाँ पाइला' जस्ता साहित्यिक पत्रिकामा कविता लेखनबाट साहित्यिक यात्रा थालेका थिए ।

कवि कँडेलका 'पच्चीस वर्षका खण्डकाव्य', 'देवयानी', 'विश्वामित्र' जस्ता साहित्यिक कृति प्रकाशित छन् । 'धृतराष्ट्र' मा उनले अपांगता भएका र समाजमा अपहेलित भएकाहरूको पक्षमा आवाज उठाएका छन् । त्यसैगरी नेपाली कार्टुन कला क्षेत्रमा अब्बल नक्षत्र वात्स्यायनले इतिहासमा पहिलोपटक 'कार्टुनिस्ट' ले पुरस्कार पाउँदा 'कार्टुन' विधाका सबैलाई सम्मान गरिएको महसुस भएको बताए । नदीपुर पोखरामा जन्मेका बराललाई सानैदेखि चित्रप्रति निकै सोख थियो । पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्बहाली गर्ने आन्दोलनमा समेत चित्रकारिता प्रयोग भएको थियो । पञ्चायतकालमै उनको 'चोक र तमसुक' नामक चित्र शृंखला चर्चित बनेको थियो ।

कान्तिपुर पब्लिकेसन्स्का वरिष्ठ कार्टुनिस्टसमेत रहेका बात्स्यायनले समसामयिक सामाजिक-राजनीतिक विषयमा कार्टुनमार्फत कटाक्ष गर्दै आएका छन् । उत्पीडन, शोषण, अन्याय, अत्याचार, विकृति र विसंगतिप्रति उनको कार्टुन निकै प्रखर मानिन्छ । 'पाँच दशकभन्दा लामो कार्टुन कलाको यात्रामा यो पुरस्कार प्राप्त गर्दा मलाई ठूलो ऊर्जा र जिम्मेवारी थपिएको महसुस भएको छ,' बेहुलाजस्तै दुबोको मालामा सजिएका उनले भने, 'यो क्षेत्रमा अझै सक्रिय र ऊर्जावान् भएर लाग्न प्रेरणा मिलेको छ ।'

समारोहमा गुठीका अध्यक्ष दीक्षितले वात्स्यायनले कार्टुन विधाबाट र कँडेलले खण्डकाव्यका माध्यमबाट नेपाली साहित्यमा पुऱ्याएको योगदान अतुलनीय रहेको दाबी गरे । गुठीले विसं २०१३ मा मदन पुरस्कार स्थापना गरेको थियो । यो मदन पुरस्कार ६१औं हो ।







## छोटकरी

**बाढीपीडितद्वारा क्षतिपूर्ति माग**
नवलपरासी (कास)- सुस्ताका २ सय ६५ बाढीपीडित परिवारले स्थानीय प्रशासनसमक्ष क्षतिपूर्ति माग गरेका छन् । दुई साताअघि नारायणीमा आएको बाढीबाट सबै घर डुबानमा परेका थिए । घरमा ७ फिटसम्म पानी पसेको थियो ।
'बस्ती डुबेकाले अन्न खानै नहुने गरी कुहिएको छ । चाड केले मनाउने हो, घरमा अन्न छैन,' सुस्ता बचाऊ आन्दोलनका अगुवा गोपाल गुरुङले भने, 'बाढी नियन्त्रणको काम नगरेको सरकारले अन्नपात किन्न सहयोग गर्ला कि भनेर पीडित सबैले क्षतिपूर्तिको माग गर्दै स्थानीय प्रहरी कार्यालयमार्फत जिल्ला प्रशासनमा निवेदन दर्ता गराएका छौं ।' प्रशासनले सहयोग गर्छ भन्ने सुनेर निवेदन दर्ता गराएको उनले बताए । निवेदन जिल्ला प्रहरीमार्फत प्रशासनमा राहतका लागि पठाएको सुस्ता प्रहरी चौकीका इन्चार्ज असई कृष्णहरि विकले बताए । प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले पीडितमध्ये २२ परिवारलाई जस्तापाता उपलब्ध गराएको र पीडितलाई विभिन्न संघसंस्थाले खाद्यान्नलगायत सहयोग गरिरहेको जनाए । सुस्तामा नारायणीको बाढी नियन्त्रणका लागि दीर्घकालीन योजनाका लागि जलस्रोत मन्त्रालयमा जानकारी पठाएको उनले दाबी गरे ।

**स्वास्थ्य उपकरण प्रदान**
जाजरकोट (कास)- नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले स्वास्थ्य संस्थालाई विभिन्न उपकरण उपलब्ध गराएको छ । रेडक्रसले जिल्ला जनस्वास्थ्य कार्यालयमार्फत स्वास्थ्यचौकी तथा गाउँघर क्लिनिकलाई उपकरण तथा औजार उपलब्ध गराएको हो ।
स्विस रेडक्रसको सहयोगमा जिल्ला रेडक्रसले स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न औजार उपलब्ध गराएको हो । फोरसेफ, सिजर, स्ट्रेचर, बीपी सेट, ओपीडी बेड तथा टेबुल, पीचसी बक्स, दराज, टर्च, थर्मोमिटर, अरी टाइमर, आईभी स्ट्यान्डरलगायत दुई दर्जन औजार तथा उपकरण उपलब्ध गराएको सिनियर हेल्थ अफिसर अञ्जु गौतमले बताइन् । स्वास्थ्य प्रवर्द्धनका लागि सामुदायिक सशक्तीकरण कार्यक्रमअर्न्तगत अर्छानी, लहँ र पैंकका स्वास्थ्यसंस्थालाई सामग्री उपलब्ध गराएको गौतमको भनाइ छ ।

# मुसहर समुदायबाट पहिलो वडाध्यक्ष

■ **अवधेशकुमार झा**, विष्णुपुर (सप्तरी)

> स्वतन्त्र हैसियतमा विष्णुपुर गाउँपालिका ६ को वडाध्यक्ष चुनिएका बहादुर सदा भन्छन्, 'घरघरमा शौचालय बनाउन लगाउँछु'

आर्थिक रूपले अति विपन्न विष्णुपुर गाउँपालिका-६ का बहादुर सदा मुसहर लेखपढ गर्न जान्दैनन् । हस्ताक्षरसम्म गर्न सक्छन् । उनै बहादुर स्थानीय तह निर्वाचनबाट आफ्नो वडाको अध्यक्ष चुनिएका छन् । त्यो पनि दलबाट होइन, स्वतन्त्र हैसियतमा उठेर । उक्त वडामा न उनको जातिको बाहुल्य छ न त प्रशस्त पैसा । वडावासीका समस्यामा समाधानमा सधैं तत्पर भएकैले उनी लोकप्रिय छन् । यही स्वभावका कारण उनी अति विपन्न मुसहर समुदायबाटै वडाध्यक्ष बन्ने पहिलो व्यक्ति भएका छन् ।

७४ वर्षीय बहादुरलाई जनप्रतिनिधिका रूपमा काम गरेको अनुभव नौलो भने हुने छैन । २०५४ मा पनि साबिकको इटहरी विष्णुपुर गाउँपालिकाको वडा सदस्य चुनिएका थिए । 'जनप्रतिनिधिबाट हटेपछि पनि २० वर्षसम्म जनताको सेवा गरें, वडावासीले त्यसैकारण फेरि अवसर दिएका छन्,' शुक्रबार गाउँपालिका कार्यालयमा प्रमाणपत्र लिएर शपथग्रहण गरेपछि उनले भने । मनोनयनका बेला बहादुरलाई विभिन्न दलले टिकट दिन नखोजेका होइनन् तर उनले अस्वीकार गरे । 'राजनीतिक आवरणभन्दा स्वतन्त्र भएर उम्मेदवार हुन मन लाग्यो,' बहादुरले भने, 'जनताले मेरो विश्वासलाई पत्याए ।' चारैतिर पैसाको चलखेल र जातीय नारा उठिरहेकाले उम्मेदवारी दिँदाताका आफू नै जित्नेमा ढुक्क भने नरहेको उनले बताए । 'प्रचारमा जाँदा अरू उम्मेदवारको 'हाइफाइ' देखेर जितिँदैन भन्ने लागेको थियो' बहादुरले भने, 'मसित एक पैसा पनि थिएन, कार्यकर्ता घरबाट खाएर आउँथे, प्रचारप्रसारमा लागेको २-४ हजार टोलवासीले जुटाइदिए ।' २ सय २९ मत प्राप्त गरेका बहादुरको चुनाव चिह्न टोपी थियो । निकटतम प्रतिद्वन्द्वी फोरम लोकतान्त्रिकका उम्मेदवारले १ सय ५८ मत मात्र ल्याए ।

आफ्नो वडामा के-के योजना अघि बढाउने भन्ने उनले निर्क्योल गरिसकेका छैनन् । तर, हरेक घरमा शौचालय बनाउने योजना भने उनले जित्नुअघि नै तय गरिसकेका थिए । 'बस्तीका महिला शौच गर्न बाँसघारी, खेतबारी जानु राम्रो होइन,' शुक्रबार शपथपछि उनले भने, 'जथाभावी दिसापिसाब गर्दा बस्ती फोहोर हुने भएकाले पहिलो प्राथमिकता वडाका घरघरमा शौचालय बनाउनु हुने छ ।' बस्तीको बाटो पक्की बनाउने उनको दोस्रो प्राथमिकता छ । 'योजना धेरै छन्, पाँच वर्षमा विस्तारै गरूँला तर शौचालय निर्माण नगरी अन्य कुनैमा हात हाल्दिनँ,' बहादुरले भने । ०६८ को जनगणनाअनुसार सप्तरी, सिरहा, धनुषा र मोरङमा मुख्य बसोबास रहेका मुसहरको कुल संख्या २ लाख ३४ हजार ४ सय ९० छ ।



सप्तरीको विष्णुपुर गाउँपालिका ६ को वडाध्यक्षमा विजयी बहादुर सदा शुक्रबार शपथग्रहणपछि ।
*तस्बिर : अवधेश/कान्तिपुर*

नेपाल-भारत सुरक्षा बैठक

# 'नेपालीलाई दुर्व्यवहार गरे कारबाही'

■ **कमल पन्थी**

नानपारा (भारत)- दसैं, तिहारलाई मध्यनजर राख्दै सीमावर्ती क्षेत्रमा भारतबाट घर फर्कनेमाथि सुरक्षाकर्मीले दुर्व्यवहार गरे कडा कारबाही गरिने भारतीय सुरक्षा अधिकारीले बताएका छन् । हरेक वर्ष चाडबाडको समयमा भारतीय सुरक्षाकर्मीले नेपालीमाथि गरिने दुर्व्यवहार, लुटपाटजस्ता काम भइरहेको प्रति नेपाली अधिकारीले कुरा उठाएपछि भारतीय अधिकारीले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

शुक्रबार भारत उत्तरप्रदेशको बहराइच जिल्ला नानापारास्थित ५९ एसएसबीको बाहिनीको सभाकक्षमा भएको बैठकमा भारतीय अधिकारीले त्यस्ता गतिविधि नहुने प्रतिबद्धता जनाएका हुन् । भारतीय सीमामा लुटिने, सुरक्षाकर्मीले विभिन्न बहाना बनाई दुःख दिने घटनाप्रति गम्भीर भएको बहराइचका डीएम अमरदीप सिंहले जानकारी दिए । 'यस्ता घटना हुँदैनन्,' उनले कान्तिपुरसित भने, 'कुनै प्रहरीले दुर्व्यवहार गरे कडा कारबाही हुनेछ ।' सीमामा लागूऔषधको कारोबारी बढ्दै गएपछि दुवै मुलुकका सुरक्षा अधिकारीले त्यस्ता गतिविधि पहिचान गरी नियन्त्रण गर्न सहमति जनाएका छन् । भारतीय अधिकारीले जाली नोट र सीमामा आतंक फैलाउने कार्यप्रति नेपाली अधिकारीको ध्यानाकर्षण गराएका थिए । बहराइचका एसपी जुगल किशोरले प्रहरीले सीमामा अवैध रूपमा नेपालीसँग रकम असुलेको जानकारी पाएलगत्तै कारबाही गर्ने प्रतिबद्धता जनाए । 'नेपाल-भारतबीचको सम्बन्धमा असर पार्ने कुनै पनि गतिविधि स्वीकार्य छैन,' उनले भने, 'चाडपर्व मात्र होइन अरू समयमा पनि भारतीय प्रहरीबाट हुने दुर्व्यवहार रोक्न कडाइका साथ प्रस्तुत हुन्छौं ।'

नेपाल-भारत सीमावर्ती सुरक्षा अधिकारीको बैठकले सीमामा भारतीय सुरक्षाकर्मीबाट हुने दुर्व्यवहार, मानव तस्करी, लागूऔषध ओसारपसार लगायत गतिविधि र जाली नोटको कारोबार रोक्न कडा निगरानी गर्न दुवै मुलुकका समकक्षीबीच सहमति भएको बर्दियाका प्रमुख जिल्ला अधिकारी नारायण भट्टराईले बताए । भारतीय अधिकारीले तस्करका कारण भारतीय वन मासिँदै गएकाले यसलाई नियन्त्रण गर्न नेपाली सुरक्षा अधिकारीको सहयोग माग गरेका थिए ।

# भत्तासँगै स्वास्थ्य परीक्षण

नवलपरासी (कास)- सुनवल नगरपालिका-२ का यमनारायण शर्मा वृद्धभत्ता लिन वडा कार्यालय पुग्दा स्वास्थ्यकर्मीले उनको स्वास्थ्य अवस्थाबारे सोधखोज गरे । परीक्षण गरेर औषधिसमेत दिए । दसैंका बेला खानपिनमा सावधानी अपनाउन र आराम गर्न सुझाए ।

स्वास्थ्य जाँच पूरा गरेपछि मात्र कर्मचारीले भत्ताबापतको रकम हातमा राखिदिए । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता बुझ्ने वृद्धवृद्धाका लागि पहिलो पटक निःशुल्क स्वास्थ्य परीक्षण सेवा सुरु गरेको हो । भत्ता लिन आउँदा स्वास्थ्य परीक्षण गरेर निःशुल्क औषधि पाउँदा जेष्ठ नागरिक खुसी छन् । 'रकम त ढिलोचाँडो सधैं पाइन्थ्यो, नगरपालिका आफैंले बूढाबूढीलाई माया गरेर घरका सदस्यले जस्तै जाँच गरी औषधि दिँदा खुसी लाग्यो,' शर्माले भने, 'अहिलेका पुस्ताले ज्येष्ठ नागरिकलाई सम्मान गरे भावी सन्ततिले समेत सिको गर्नेछन् ।'

केन्द्रबाट ढिलोगरी अख्तियारी आए पनि दसैंको मुखमा भत्ताले सामान्य पर्व खर्च धान्ने भएकाले हतार-हतार वितरण गरिएको नगरपालिकाले जनायो । जिल्लाका अन्य स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छैन । 'हुनेखाने परिवारलाई भत्ताले केही अर्थ नराखे पनि गरिब विपन्न परिवारका लागि चार महिनाको सुरक्षा भत्ताले ठूलो अर्थ राख्छ,' सुनवल नगरपालिकाका मेयर भीमबहादुर थापाले भने ।

# चिकित्सक आन्दोलित

हेटौंडा (कास)- उपचारका क्रममा मृत्यु भए चिकित्सकलाई क्षतिपूर्ति भराउने मन्त्रिपरिषद्को निर्णयविरुद्ध यहाँका सबै अस्पतालका चिकित्सकले शुक्रबार बहिरंग सेवा (ओपीडी) बन्द गरेका छन् ।

नेपाल मेडिकल एसोसिएसन (एनएमए) र स्वास्थ्य मन्त्रालयबीचको वार्ता बिहीबार अबेर रातिसम्म पनि निष्कर्षविहीन भएपछि शुक्रबारदेखि देशभरका अस्पतालको सेवा प्रभावित भएको हो । सोमबारको मन्त्रिपरिषद् बैठकले चिकित्सकको लापरबाहीले कुनै बिरामीको मृत्यु भए उक्त क्षतिपूर्ति चिकित्सकबाटै भराउने गरी कानुन बनाउनका लागि स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएसँगै चिकित्सकले ७२ घण्टे अल्टिमेटम दिँदै उक्त निर्णय फिर्ता नभए आन्दोलन गर्ने चेतावनी दिएका थिए । अल्टिमेटम दिएको समयसम्म सरकारले उक्त निर्णय फिर्ता नलिएकाले अस्पतालका चिकित्सकले बहिरंग सेवा बन्द गरेका हुन् । यहाँका सरकारी अस्पतालदेखि निजी क्षेत्रबाट सञ्चालित अस्पतालका चिकित्सक शुक्रबार बिहान हेटौंडा अस्पतालमा भेला भई विरोधका कार्यक्रमबारे आपसमा अन्तरक्रिया गरेका थिए । हेटौंडा अस्पतालका डा. कमल दवाडीले कुनै पनि चिकित्सकले उपचारका क्रममा बिरामीको मृत्यु होस् भनेर नचाहेको बताए । चुरेहिल अस्पतालका प्रमुख डा. सुन्दर श्रेष्ठले सरकारको निर्णय चिकित्सकका लागि मात्रै नभई सर्वसाधारणका लागि पनि दुर्भाग्यपूर्ण भएको तर्क गरे ।


# बर्गिकृत विज्ञापन

## घर जग्गा

हेटौंडा सुनाचुरी हाईवेसंगै सुविधासंपन्न घडेरीहरू धुरको ७०,०००। घरहरू १७,५०,०००। ९८५१००९३३२

ललितपुर बागडोल, चापागाउमा घडेरीहरू, ९८५११८६५८३

देवघाटमा कमर्सियल जग्गाहरू 2-3-0-0 ०१-५६३९७४४

ललितपुरको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रिकोलागी, 9849188782

चुनदेवीमा ०-५-२-० आधुनिक घर 9865160777

काठमाडौं सितापाईला पद्मा कोलनीसागै नयामापदण्डमा बनेको पारर्किङ्ग सहितको नयाघर १४५०००० विक्रि 9849556301 पायल

इमाडोल तीमील्सीना चोकनजिकै पूर्वमोहोडाको ०-४-२-१ जग्गा बिक्रिमा ९८६१९२००९२

चितवनको पदमपुरलामाचोकको प्लानिङ्गको जग्गा ९८१८००८९०४

कपनमा नयांमापदण्डको घर, जग्गाहरू ९८५११८००७४

भक्तपुर सुडालमा २० फिटेबाटोमा टुक्रा घडेरीहरू प्रतिआना ५,००,०००/ 9843168038, 9849921470

सातदोबाटो सुमीङ्गपुलपछाडि ०-४-२-० जग्गाबिक्रीमा ९८५१०१४९४३

सानेपा, झम्सीखेल जावालाखेलमा जग्गाचाहियो, 9851071590

लुभु हाइवे नजिकै घडेरी ९८४९६८८२१४

मूलपानी नजिक विसफुट बाटो भएको आठआना जग्गा विक्रिमा आधा रकम तराईको जग्गासंग सट्टापट्टा गर्नसकिनेछ 9813642311

अति आकर्षक टुरिजम प्रोजेक्टलाई १७ करोड कर्जा तुरुन्तै चाहियो, आकर्षक ब्याज र प्रसस्त धिटोदिने सम्पर्क, 9818710834

हेटौंडा उपमहानगरपालीका चारमा एककट्टा जग्गासहितको एकतल्लेघर बिक्रिमा ९८४१२५१२९८, ९८५११३७९१०, ९८५५०२१६८७

जावलाखेलमा ०-९-०-० हात्तीबनमा ०-४-०-०(०-५-०-०) ९८१३३१४९२६

इमाडोलमा घरबिक्रिमा ०-३-०-० बैंकसुविधा ९८५१०९३०१८, ९८४१२३४२१८

घर, जग्गा, अपार्टमेन्ट खरिदबिक्री तथा भाडामा लिनदिन Meroproperty.com Mobile, Viber 9801199768

विशालनगर मेनरोडमा ११ आनामा बनेको बंगलाबिक्रीमा ९८१८७८४२०९

कलंकीमा ३आनामा बन्दैगरेको २.५ तल्लेघर बिक्रिमा ९६१६३८८७८३, ९६१६३८८७८४

वनस्थली खरिबोट सरकारी प्लानिङ्गमा ०-५-१-०, डाइरेक्ट ९८५१०७२७६०

कावासोतिमा घडेरीहरू बिक्रिमा सिधासम्पर्क 9841162309

**बाफल ११ आना ९८५१०६०८०१, मनोजशर्मा ९८५१०००६८३**

हेटौंडा १६ कठ्ठा चितवन ४५ कठ्ठा 9861066716

सौराहामा होटलरिसोर्टकोलागि प्लटहरू, दक्षिणकाली सोखेलहाईटमा घडेरीहरू, हेटौंडा सुनाचुरी हाइवेसागै घडेरीहरू, ९८५१०५१८२५, ९८४१४१२३५५

ठमेलमा २८लाख आनाको 9818349735, 9849808872

रामकोट ह्वाइटगुम्बासंगै छरोपनी आठआना जग्गाबिक्रिमा प्रतिआना ७,००,०००/- टुक्राएर दिनमिल्ने ९८५१०४५८११, ९८४१६१७८७६

पालुबारीजाने बाटोमा पांचरोपनी बिक्रिमा ९८५१०७८६५७

खरीबोट थानकोट हाइवेबाट ७० मी.मंगलदय कलेजअगाडी २० फिटे ग्राईभेलबाटो धाराबिजुलीढल मापदण्डपुरा आकर्षक टुक्राघडेरी प्रतिआना-१२,५०,००० 9860394934, 9843411118

ईमाडोलमा १ तल्लेघरहरू बिक्रिमा ९८२३४७८९७९

लुबुप्लटिङको तिनआना 15,00,000/- ग्रिनटी 9841304499

कुसुन्ती यातायात नजिक ५ आनामा साँढे दुईतल्ले फ्ल्याट सिस्टम, रु.२ करोड ७५ लाख, 9818569865 आस तामाङ

स्वयम्भु बुद्धपार्क अगाडि ०-५-०-० मा नयाँ घर, ९८०३१७७८४१

बालाजु बनस्थली प्लानिङको VIP. Plot 0-2-2-0, ९८५१०१७९८९

सस्तोमा कलंकीबाट २००मि. ०-३-३-०, सैबु भैसेपाटीमा ०-८-०-० ९८५१०४१०४८

नेटमुल्य पांचकरोडमा धुम्बाराहीको नयाँघर 9841420589

सस्तोमा ललितपुर बिष्टछापमा ३-०-१-० जम्मा ३६,००,०००। ९८५१०६५८११

इमाडोलमा एकतले घर बिक्रिमा ९८११३५९२७७, ९८५११८२०८३

लुम्बिनी-रामापुर हाइवेनजिक २८कठ्ठा 9808436980

कलंकीचोक Business Star Hotel ९८४१२८९१२८

सोल्टीवाफलमा ०-३-०-० निमार्णधिन १,६५,००,००० जग्गा ०-४-२-० १,३५,००,००० ९८१८९९३३७२

भैसेपाटी एक्काइसआनामा ८,४०,००,००० बगोलो ४,५०,००,००० ९८५१०२१०८३

गोंगबु नयांबसपार्कनजिक कमर्शियल ०-८-०-० जग्गाबिक्रीमा तुरुन्तपासगर्नेलाई बिर्षशछुट ९८५११६४५५७

बत्तिसपुतलीमा घरजग्गा सिधा सम्पर्क 9860476099 मुल्य २,५०,०००००/-

मध्येबानेश्वरमा ०-६-०-१ जग्गा बिक्रिमा ९८४१४३४२५५

## सवारी साधन

स्कारपियो, हायस, कार रिजर्भकोलागि 9851111159

Car, Scorpio भाडामा चाहिएमा 9851024678

कार, जिप, भ्यानलगायतका कुनैपनि सवारीसाधन खरिदविक्रि गर्नुपरेमा हामीलाई सम्झनुहोस् DNAuto कलंकी ०१४०३२७७७, ९८५१०८१९६७, ९८०१८१९९६८

नयां A/C जिप भाडामा 9841179648

इलेक्ट्रीक स्कुटरहरू Wholesell मुल्यमा, 9808926885

पजेरो स्कारपियो माइक्रो भाडामा ९८५१०१६४०७

२०१६ मोडेलको टाटा टिफर बिक्रीमा ९८१३०२२४०५

Scorpio S4+ 2015 विक्रिमा 9851144627

तु.बिक्रीमा कारहरू सिधासंपर्क 9849302323, 9813637744

२०१४को फोर्ड इको स्पोर्ट टाईटानियम Chill Colour पेट्रोल गाडी तुरुन्त बिक्रिमा सम्पर्क: 9860309122, 9843868225

Fresh Shine बिक्रिमा ९०,००० ९८४५९८५३९३

फ्रेस स्कुटरहरू बिक्रिमा ९०,०००/- ०१-४२८५४२४, ९८१३५५९४१४

2006 swift Rs 1200000 grey 9849669465

2008 फुलअप्सन जीप १६,००,०००/- 9841-220705

## मेशिन औजार

डिजेल जेनेरेटर खरिद बिक्री ९८५१०२२९२१

## सम्पर्क

थोत्रा कम्प्युटरहरू, LCD बेच्नुपरेमा 9801172712

सेकेन्डहयाण्ड फर्निचर इलोक्ट्रोनिक्स खरिदबिक्रीमा 9851234047

सस्तोमा Cashdeposit धितोलोन चुक्तागर्न ९८५१००६६८८

सस्तोमा Cashdeposit, धितोफुकुवा गर्नपरेमा 9851113117

Cash Deposit for Students, 4419938, 9851151803

दुई लाखले मासिक १५ हजार कमाउनुहोस 9861610304

## विविध बिक्रीमा

महाबौद्ध जुत्ता होलसेलसंगै म:म:पसल ९८०८८६३१०९

ललितपुर प्रयागपोखरीको ब्यूटीपार्लर बिक्रिमा ९८१००३१३९५

लेडीज फेन्सी दरबारमार्गमा सस्तोमा ९८५१०५९५३६

खालीसटर बिक्रिमा मित्रनगर, बालाजु ९८६५००२०६४

चावहिलमा फेमिलि रेष्टुरेन्ट तुबिक्रीमा 01-4483841

मित्रपार्कको स्टेशनरी इमरजेन्सी बिक्रीमा ९८४०३४००१४

म:म: होटल बिक्रिमा, बौद्ध पाटीटारचोक ४०००००।- ९८६००४३८०२

नाफामाचलिरहेको रेष्टुरेन्ट बिक्रीमा (बौद्ध, नयांबस्ती) ९८४११६८४४४

न्युरोड वसन्तपुर प्राइम लोकेशनको क्याफे बिक्रिमा ९८५१२४११३६

भृकुटीमण्डपको खाली सटर विक्रिमा ९८०८३३३६७१

## निर्माण सफाई

सेफ्टीटैंकी सफाई सस्तोमै १५००/- ९८५१०८८५९२

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

सेफ्टीटैंकी सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१-५१८२४०१

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

सेफ्टीटैंकी सफाई सस्तोमा ९८४१३४३४८७, ४४६४५६८

सेफ्टीटैंकी सफाई भ्याकुमबाट सम्पर्क ९८५१०४१३०१

सेफ्टीटैंकी सफाई गाडीबाट ९८५१०८७०५८, ९८५१११८२७९

भ्याकुमबाट सेफ्टीट्याङ्की, सफाई, जामखोल्ने 9840351449

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४१९५५२९१

सेफ्टी टयाकी सफाई, गाडीमा १५००/-, 9843768737

ढलमंगाल ट्वाईलेट जामखोल्ने १००। ९८४१६६३६६८

सस्तोमा ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9808849489

सेफ्टीट्यांकी सफाई ठूलोगाडीमा मेसिनबाट 5251092, 9851024364

सेफ्टीट्याङ्की सफाई गाडीबाट सस्तोमा, ९८५१०८००९५

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841634234, 9841176292

## भाडामा

बालकोटमा टहराहरू, फ्ल्याटहरू, सटरहरू 01-5639744

बंगला फ्ल्याट भाडामा लिनदिन, 9851169920

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन ९८०८८४४८१०/ ९८५१०४३१६८ शिला

क्षेत्रपाटीमा २००० वर्गफिट भाडामा ९८०३११५४१०

घर फ्ल्याट भाडामा लिनदिन ९८१००४९५९९

www.rentalnepal.com घरफ्ल्याट, बंगला भाडामा लिनदिन/ खरिदबिक्रि ५५२२८९९, ९८५१०७५१८८

एकान्तकुना बागडोल चक्रपथटयाकमा अफिसकोठा , शटर सानोगोदाम, ९८४९६६९४६५

५ गोदाम/कोठा भाडामा खालिछ ढोकाटोल(मखननजिकै) ९८१३६१२४६२

सामाखुसीमा आत्मज्ञानअगाडी पहिलोतला चारकोठाको ९८४१८७०४६७

तीनकुनेमा सुन्दर फ्ल्याटहरू भाडामा, ९८०१११७३३५

फ्ल्याट, बंगला, अफिसस्पेस चाहियो, ९८०१११७३३५

पिंगलास्थान माइती नेपाल नजिकै अफिसको लागि फ्ल्याट भाडामा ९८५१०८५२५६

बौद्ध स्तुपानजिक चलिरहेको रेस्टुरेन्ट भाडामा ९८५१०५४२२८

gharflat@rentalservice.com काठमाण्डौमा भाडामा लिनदिन 9801040807

नक्शाल भाटभटेनीमा फ्ल्याट भाडामा 9841207193

थलि मिलनचोकको फ्ल्याट भाडामा ९८१८२७९२९०, ४४५१३७३

Full Furnished Apartment for Rent at Thamel Satghumti 9841292692

सोल्टीबाफल VIP दुइवटाघर चाररोपनीमा- भैसेपाटीमा 12000sq बगोलो- होटल, कलेज, इन्टरनेशनल प्रोजेक्टकोलागी ९८४१२८९१२८

## चाहियो

लेडिज डान्सर, वेर्टस, क्यासियर ९८१०२६०२०३

सेक्युरिटी गार्ड तु.चाहियो खानबस्न व्यवस्था 9861846629, 01-5147016

बल्खुमा सञ्चालित प्रतिष्ठीत सहकारीका लागि बजार प्रतिनिधि स्थानियलाई विशेष प्राथमिकता ४२८४६७५, ९८१७९५५३०४, ९८५११३३०५१

एलबममा गीत गाउन चाहनेले 9803378230

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9843767410

**धुपअगरबत्तीमा कामदारहरू अर्जेन्ट १७,५००।- ९८०८३२२२३१**

उपत्यकाबाहिर अलराउण्डरकुक फास्टफुडकुक १५०००-२५००० वेटर, हेल्फर, डिसवासर (F/F) १००००-१२००० ९८४६८७१५२१

पानी कारखानामा, कुखुरा फार्ममा, ९८०१५११४१७

खसी सफागर्न जान्ने कामदार चाहियो दिनको १००० ९८५१२१४६२२

अलराउण्डर कुक, वेटर भाडामाझ्ने खानबस्न सुबिधा ९८५११५४२५९

Secondary Math-1 Lower Secondary English-1 Amar School Tokha 9841136596, 9841533661

सामान्य कुकको आवश्यकता कोटेश्वर ९८४०३५६६५२

## मर्मत

AC ग्यारेन्टीका साथ घरमैआई मर्मतफिटिङ्ग गर्नुपरेमा, नयां AC चाहिएमा 9802063522, 01-5527303

TV, LED, LCD जुनसुकै कम्पनीका ग्यारेन्टीसाथ घरैमा मर्मत 9851059629, 9861493343

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल ट्वाईलेट जामखोल्ने १००। ९८४९९९८८८४

सेफ्टीटैंकी ढलमंगाल गाडिबाट सस्तोमा 9851024676

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

जुनसुकै LED TV घरैमा मर्मत 9841607534

TV, Computer ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

## तालिम

एक्साभेटर अपरेटरर्स तालिम CTEVT ९७५१०९८३३३

50%छुटमा दशैं-तिहार अफर कार/बाइक सिकौं 9860369613, 9801245371

## उपचार

विनाअप्रेशन पाईल्स, फिस्टुला, फिसर क्षारसुत्रविधिबाट सफलउपचार गरिन्छ। ब्रम्हविज्ञान, काठमाडौं, सम्पर्क- 9843152644

## बिहावारी

बधुलाई असल वरले सम्पर्क ९८४६८१८७४३

# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ९८५११७८८३०/९८५११८५८६७ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | कपनचौकी, गणेशमन्दिर | ४८२३१२५, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ४४८९५०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ४४६६६११ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४३६८३८९५, ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३० |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांबसपार्क | ४३६४७५१ |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सर्ल्ट | अनामनगर | ४१०२८२८ |
| विडलिंक मिडिया | पु. बानेश्वर | ४४९२३०९ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| अनलाइन डट कम | सिनामंगल | ४४६९३४०, ९८४१८०५५७६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ४२४८२४८ |
| डाईनामिक एड मिडिया | पुतलीसडक | ४१६८४७९ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | नक्खु चोक | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | थसीखेल | ५००१५११, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |

## बर्गीकृत डिस्प्ले
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

## बर्गीकृत विज्ञापन
| | |
|---|---|
| साधारण प्रति शब्द | रू. ४५/- |
| बोल्ड प्रति शब्द | रू. १००/- |

* मू.अ.क. बाहेक



**दसैंको तयारी**

पोखराको हेम्जामा च्यांग्रा किनेर लैजाँदै स्थानीय ।



**धनीका कुरा**

# होटल क्लिनरबाट अर्बपति

■ **यदुप्रसाद पोखेल**

कोही व्यक्ति अर्बौंका मालिक भएर पनि सडकमा पुगेका छन् । कोही शून्यबाट उक्लेर अर्बपति बनेका छन् । कोही अर्बपति बन्न पैतृक सम्पत्ति वा पारिवारिक सहयोग आदि आवश्यक मान्छन् । व्यक्तिमा इच्छाशक्ति र लगनशीलता भए यी सबै कुरा गौण हुन पुग्छन् ।

भारतीय मूलका मिकी जगतियानी गरिबीको अँध्यारो गल्लीबाट निस्केर अर्बपति बनेका छन् । उनको सफलताको कथा प्रेरणादायी र अतुलनीय छ । फोर्ब्स पत्रिकाको पछिल्लो रिपोर्टअनुसार उनको सम्पत्ति ४ अर्ब २० करोड डलर छ ।

उनी आप्रवासी भारतीय थिए । उनको परिवार भारतबाट कुबेत आएको थियो । मिकीका पिताले शिक्षाको महत्त्व बुझेका थिए । उनले कुनै तरिकाले रकम जम्मा गरेर मिकीलाई कमर्स स्कुलमा भर्ना गरिदिएका थिए । मिकीचाहिँ विद्यालयले लिने कुनै परीक्षामा सहभागी भएनन् । परीक्षामा सहभागी नभएपछि उनलाई विद्यालयले निष्कासन गरिदियो । मिकीका पिताले भनेका थिए, 'मेरो अवसानपछि मिकीले कसरी पेट भर्ला ? पेट भर्न उसले के गर्ला ? मैले अनुमान गर्न पनि सक्दिनँ ।' उनका पिताको यो चिन्ताको कारण पर्याप्त थियो । सन्तानले शिक्षामा प्रगति गर्न सकेको नदेख्दा पिताबाट यस्तै चिन्ता प्रकट हुन्छ । उनी २१ वर्षको हुँदा उनीबाहेक परिवारमा कोही जीवित थिएन । उनका भाइ ल्युकिमिया रोग लागेर संसारबाटै बिदा भए । भाइको मृत्युले उनमा गहिरो असर पार्‍यो । उनका मातापिताले पनि चाँडै नै संसार छोडे । पहिले मिकी भारत आउन चाहन्थे तर मातापिता र भाइ बहराइनमा बिलाएपछि उनको सपना आफैं हरायो ।



उनी गरिबीबाट आत्तिएनन् बरु सफलताको खोजीमा लागिपरे । यही खोजीले उनलाई सफलताको उनलाई शिखरमै पुर्‍यायो । मिकीले २० वर्षको उमेरमै जीविका चलाउन धेरै संघर्ष गरेका थिए । ब्लम वर्गका अनुसार उनले बहराइनमा होटलका कोठा सफाइको काम गरे । फोर्ब्सका अनुसार उनले लन्डनमा ट्याक्सी पनि चलाए । त्यसपछि उनी बहराइन हुँदै कुबेत फर्के । त्यहाँ पनि उनको अवस्थामा कुनै सुधार आएन । उनले बहराइनमै व्यावसायिक संघर्ष गर्ने अठोट गरे । ६ हजार डलरको लगानीमा उनले 'बेबी सप' खोले । त्यसमा नयाँ डिजाइनका कपडा र अरू सामग्री थिए । त्यही बेबी सपबाट माथि जाँदै दुबईको रिटेल चेन ल्यान्डमार्कसम्म उनी पुगेका छन् । मिकीको यस कम्पनीमा हजारौं एसियाली आप्रवासीलाई जागिर दिइयो । हाल उक्त ल्यान्डमार्क कम्पनीका खाडीका देशहरू, भारत, पाकिस्तान, चीन तथा स्पेनमा ६ हजार स्टोरहरू छन् ।

मिकी सादा जीवन रुचाउँछन् । उनको एउटा मात्र कार छ । उनी श्रीमतीसहित दुबईमा बस्छन् । मिकीले प्रेरणादायी चलचित्र हेर्छन् । उनी भन्छन्, 'म गान्धीजीको जस्तो जीवन बाँच्न चाहन्छु । म भुइँमै सुत्छु ।' मिकी भारतमा धनी र गरिबबीच ठूलो खाडल भएको बताउँछन् । 'मैले मुम्बई जाँदा देखें, त्यहाँका बालबालिका एक छाक मात्र खाएर ११ घण्टा पसिना बगाउँछन्,' ब्लमबर्गमा उल्लेखित उनको भनाइलाई नवभारत टाइम्सले उल्लेख गरेको छ, 'मैले त्यहाँको गरिबीको कारण बुझ्न चाहें, यो के हुँदै छ र यसको निदान के छ ?

(एजेन्सीको सहयोगमा)



चितवनको इच्छाकामना गाउँपालिका १ भाराङबाट डोको बुनेर बिक्रीका लागि सदरमुकामतर्फ जाँदै स्थानीय । दसैं खर्च जुटाउन विकट गाउँमा डोका बुनेर बेच्न शक्तिखोर, टाडी, पिठुवा, भरतपुर, नारायणगढलगायत स्थानतर्फ झर्ने स्थानीयको भीड लाग्ने गरेको छ । *तस्बिर : विमल खतिवडा/कान्तिपुर*

# दृष्टिविहीनको 'उज्यालो बजार'

**दृष्टिविहीन व्यक्तिलाई स्वरोजगारमार्फत आत्मनिर्भर बनाउने उद्देश्यसाथ पोखराको सिद्धार्थ चोकमा उज्यालो बजार सञ्चालनमा**

■ **लालप्रसाद शर्मा/बिना थापा**, पोखरा

पुम्दीभुम्दीकी लक्ष्मी बराल जन्मजात दृष्टिविहीन हुन् । श्रीमान् सुस्तमनस्थितिका छन् । गाउँमै भैंसी र बाख्रा पालेर जीविकोपार्जन गर्दै आएका थिए । तर दिनहुँजसो वनजंगल, घाँसदाउरा गर्न असहज भयो । यतिबेला उनी किराना (खाद्यान्न) पसल चलाउन थालेकी छिन् । 'व्यवसायबाट जीवनयापनमा सहज हुन्छ कि भनेर पसल खोलेकी हुँ,' बरालले भनिन्, 'भर्खर पसल सञ्चालनमा ल्याएकी छु । बिस्तारै व्यापार हुने आशा छ ।' उनलाई छोराले काममा सघाउँछन् । सुरुमै २ लाख रुपैयाँ लगानी गरेकामा आफ्नो २५ हजार रुपैयाँ मात्रै हो, अरू अनुदान तथा ऋणको रकम रहेको उनले बताइन् ।

यसैगरी लमजुङ खुदीका शेरजंग गुरुङले पनि आलु, प्याजलगायत तरकारी बेच्न थालेका छन् । ३ वर्षको उमेरमा दृष्टि गुमाएका उनी स्नातक तेस्रो विषयमा अध्ययनरत छन् । 'पढाइसँगै आत्मनिर्भर हुने बाटोमा व्यवसाय सुरु गरेको हुँ,' उनले भने, 'आँखा नदेखे पनि सबै काम गर्न सक्छौं ।' दृष्टिविहीन व्यक्तिलाई स्वरोजगारमार्फत आत्मनिर्भर बनाउने उद्देश्यसाथ पोखराको सिद्धार्थ चोकमा उज्यालो बजार सञ्चालनमा ल्याइएको छ । आर्थिक, सामाजिक, तथा भौतिक समस्याबाट पीडित दृष्टिविहीनलाई व्यवसायमार्फत जीविकोपार्जनमा सहयोग पुर्‍याउन उज्यालो प्रतिष्ठानले बजार सञ्चालनमा ल्याएको हो । बजारमा यतिबेला यतिबेला २१ दृष्टिविहीनले ३० खाद्यान्नलगायत विभिन्न पसल सञ्चालनमा ल्याएका छन् । फलफूल व्यवसाय थालेका दृष्टीविहीन सत्यम् वाइबा तामाङले व्यवसायबाट आफू आत्मनिर्भर बन्ने विश्वास लिए । पोखराको आर्वाका उनले पहिला गाउँमै होटल र मोबाइल पसल सञ्चालन गरेकामा नचलेपछि उनी यता आएका हुन् ।

लम्जुङ पुरनकोट घर भई मालेपाटन बस्दै आएकी सोनिया गुरुङले फ्रेस हाउस चलाउँदै आएकी छिन् । हाल उनको फ्रेस हाउसबाट दैनिक कस्तीमा १० केजी कुखुराको मासु बिक्री हुन्छ । 'आँखाले धमिलो देख्ने भए पनि आफैं गर्न सक्छु भन्ने आत्मविश्वाससाथ श्रीमान्‌लाई लिएर पसल खोलेकी हुँ,' उनले भनिन्, 'सबेरैदेखि बेलुकी ९ बजेसम्म पसलमा बस्छौं ।' उनका श्रीमान् पनि दृष्टिविहीन हुन् ।

अवसर मिलेमा कुनै पनि कामबाट सफल भइने भन्दै दृष्टिविहीन व्यवसायमा होमिएका हुन् । बजारभित्रका ३० पसलमा खाद्यान्न, तरकारी, फलफूल, दूध, मासु, चमेना तथा फेन्सी सामानलगायत पसल छन् । पहिलो चरणमा सटर भाडामा लिएर दृष्टिविहीनलाई व्यवसायमा संलग्न गराइएको हो । सुरुका ६ महिना सटर निःशुल्क दिइनेछ । त्यसपछिको २ वर्षसम्म प्रतिसटर ३५ सय रुपैयाँ भाडा तिर्नुपर्छ । 'दृष्टिविहीनलाई व्यवसायका माध्ययमबाट आत्मनिर्भर गराउने उद्देश्य हो,' प्रतिष्ठानकी अध्यक्ष पार्वतीकुमारी शर्माले भनिन्, 'तीन करोड रुपैयाँको कोष स्थापना गरी बजार सञ्चालनमा सहयोग गरिनेछ ।

बाँकी पृष्ठ १२



**पोखराको सिद्धार्थचोकमा सञ्चालित उज्यालो बजारमा दृष्ट्रिविहीन पसल सञ्चालिका ।**
*तस्बिर : लालप्रसाद/कान्तिपुर*

# 'बजारको मुख्य समस्या राजस्व छली'

**कान्तिपुर सवाददाता**

काठमाडौं- आपूर्तिमन्त्री शिवकुमार मण्डलले बजारको मूल्य समस्या राजस्व छली भएको बताएका छन् । ग्यास बिक्रेता महासंघले आयोजना गरेको कार्याक्रममा उनले राजस्व छली हुँदा राज्य प्रणाली कमजोर बन्दै गएको बताए । 'वार्षिक ५ सय करोडको बिस्कुट आयात हुन्छ । तर, कसले आयात गरिरहेको छ । त्यसको तथ्यांक भन्सारमा छैन,' उनले भने, 'बिस्कुटमा मूल्य, म्याद नाघ्ने मिति पनि उल्लेख छैन । व्यवसायीले आफ्नो दायित्व पूरा गर्नुपर्छ ।'

कर छली र दुई नम्बरी गर्न सहयोग गर्नेलाई कानुनी दायरामा ल्याउनुपर्ने बताए । 'उपभोक्ताहरू सुरक्षित छैनन् । राज्यलाई गलत दिशामा हिँडाउनलाई मौसमी व्यवसायीहरू हाबी भएका छन्,' उनले भने ।

कर छलीको हकमा राजस्व र भन्सार विभागबाट पनि अनियमितता भएको उनले बताए । 'सबै क्षेत्रमा भद्रगोल छ । बिलबीजक हेर्ने दायित्व राजस्वको हो । भन्सारको हो,' मन्त्री मण्डलले भने, 'तर, बजारमा अनुगमन हुँदैन ।'

सबै निकायले आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्नुपर्ने बताए । आपूर्तिले दरबारमार्गमा रहेका लत्ताकपडा व्यवसायमा छापा मारेपछि बल्ल अन्य निकाय तातेको उनले दाबी गरे । 'त्योभन्दा पहिला अनुगमन थिएन,' उनले भने, 'अहिले सबै निकायले अनुगमन तीव्र बनाएका छन् । यो सकारात्मक छ ।' न्यून बीजकीकण भएको गुनासो बढेपछि आन्तरिक राजस्व विभागले अनुगमन तीव्र बनाएको छ ।

**कर छलीमा राजस्व र भन्सार विभागबाट पनि अनियमितता भएको छ : मन्त्री मण्डल**

विभागले एक साताको अवधिमा ५ सयभन्दा बढी फर्मलाई कारबाहीको दायरामा ल्याएको जनाएको छ । मन्त्री मण्डलले उपभोक्ता ठगी गर्ने व्यवसायीलाई कानुनी कठघरामा ल्याउने उनले दाबी गरे । व्यवसायीहरूलाई इमान्दार भएर काम गर्न उनले आग्रह गरे । उनले रातो/नीलो सिलिन्डर लागू गर्न आवश्यक गृहकार्य अघि बढाएको बताए । नेपाली नम्बर प्लेटका बुलेट सञ्चालन गर्ने विषयमा पनि नेपाली राजदूत दीपकुमार उपाध्यायसहितको टोलीसँग छलफल भएको बताए ।

एलपी ग्यास उद्योग संघका अध्यक्ष गोकुल भण्डारीले प्रत्येक २ वर्षमा वैज्ञानिक आधारमा कमिसन वृद्धि हुने संयन्त्रको विकास गरिनुपर्ने बताए । उनले रातो र नीलो सिलिन्डरमा अनुदान नाम मात्रकै भएको बताए । अनुदान दुर्गम क्षेत्रमा आवश्यक भएको उनले बताए । 'बेला बखतमा दुई रङको सिलिन्डर उठ्छ, अनुदानको कुरा उठ्छ,' उनले भने, 'तर, उपत्यकाको हकमा जायज छैन । अनुदान दुगर्ममा दिनुपर्छ ।' नेपाली ग्यास बुलेटका लागि निगममा मात्रै १ करोड ६० लाख रुपैयाँ शुल्क तिरेकाले छिटोभन्दा छिटो सञ्चालनको वातावरण बनाइदिन आग्रह गरे ।

महासंघ अध्यक्ष ज्ञानेश्वर अर्यालले ग्यास बिक्रेता र उद्योगको समस्याहरू समाधान गर्न मन्त्रालयलाई आग्रह गरे । उनले वैज्ञानिधक आधारमा ग्यास मूल्यको कमिसन बढाउनुपर्ने बताए । ग्यासको बिक्री मूल्यको ५ प्रतिशत कमिसन वृद्धि नहुँदा देशभरका बिक्रेता पलायनको बाटो खोज्न बाध्य भएको महासंघले जनाएको छ । व्यवसायीका अनुसार चितवन, नवलपरासी, रूपन्देहीलगायत क्षेत्रमा एपची ग्यासमा समस्या देखिएको छ । एचपी ग्यासले करिब ७ महिनादेखि पूर्ण रूपमा ग्यास उपलब्ध गराउन सकेको छैन ।

उपभोक्ताहरू अन्य कम्पनीको सिलिन्डर खरिद गर्न बाध्य भएकाले सिलिन्डरको धरौटी रकम तत्काल फिर्ता गर्नुपर्ने बिक्रेताहरूको माग छ । 'एपचीका ग्राहकले करिब ७ महिनादेखि ग्यास पाएका छैनन् । डिपोहरू बन्द भएको अवस्थामा छन्,' अध्यक्ष अर्यालले भने, 'यस्तो अवस्थामा डिपोहरू कसरी सञ्चालन गर्न सकिन्छ । राज्यले धरौटी रकम फिर्ताको व्यवस्था गरिदिनु पर्छ ।'






कपिलवस्तुको कृष्णनगरस्थित फलफूल बजार । दसैंका बेला सीमाका बजारमा फलफूल सस्तो हुने भएकाले सातादेखि खरिद गर्न आउने बढेका छन् । तस्बिर : मनोज पौडेल/कान्तिपुर

# अनुगमनको विरोधमा व्यापारी

■ भवानी भट्ट

कञ्चनपुर- आपूर्ति राज्यमन्त्रीको टोली बजार अनुगमनमा खटिएपछि महेन्द्रनगरका व्यवसायी विरोधमा उत्रेका छन् । उनीहरूले अनुगमनको विरोधमा शुक्रबार दिउँसोसम्म बजार बन्द गरेका हुन् ।

राज्य मन्त्री कर्ण विकको टोलीले बजारमा धमाधम गुणस्तरहीन समान बरामदसँगै कालोबजारी गर्ने पसलमा सिल लगाउन थालेपछि व्यवसायीले बजार बन्द गराएका हुन् । बिहीबार करिब डेढ दर्जन बढी पसलहरूमा अनुगमनपश्चात् शुक्रबार केही पसलमा सिल लगाउने तयारी थियो । तर, बिहानैदेखि व्यवसायीहरू बजार बन्द गरेर विरोधमा उत्रेपछि अनुगमन टोली केही बेर अलमलमा परेको थियो । राज्यमन्त्री कर्ण र व्यवसमायीको छलफलपछि दिउँसोदेखि बजार खुलेको हो । 'उपभोक्ता ठग्न र कालोबजारी गर्न पाउनुपर्ने भन्दै बजार बन्द गरिएको हो,' आपूर्ति राज्यमन्त्री विकले भने, 'नियतबस गलत काम गरिरहेका व्यवसायीले नै त्यसो गरेका हुन् ।' उनले व्यवसायीलाई बजार बन्द गरेर वा विरोध गरेर अनुगमन प्रभावित नहुने र झन् कडाइ गरिने चेतावनीसमेत दिए । व्यवसायीको विरोधले शंका उब्जाएकाले अब अझ सूक्ष्म तरिकाले हरेक मालसामान जाँच गरिने उनले बताए । 'अब दसैं, तिहारका बेला मात्रै नभई नियमित अनुगमन हुन्छ,' उनले भने । बजार अनुगमनका क्रममा म्याद नाघेका, लेबल नभएका, मूल्यसूची नराखिएको तथा अन्डर बिलिङ (बढी मूल्यमा खरिद गरिएका सामानको बिल कम बनाउने) गरेको लगायतका समस्याहरू देखिएका थिए । व्यवसायीले काठमाडौंका होलसेलले नै अन्डरबिलिङ गर्ने गरेको आरोप लगाए । उनीहरूले भन्सारको दररेट कम भएका कारण वास्तविक मूल्य एकातिर र बिलको मूल्य फरक हुने गरेको बताए । 'भन्सारको दररेट नै कमको छ,' नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश ७ का उपाध्यक्ष कृष्णप्रसाद पाठकले भने, 'त्यही दरका आधारमा बिल काटिन्छ ।'

व्यवसायीको विरोधपछि कञ्चनपुर उद्योग वाणिज्य संघमा आयोजित छलफलमा अधिकांश व्यवसायीले काठमाडौंकै व्यवसायीबाट अन्डरविलिङको समस्या रहेको बताएका थिए । तर, आपूर्ति राज्यमन्त्री विकले व्यवसायीले राज्य र उपभोक्तालाई ठगेर अन्डरबिलिङ गरिरहेकाले उनीहरूलाई नछाडिने बताए । 'यो समस्या व्यवसायीको हो, आफूले तिरेको मूल्यको बिल लिन सक्नुपर्छ,' उनले भने, 'यसरी राज्य र उपभोक्तालाई ठग्न पाइँदैन ।'

अनुगमन टोलीले शुक्रबार पनि महेन्द्रनगर बजार क्षेत्रमा अनुगमन गरेको छ । एक पसलमा सिल लगाउनुका साथै थुप्रै अखाद्य वस्तु नष्ट गरिएको अपूर्ति मन्त्रालयको अनुगमन शाखाका अधिकृत गोविन्दप्रसाद लुइँटेलले बताए । 'एउटा पसलमा आधाभन्दा बढी सामान म्याद नाघेको भेटिएपछि सिल गरियो,' उनले भने, 'पेटीहरूमा समेत आधा राम्रो र आधा म्याद नाघेकै सामान भेटियो ।'

बिहीबार पनि महेन्द्रनगर बजार क्षेत्रबाट ५० हजारभन्दा बढीको अखाद्य वस्तु बरामद गरिएको थियो । यसैगरी नाप तौल विभागबाट प्रामाणीकरण नगरिएका केही ढक तराजुसमेत बरामद गरिएको लुइँटेलले बताए । टोलीले औषधि, किराना, फेन्सी, गहना, हार्डवेयर, पेट्रोल पम्प र जिन्सी पसलमा अनुगमन गरेको छ ।

## गाडी सोरुममा अनुगमन

काठमाडौं (कास)- आपूर्ति व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण विभागले नक्सालमा रहेको हुन्डाई सोरुममा अनुगमन गरेको छ । विभागका अनुगमन शाखा निर्देशक लक्ष्मण श्रेष्ठका अनुसार उजुरीको आधारमा अनुगमन गरिएको हो । 'उच्च मुनाफा लिई बिक्री गरेको आपूर्ति मन्त्रालय र विभागमा उजुरी परेको थियो,' उनले भने, 'सोही आधारमा अनुगमन गरेका छौं ।' अनुगमन टोली संयोजक एवं शाखा अधिकृत लोकबहादुर कार्कीका अनुसार थप अनुसन्धानका लागि कागजात विभागमा ल्याइएको छ । यसअघि उजुरीको आधारमा आपूर्ति राज्यमन्त्री कर्ण विकको नेतृत्वमा पुलचोकस्थित मारुती सुजुकी सोरुमा पनि अनुगमन भएको थियो । मन्त्रालयका शाखा अधिकृत गोविन्द लुइँटेलका अनुसार सुजुकी सोरुमबाट ६ महिनाको बिलबीजकहरू मगाएर अनुसान्धान सुरु गरिएको छ ।

# घरबाटै बिक्न थाले खसीबोका

■ दुर्गालाल केसी, दाङ

दसैं आएपछि धेरैजसो खसीबोकाको जोहो गर्ने तयारीमा छन् । खसीबोका पाल्ने किसानहरू भने बिक्री कसरी गर्ने भन्ने ध्याउन्नमा छन् । कोही खसीबोका लिएर बेच्न हिँडिरहेका छन् त कोही ग्राहक खोज्न लागिपरेका छन् । देउखुरीका महिलाहरूले भने सहकारीमार्फत किसानका खसीबोका घरबाटै खरिद गरिदिन थालेका छन् ।

यसबाट किसानलाई खसीबोकाका ग्राहक खोज्नुपर्ने समस्या टरेको छ । लमही नगरपालिका ९ तेलियाका गणेश कुमालले महिला सहकारीलाई एकसाथ घरबाट पाँचवटा खसी बिक्री गरे ।

पहिले घुमीघुमी एकमुष्ट मूल्य गरेर खसीबोका बिक्री गरिरहेका कुमालले यसपटक तौलेर नै बिक्री गरे । 'तौल नलिएर बिक्री हुँदा नाफाघाटाको खासै हिसाब हुँदैनथ्यो । कहिलेकाहीँ घाटा पनि हुन्थ्यो,' उनले भने, 'यसपटक तौल लिएर हिसाब गरेर नै बिक्री गर्दा कोही पनि नठगिने अवस्था भयो ।'

दसैं नजिकिँदै गर्दा सहकारी संस्थाले घरबाटै खसीबोका खरिद गरिदिन थालेपछि किसानहरूलाई सजिलो भएको छ । घुमन्ते व्यापारीबाट ठगिँदै आएका किसानहरू हाल मिहिनेतको उचित मूल्य पाइरहेका छन् । हालसम्म गाउँबाट खरिद गरेका १ सय ६० खसीबोका नेपाल खाद्य संस्थान तुलसीपुरलाई बिक्री गरिसकेको कर्मठ सामाजिक उद्यमी महिला सहकारी संस्था रिहारकी अध्यक्ष देविमाया थापाले बताइन् । 'खसीबोका सजिलै बिक्री हुने भएपछि बाखापालनमा किसानहरू आकर्षित भएका छन्,' उनले भनिन्, 'हामीले बाखापालनलाई व्यावसायिक बनाउन प्रोत्साहन गरिरहेका छौं ।'

सहकारीले किसानहरूबाट १७ लाख ५२ हजार रुपैयाँको खसीबोका खरिद गरेको थापाले जानकारी दिइन् । चाडपर्वमा भारतबाट खसी, बोका आयात गर्ने प्रचलन छ । भारतबाट खसीबोकाको आयात रोकी देउखुरीलाई मासुमा आत्मनिर्भर गराउन महिला सहकारी लागिपरेको थापाले बताइन् । 'अधिकांश महिलाले बाखापालन व्यवसाय गरिरहेका छन् । हालसम्म घरमा काटी खाने मात्रै भएको थियो,' उनले भनिन्, 'अब बिक्री गरेर महिलाहरू व्यावसायिक भएका छन् ।' महिलाको आयस्रोत बढाउन र उनीहरूलाई आत्मनिर्भर गराउन सहकारीमार्फत खसीबोका खरिदबिक्रीमा जोड दिएको उनले सुनाइन् । सतबरियाका दिपन र कर्मठ सहकारी तथा सोनपुरका नीलकमल र समुन्नति महिला सहकारीले दसैंलाई लक्षित गरी खसीबोका खरिद बिक्री गरिरहेका छन् । चार सहकारीमा ३ हजार ५ सय महिला सदस्य छन् ।

## बेच्न दसैं पर्खन्छन् किसान



स्वर्गद्वारी नगरपालिका ८ धनचौरका किसान ग्राहकसँग खसीको मोलतोल गर्दै । तस्बिर : गिरुप्रसाद भण्डारी/कान्तिपुर

कान्तिपुर संवाददाता

प्यूठान- स्वर्गद्वारी नगरपालिका ८ धनचौरका इमानसिंह सापकोटाले तीनवटा खसी बिक्री गरे । अझै ९ वटा खसी बाँकी छन् । दसैंको समयमा राम्रो दाम पार्ने योजनामा छन्, उनी । हिजोआज दिनहुँ जिल्लाका व्यापारी केन्द्र बिजुवार, बाग्दुलाबाट ग्राहक घुमिरहेका छन् । भनेको रकम ग्राहकले नदिएकाले सबै खसी बिक्री नगरेको उनको भनाइ छ ।

'गाउँमा ५ सय रुपैयाँ किलोको अनुमानमा खसीको मूल्य हुन्छ,' सापकोटाले भने, 'दसैं आउन अझै केही दिन बाँकी छ ।' उनले ११ देखि २० हजार रुपैयाँसम्म पर्ने खसी आफूसँग रहेको बताए । उनले खसी दसैं तिहारको सिजनमा मात्र बेच्ने गरेको सुनाए । आफूले मात्र नभएर यहाँका किसानले पनि राम्रो मूल्य पाउनका लागि दसैं तिहारलाई कुरेर बस्ने गरेको उनले सुनाए ।

'गत वर्ष दसैंमा दुई लाखको खसी बिक्री गरेको थिएँ,' सापकोटाले भने, 'यसपालि ३ वटाबाट झन्डै ५० हजार रुपैयाँ हात पारें । गत वर्षभन्दा धेरै दाम पर्ने खसी छन् ।'

उनले १२/१५ वटा स्थानीय जातका बाखा पाल्दै आएका छन् । सबै बाखाले दुई-दुईवटा पाठापाठी जन्माउने गर्नाले राम्रो आम्दानी भएको बताए ।

स्थानीय खरी जातका बाखामा उन्नत बोयर बोका क्रस गराउँदा पाठाहरू धेरै राम्रा हुन थालेको उनले अनुभव सुनाए । उनले धनचौरमा आफू मात्र नभएर धेरैले खसी बाखाबाट राम्रो आम्दानी गरेको सुनाए ।

पछिल्लो समय बर्जिबाङ, बेल्बास क्षेत्रका किसानले बाखा पालनबाट राम्रो आम्दानी लिन थालेको जिल्ला पशुसेवा कार्यालय प्यूठानका प्रमुख डा. शरणकुमार पाण्डेयले बताए । बाखाको नश्ल सुधारका लागि उन्नत बीउ बोका, पोसिलो घाँसको बीउ, खोर सुधारलगायतमा किसानलाई सहयोग बढाउँदै गएकाले व्यासायिक किसान बढ्दै गएको पाण्डेयले बताए ।

जिल्लालाई लगभग पुग्ने मासु उत्पादन हुन थालेको छ,' पाण्डेयले भने, 'विभिन्न क्षेत्रबाट पशुपालनमा अनुदान बढ्दै जाँदा किसान पनि बढेका छन् । यो राम्रो संकेत हो ।'

JOB ANNOUNCEMENT

First date of publication: 23 September 2017

*The Office of the United Nations Resident Coordinator in Nepal is seeking a responsible and proactive Regional Liaison Assistant to perform a range of field liaison functions to maximize the CFP in UNRCO.*

**Key responsibilities:**
The incumbent of the said position will establish linkage between the Common Feedback Project and government, non-governmental organization at regional, district and local level. The Regional Liaison Assistant (RLA) will communicate and disseminate collected feedback from community at regular basis. Overall, this position will ensure the presence of CFP in terms of representation, coordination, collaboration, advocacy, communication and knowledge sharing at different levels.

**Required qualification and experience:**
Completion of Bachelor's Degree (Master's preferred) in social science, public administration, law, development studies, international affairs or other relevant discipline; A minimum of three years' professional experience in coordination, development, humanitarian affairs, or related areas; A proven ability to establish and maintain effective professional relationships with a wide variety of national NGOs and related networks, government, UN and international NGO stakeholders; Experience interacting with disaster affected communities and conducting community meetings, focus group discussions, and key informant interviews; Experience in the usage of computers and office software packages; Ability to write and communicate orally in a clear and concise manner; Fluency in oral and written English and Nepali.

**Weblink for detailed job description and application:**
**https://jobs.partneragencies.net/erecruitjobs.html?JobOpeningId=12275**

**Application deadline:** 14 October 2017

**Job title:** Regional Liaison Assistant
**Contract type and level:** Service Contract (SB-3, Peg II)
**Duty Station:** Gorkha, Nuwakot and Sindhupalchowk
**Duration:** Until June 2018 (with possible extension)
**No. of Position:** 3 (Three)
**Office:** UNRCO

**Only short-listed candidates will be contacted.**
**UNDP is committed to achieve work force diversity (in terms of nationality, minority groups, caste/ethnic groups, persons with disability etc.) and has a policy to have gender balance among staff at all levels. Qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged to apply.**
**All applications will be treated with highest confidence.**

## दृष्टिविहीनको...

विभिन्न संघसस्था र मनकारी व्यक्तिसँग समन्वय गरी आवश्यक सहयोग जुटाइनेछ ।' परनिर्भरता तथा विपन्नताको कारण अममानितसमेत भएर बाँच्नुपरेको यथार्थलाई मध्यनजर राख्दै केही पोखरेली उद्यमी, व्यवसायी र समाजसेवीको अग्रसरतामा उज्यालो प्रतिष्ठान स्थापना गरी बजार सञ्चालनमा ल्याइएको हो । 'यस्तो महान् काममा सबै पक्षबाट आवश्यक सहयोगको अपेक्षा छ,' बजारका प्रचार संयोजक (दृष्टिविहीन) श्रीकान्त सापकोटाले भने ।

व्यवसाय सञ्चालनका लागि दृष्टिविहीन व्यवसायीले सुरुमा २५ हजार रुपैयाँ लगानी गर्नुपर्ने र केही रकम अनुदान तथा निश्चित समयका लागि निर्ब्याज दिइनेछ । उक्त रकम व्यवसायीले संस्थालाई फिर्ता गर्नुपर्ने हुन्छ भने नाफा व्यवसायीले नै राख्न पाउँछन् । शर्माले एउटा बाटो मात्र देखाउने काम भएको र यो सफल भए अरू दृष्टिविहीनलाई पनि सहरका अन्य स्थानमा व्यवसायमा सहयोग गरिने बताइन् । कास्कीमा दृष्टिविहीनको संख्या १ हजार ४ सय ४५ जना छ । उज्यालो बजारमा पहिलो चरणमा २१ जनाबाट व्यवसाय सुरु गरिएको हो ।

# पर्यटकीय मार्गमा जोडिँदै रारा र ठाकुरद्वारा

कान्तिपुर संवाददाता

मुगु- जिल्लाको रारा र बर्दियाको ठाकुरद्वारा पर्यटकीय मार्गमा जोडिन थालेको छ । रारा घुम्न आउने पर्यटक ठाकुरद्वारा जाने र ठाकुरद्वारा आएकाहरू रारा पुग्ने गरेका हुन् । पर्यटकले गर्दा रारा र ठाकुरद्वाराको सम्बन्ध जोडिएको हो ।

आन्तरिक तथा बाहय पर्यटकहरू ठाकुरद्वारा घुमेर त्यहाँबाट नेपालगन्ज हुँदै रारमा आएर दुई/चार दिन घुमेर फर्किने गरेका छन् । सीधै रारमा आउने पर्यटकहरू जहाजबाट नेपालगन्ज झरेर ठाकुरद्वारा पुग्ने गरेका छन् । तराईको ठाकुरद्वारा र हिमालको रारा पर्यटकीय मार्गमा परिणत हुन थालेको पर्यटन व्यवसायीको भनाइ छ । रारा भ्रमणमा आउने पर्यटक ठाकुरद्वारा जाने गरेको रारा राष्ट्रिय निकुञ्जका अधिकृत लोकेन्द्र अधिकारीले बताए ।

कर्णाली राजमार्गको गमगढी-नाग्मा सडक कालोपत्रे भएपछि रारा र ठाकुरद्वाराको सम्बन्ध अझ धेरै बढ्ने अनुमान गरिएको छ । अधिकांश आन्तरिक तथा बाहय पर्यटक राराबाट बर्दिया आउने गरेको ठाकुरद्वारास्थित राइनो लोडेजका कार्यकारी प्रबन्धक धर्मराज घिमिरेले जानकारी दिए ।

# कान्तिपुरकर्मी चौधरीलाई 'अर्थ पत्रकारिता सम्मान'



काठमाडौं (कास)- ग्यास बिक्रेता महासंघ नेपालले कान्तिपुरकर्मी राजु चौधरीसहित तीन पत्रकारलाई सम्मान गरेको छ ।

पेट्रोलियम पदार्थ एवं एलपी ग्यास क्षेत्रमा उपभोक्तलाई समाचारका माध्यमबाट सुसूचित गरेको भन्दै 'अर्थ पत्रकारिता सम्मान २०७४' बाट सम्मान गरेको हो । शुक्रबार आयोजित कार्यक्रममा आपूर्तिमन्त्री शिवकुमार मण्डलले सम्मान गरेका हुन् । महासंघले चौधरीसहित नागरिक दैनिकका दिलीप पौडेल र नयाँ पत्रिका दैनिकका अजित अधिकारीलाई पनि सम्मान गरेको छ ।

बर्गिकृत डिस्प्ले

KENT WATER PURIFIER'S
2nd Generation RO
with Save Water Technology
RO+UV+UF+TDS Controller
Kent Pearl
Dealers Wanted all over Nepal
Grand DASHAIN OFFER | 9851009296

के तपाई जापान जान चाहनुहुन्छ ?
आउनुहोस् १००% ग्यारेण्टीका साथ जापानीज भाषा अध्ययन तथा ट्रेनी भिषामा जापान जाने सुवर्ण अवसर ।
ABROAD STUDY CENTER
Putalisadk, Kathmandu
Phone : 01-4012574/4012575
Starmall 2nd floor

जस्तोसुकै कुलत-मुक्ति
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिइ छुटाउन
यौन कमजोरी हटाई, जहाँ र जहिले पनि शिघ्रस्खलन रोक्न, उत्तेजना, लिङ्गको साईज बढाउन विश्वस्तरिय हर्वल सप्लिमेन्ट
हाईट बढाउन STEP-UP
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना, हिपथाई बढाउन घटाउन | महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउन
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
सम्झनुहोस नेपालभरि फ्रि होम डेलिभरी छ।
हेलो शप नेपाल
कोटेश्वर City-Tower, 9808650895
9868200286, 01-2298352
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आवश्यकता
एक कम्पनीको लागि निम्न कामदार आवश्यक परेकोले योग्यता प्राप्त नेपालीले २०७४ कात्तिक १५ गतेसम्म आवेदन दिनु हुन आह्वान गरीन्छ ।
आवश्यक संख्या : १० जना
योग्यता : साधारण लेखपढ
आवेदन मिति : कात्तिक १५ गतेसम्म
तलब/सुविधा : कम्पनीको नियमानुसार
आवेदन तथा अन्य जानकारीको लागि:
यामाशो प्रा.ली. सीतापाईला, काठमाडौ
०१ ४२७६९०२, ९८५१०२३९०४

गाडी बिक्री
2008 Landrover (Freelander2)
2017 Pajero 3door
& 2012 Vento
सस्तो दाममा बिक्रीमा छ ।
Long term Rent मा पनि दिईने छ ।
9803104141
9841889725

Not For Medicinal Use
सुपर-शक्ति
•यौन शक्ति बढाउन, शिघ्र स्खलन रोक्न
•स्तन बढाउन–घटाउन र टाईट गर्न
•मोटोपना घटाउन बढाउन
•पेट तथा हिपथाई मात्र पनि घटाउन–बढाउन
•पेटको धर्सा हटाउन, योनी टाईट गर्न
•कपाल झर्न रोकी पुन: उमार्न (कालो गर्न)
•चाँया-पोतो, डण्डीफोर हटाउन
•अनुहारको चाउरीपना हटाई गोरो, राम्रो बन्न
•थाहै नदिई जाँडरक्सी चुरोट छुटाउन
•हाईट बढाउन (STEP-UP)
•लिङ्ग बढाउन (व्यायम, उपकरण, क्रिम)
हर्वल सप नेपाल
कोटेश्वर, बालकुमारी पुल
9851171374
01-6209454

आवश्यकता
पर्यटकीय होटलहरु गोरखाको लागि तु-कर्मचारी
•बेकरी कुक ............३५,०००।–
•अल्राउण्डर कुक..२७,०००-३०,०००/-
•बरिष्ता............१५,०००-२०,०००/-
•वेटर..................१४,०००।–
•लेडिज हाउसकिपिङ्ग.....१२,०००।–
•कुकको काम सिक्ने/भाडा माझ्ने...१२,०००।–
नोट: कामदारहरुलाई खान, बस्न राम्रो सुबिधा १६ गतेबाट काम सुरु, Advance तुरुन्त
सम्पर्क: 9851041997
9860807489

बर्गिकृत डिस्प्ले
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# बेनी–जोमसोम सडक अवरुद्ध

**कान्तिपुर संवाददाता**, म्याग्दी

रुप्से छहरा-बाँदरजुंग खण्डको काप्रेभीरमा पहिरो झरेपछि बेनी-जोमसोम सडकमा यातायात आवागमन बन्द भएको छ । झरी र पहिरो दुवै नरोकिएकाले सडक विभागले दुइटा डोजर लगाए पनि बुधबारदेखि आवागमन खुलाउन सकेको छैन ।

सोह्रश्राद्धको अन्तिम दिन कागवेनीमा श्राद्ध गर्न गएकाहरू र मुस्ताङ भ्रमणबाट फर्केका मोटरसाइकल, निजी वा भाडाका सयौं सवारीसाधन मुस्ताङपट्टि रोकिएका छन् । यात्रु भने घाँसाबाट झोलुंगे तरेर पैहोथाप्ला, कोप्चेपानी हुँदै रुप्सेछहरासम्म दुई घण्टा वैकल्पिक बाटो हिंडेर वारपार गरिरहेका छन् ।

'बाटो खुलाउन झरी र पहिरो दुवैले डिस्टर्ब गरेको छ,' सडक विभागका स्थानीय सुपरभाइजर इन्द्रसिं शेरचनले भने, 'शुक्रबारदेखि सडकको बेस पनि झर्न थालेकाले थप समस्या भएको छ ।'

यसैबीच यातायात अवरुद्ध भएपछि मुस्ताङबाट फर्कने यात्रुसँग सवारीसाधनले मनपरी भाडा असुलिरहेका छन् । रुप्सेछहरादेखि बेनीसम्म ३ सय रुपैयाँको प्रचलित भाडादर भए पनि सवारीसाधनले प्रतियात्रु हजार रुपैयाँसम्म लिने गरेका छन् । सडकमा पहिरो झरेपछि यात्रुले उत्रिएर गाडी परिवर्तन गर्नुपर्ने बाध्यता छ ।

'बढी भाडा असुली गर्ने पृथ्वी राजमार्ग बस समितिका ५९९३ र ५९६१ नम्बरका बसको पहिचान गरी प्रहरी र ट्राफिकलाई जानकारी गराएका छौं,' म्याग्दी बस तथा जिप व्यवसायी समितिका उपाध्यक्ष मोहन केसीले भने, 'बागलुङ, पर्वत र पोखराबाट आएका गाडीले मनपरी यात्रु ठगेका छन् । नियमनकारी निकाय छैन ।' प्रहरी चौकीलाई पत्र लेखेरै भाडादर र छड्के जाँचका लागि अनुरोध गरिएको उनले बताए । सवारीसाधन रोकिएकाले यात्रु मात्र समस्यामा परेका छैनन्, खाद्यान्न ढुवानी पनि रोकिएको छ । दसैंमा बजार पुऱ्याउन ठिक्क पारिएका स्याउको ढुवानी प्रभावित भएको छ । मुस्ताङी चेलुक च्याङ्ग्रा पनि पहिरोले थुनिएका छन् । मुस्ताङमा स्याउभन्दा बढी उत्पादन हुने गाजरको ढुवानी गर्ने सिजन पनि यही हो ।

## जीर्ण सडकले आउजाउमा कठिनाइ

नुवाकोट (कास)- वर्षात्ले अवरुद्ध ग्रामीण सडक सञ्चालन हुन सकेका छैनन् । कालोपत्रे भत्किएर जतातत‍ै गाडी गुड्नै नसक्ने गरी खाल्डा बनेका छन् । साँघुरो र घुम्ती सडकले त्यत्तिकै जोखिम बढाएको छ । समुन्द्रटारदेखि रावतबेंसी सडक ठाउँ-ठाउँमा पहिरो गएपछि यातायात अवरुद्ध भएको छ । समुन्द्रटार, रामती-शिखरबेंसी खण्डमा जोखिम मोलेर यातायातका साधन गुडिरहेका छन् ।

पुरानो सदरमुकाम साततल्ले-वागेश्वरी सडक पनि अवरुद्ध छ । वागेश्वरी-लच्याङ सडक पहिरोले अवरुद्ध भएपछि सुधारका लागि स्काभेटर पठाइएको छ । यो लच्याङ हुँदै रसुवाको समरथली जोड्ने सडक हो । यहाँका स्थानीयवासी दसैंको सामग्री खरिद गर्न विदुर र त्रिशूली आउने गर्छन् ।

सडक सुचारु नहुँदा व्यवसायीलाई सामान लैजान त्यतिकै समस्या छ । मनकामना-सातदोबाटे-साल्मे-भाल्चे सडक ठाउँ-ठाउँमा खाल्डा परेको छ । ठेकेदारले काम छाडेपछि जबरजस्ती यातायात सञ्चालन गरिएको छ । भैरुमकोट-देउराली-मेघाङ सडक साँघुरो र हिलो भएकाले यातायात सञ्चालन हुन सकेको छैन ।

राजधानी जोड्ने तीन नाका सडकमा समस्या

विदुर-ढिकुरे-छहरे-गुर्जेभञ्ज्याङ ४४ किमि, त्रिशूली-पीपलटार-देवीघाट-गल्छी-काठमाडौं ७२ किमि र पीपलटार-ककनी-बालाजु ६२ किमि सडक ठाउँठाउँमा भत्केकाले यात्रुले सास्ती खेप्नुपरेको छ । गुर्जे भञ्ज्याङमा कालोपत्रे उत्केर खाल्डा बनेपछि यात्रुले सवारी धकेल्ने र डोरीले तानेर यात्रा गर्न बाध्य छन् । उक्त खण्डको सडम त्यत्तिकै साँघुरो छ । देवीघाट-गल्छी सडक बालुवा बोकेका टिप्परले जीर्ण बनाएको छ ।

पुष्पलाल मध्यपहाडी लोकमार्गको खत्रीबेंसी, शिवालय, कुण्डला, कुखुरेको पुछारलगायत पाटीभञ्ज्याङसम्मको सडक यातायात सञ्चालन हुन नसक्ने गरी जीर्ण छ । पीलटार-ककनी-पाँचमाने-बालाजु जोड्ने पासाङ ल्हामु सडक विस्तारको काम भइरहेको छ । सडक किनारमा चट्टान र माटो कटिङ भइरहेकाले सडक हिलाम्य छ ।

# 'निर्वाचन प्रणाली बदल्नुपर्छ'



हेटौंडा (कास)- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले मुलुकको निर्वाचन प्रणाली बदल्नु पर्ने बताएका छन् ।

'वर्तमान निर्वाचन प्रणाली खर्चिलो भएको भन्दै सामान्य र मध्यम वर्गले चुनाव लड्न सक्ने अवस्था छैन,' उनले भने, 'पुँजीपति वा दुई नम्बरीले मात्रै चुनाव लड्ने र लडाउने अवस्था रहेकाले यो प्रणाली बदल्नैपर्छ ।' पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिसहितको शासन हुनुपर्नेमा उनको जोड थियो ।

सञ्चारकर्मीहरूसँग शुक्रबार कुरा गर्दै दाहालले आफ्नो प्रयासमा अहिले तराईमा असन्तुष्ट पक्षको सहभागितामा स्थानीय निर्वाचन सम्पन्न भएको भन्दै मधेसका जनताले मतदानमा देखाएको सहभागिताले आफूलाई गौरव महसुस भएको बताए । २ नम्बर प्रदेशको प्रारम्भिक रूपमा आएको निर्वाचनको परिणामले उत्साहित देखिएका अध्यक्ष दाहालले प्रदेश र संघीय निर्वाचनमा पनि माओवादीको उपस्थिति बलियो रहने बताए ।

पार्टी फुटका कारण अहिले नै देशको पहिलो पार्टी बन्ने अवस्था नरहेको भन्दै दाहालले सञ्चारकर्मीसँग भने, 'आगामी चुनावमा पार्टी शक्तिशाली तेस्रो बन्नेछ ।' माओवादी केन्द्रको वरिपरि चौथो शक्ति आइनपुग्ने गरी तेस्रो हुने दाबी गर्दै भने, 'सरकार र राज्य सञ्चालमा माओवादी केन्द्रको भूमिका निर्णायक हुनेछ ।' सञ्चारकर्मीको जिज्ञासा मेटाउँदै दाहालले अहिले बनेको जम्बो मन्त्रिमण्डल राम्रो नभए पनि संक्रमणको अन्तिम चरणमा भएकाले यस्ता कुरा छोटो समय मात्र चल्ने बताए । पूर्णरूपमा संविधान कार्यान्वयन भएपछि यस्ता विसंगति हट्ने दाहालले दाबी गरे ।

# अनुगमन फितलो हुँदा उपभोक्ता ठगिँदै

**कान्तिपुर संवाददाता**

गुलरिया- सदरमुकाम गुलरिया लगायतका व्यापारिक केन्द्रमा म्याद सकिएका सामान बिक्री भइरहेका छन् । बजार अनुगमन फितलो भएका कारण व्यापारीले उपभोक्तालाई दसैंको मुखमा म्याद गुज्रिएका सामान बेचेका छन् । सदरमुकाम आसपासका व्यापारिक केन्द्रमा मात्र प्रशासनले अनुगमन गर्ने गरेको छ ।

स्थानीय प्रशासनले चाडपर्वका समय मात्र अनुगमन गर्ने भएकाले व्यवसायीले अन्य समयमा म्याद सकिएका खाद्यान्न तथा उपभोग्य सामग्री बेच्ने गरेका छन् । अनुगमन गर्न गएका जिल्ला प्रशासन कार्यालयका अधिकृत डुण्डीराज पोखरेलले म्याद सकिएका र लेबल नराखिएका सामान बरामद गरी नष्ट गरिएको बताए । म्याद नाघेका र लेबल नराखिएका तेल, पेयपदार्थ, दालमोठ, चियापत्ती, मसलालगायतका सामान बरामद गरिएको छ ।

त्यस्तै एउटै सामानको मूल्य पसलपिच्छे फरक भएपछि उपभोक्ता ठगिएका छन् । व्यवसायीले अत्यावश्यक वस्तुको मूल्य मनपरी निर्धारण गर्दा पनि सम्बन्धित निकायको ध्यान नपुगेको स्थानीयको गुनासो छ । चाडपर्वको समय केही व्यवसायीले खाद्यान्न, तरकारी, फलफूलगायतका सामग्री महँगोमा बिक्री गर्दै आएका छन् । नेपालगन्ज र भारतबाट अवैध रूपमा भित्रिने उपभोग्य सामानमा जथाभावी मूल्य लिने गरेको उपभोक्ताको गुनासो छ । गुलरिया-४ का नवीन खत्रीले अधिकांश पसलमा मूल्य सूची नहुँदा सामानको वास्तविक मूल्य थाहा पाउन नसकिएको जनाए । कतिपय पसलमा ड्राइ फुडको म्याद सकिए पनि बेचबिखन भइरहेको उनको भनाइ छ ।

सदरमुकाम गुलरियामा समेत खाने तेलको मूल्य पसलपिच्छे फरक छ । तरकारी र मासुमा समेत व्यापारीको मनपरी बढ्दै गएको छ । बजारमा तयारी पोसाक र कपडाको मूल्य २० प्रतिशतले बढेको उपभोक्ताले बताएका छन् । बजारमा बासी मिठाइँको बिक्री बढेको छ । जिल्लाका ८० प्रतिशतभन्दा बढी पसलमा मूल्य सूची राखिएको छैन । प्रशासनले मूल्य सूची राख्न लगाए पनि व्यवसायीले खासै चासो देखाएका छैनन् । प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले अनुगमनलाई कडाइ गर्दै लगिने जानकारी दिए ।

# सुरक्षा प्रमुख एनजीओको भ्रमणमा

■ **सुदीप कैनी**

गोरखा- जिल्लाका सुरक्षा प्रमुखहरू गृहमन्त्रालयले गरेको परिपत्रको उल्लंघन गर्दै हेलिकप्टर चार्टर गरेर गैरसरकारी संस्थाको कार्यक्रममा सहभागी हुन शुक्रबार उत्तरी क्षेत्रको भ्रमणमा गएका छन् ।

चीनको तिब्बतसँगको सिमानाको अवलोकन गर्ने भन्दै प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत, प्रहरी उपरीक्षक प्रकाश अधिकारी र राष्ट्रिय अनुसन्धान प्रमुख रजिनी घिमिरे चुमनुव्री गाउँपालिकाको सामागाउँ पुगेका हुन् । उनीहरूलाई हेलिकप्टर चार्टर गर्न सीआरएसले पद्धति गैरसरकारी संस्थामार्फत २ लाखभन्दा बढी खर्च गरेको छ । प्रजिअलाई एनजीओ/आईएनजीओका कार्यक्रममा सहभागी नहुन गृहमन्त्रालयको निर्देशन गरेको छ । निर्वाचन आचारसंहितासमेत उल्लंघन गरेर उनीहरू तीनदिने भ्रमणमा निस्केका हुन् । सीआरएस यसअघिका प्रजिअ र केही कार्यालय प्रमुखलाई सुटुक्क विदेश भ्रमण लगेर विवादित बनेको थियो ।

जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले शुक्रबार बिहान सदरमुकाममा गरेको शान्ति सुरक्षा र सुशासन जनमैत्री प्रहरी र प्रशासन कार्यक्रमसमेत बीचैमा छाडेर सुरक्षा प्रमुखहरू एनजीओसँग हिँडेका हुन् । आतिथ्यता गरेका बस्नेत, अधिकारी र घिमिरे बीचैमा हिँडेपछि कार्यक्रम प्रभावित भएको थियो । आफ्नै कार्यक्रम र कार्यालयको कामको समेत बेवास्ता गर्दै उनीहरू गएको सुरक्षा निकायका अन्य कर्मचारीले गुनासो गरे । 'दसैंका बेला बजार अनुगमनदेखि शान्ति सुरक्षाका अन्य थुप्रै काम गर्नुपर्ने छ । तर, सरहरू जानुभयो,' एक अधिकारीले भने । सुरक्षा प्रमुखहरू एनजीओको कार्यक्रममा सहभागी हुन गएको पद्धतिकी निर्देशक कमला लामिछानेले पुष्टि गरिन् । 'जीविकोपार्जन, सरसफाइलगायतका कार्यक्रम हेर्ने कार्यक्रम छ,' उनले भनिन् । प्रजिअ बस्नेतले सीमा अवलोकनका लागि गएको दाबी गरे । 'मुख्य उद्देश्य सीमा अवलोकन हो,' उनले भने, 'गइसकेपछि विकास निर्माणको काम पनि अनुगमन गर्छौं ।' भ्रमणलाई सकारात्मक रूपमा बुझिदिन उनले आग्रहसमेत गरे ।

# ब्लड बैंकको विकल्प सेना

रुकुम (कास)- जिल्ला अस्पताल सल्लेमा रगत आवश्यक पर्ने बिरामीलाई यहाँका सेनाले सघाउँदै आएका छन् । ब्लड बैंक नहुँदा बिरामीको अवस्था हेरी देवीदल गणमा कार्यरत सेनाले रक्तदान गर्नुपर्ने अवस्था छ । २०७० जेठयता १ सय २५ सेनाका अधिकृत तथा जवानले रक्तदान गरेका छन् । यो अवधिमा जिल्ला अस्पतालमा रक्तदान गर्ने जम्मा १ सय ५९ छन् । सेनाबाहेक ३२ अन्य सर्वसाधारण तथा २ प्रहरी छन् ।


# VACANCY

**बहुप्रतिष्ठित होटलको लागि तल उल्लेखित पदमा कर्मचारी आवश्यकता भएको हुनाले यो सुचना प्रकाशित भएको मितिले तीन दिन भित्र आफ्नो अनुभवको प्रमाण–पत्र, बायोडाटा तल उल्लेखित ठेगानामा पठाउनु होला ।**

| क्र.सं. | पद | संख्या | तलब (Rs.) |
|---|---|---|---|
| 1. | Pastry Chef | 1 | 1,10,000/– |
| 2. | CRM (Female) | 2 | 1,00,000/– |
| 3. | Housekeeping Supervisor | 2 | 85,000/– |
| 4. | Dimsum Chef | 1 | 85,000/– |
| 5. | Front Office Supervisor | 1 | 85,000/– |
| 6. | IT Head | 1 | 85,000/– |
| 7. | Banquet Supervisor | 3 | 70,000/– |
| 8. | Receptionist/Front Office | 1 | 40,000/– |
| 9. | Service Team | 1 | 35,000/– |

**Experience:** Minimum 3 to 4 years experience in three to five star hotel and Resturant.

**E-mail:**
**pandaykeshab9841@gmail.com**



# Request for Proposal

care

CARE Nepal is an international humanitarian organization working in the country for the past 39 years. It currently works in 60 districts through various programs on issues relating to improving the lives of the poorest and most vulnerable populations through programs that work on the following themes: food security and climate change; emergency preparedness and DRR; migration and urbanization; sexual reproductive and maternal health; gender based violence; women and girls' leadership. Marginalized Women and Adolescent Girls are our two primary impact groups. Core priorities include investment in the empowerment and leadership of women and girls, reaching hard to reach population, good governance and accountability, working in partnership and alliance with like-minded actors, and evidence-based advocacy.

CARE Nepal hereby invites interested organizations or firms for the following consultancy work for SUAAHARA Program II (SP II) funded by the USAID and implemented in the lead of Helen Keller International in 40 districts of Nepal:

**Code NoToR #02-09-2017-SP**

| Types of Consultancy | Expected start date | Required No & working district |
|---|---|---|
| Resource person to facilitate and manage CB-IMNCI program/training at district and community level | 30th October 2017 | Reffer to TOR |
| Resource person to Facilitate and Monitor School Health Nutrition Program at district and schools | 30th October 2017 | Reffer to TOR |
| Resource person to facilitate and manage GESI trainings and ensure integration | 30th October 2017 | Reffer to TOR |

Interested consultants are encouraged to obtain the detail terms of reference (TOR) and vendor profile form from our website: **http://www.carenepal.org/calls.php** and **clicking on ToR # 02-09-2017-SP**. The ToR can also be collected from CARE Office. Last date for submitting the proposal is **16th October 2017, 05:00 p.m.** Proposal should be submitted to **email: npl.procurement@care.org** or below address:

**The Front Desk**
**CARE Nepal, 4/288-Samata Bhawan**
**Dhobighat, Lalitpur**
**Phone (5522800)**

The proposal should include:

1) The applicant's profile and current portfolio;
2) Relevant experience and list of clients specifying the work done for them;
3) Copies of organization registration or equivalent; latest tax clearance certificate (for company), or registration with social welfare council (for NGO), along with renewal (if applicable); PAN/VAT and other legal documents.
4) The financial proposal must be in Nepali Rupees and include a detailed breakdown of the total budget proposal Filled and signed vendor profile form (ANNEX II).

*Please indicate the code in the subject line while submitting the proposal.*



THE LUTHERAN WORLD FEDERATION

# E- TENDER NOTICE

First published date 23 September 2017

The Lutheran World Federation (LWF) Nepal, Kathmandu invites interested and eligible service providers to supply construction materials for community drinking water supply & sanitation and irrigation project in Rasuwa.

| Tender ref. no. | Description | Destination |
|---|---|---|
| LWF-ITT-17-09-2017-CM | Construction materials | Different location in Rasuwa District |

Companies willing to offer e-tender should be registered with the Government of Nepal and should have updated company registration certificate and tax clearance status.

The bidder have to access and submit e-tender form and documents to:
**http://etender.lwfnepal.org**

**Deadline of submission of e-bids by 5:00PM, 13th October 2017**
**Bid opening on 10:00AM, 16th October 2017**

Tender notice is also available in:
**https://nepal.lutheranworld.org/content/anouncements-nepal**

**The LWF Nepal reserves the right to reject any or all tenders without assigning any reason whatsoever.**



# VACANCY ANNOUNCEMENT

(First date of publication: 2074/06/07)

**The Institute of Chartered Accountants of Nepal (ICAN)** is an autonomous body established under the Nepal Chartered Accountants Act, 1997 solely authorized to provide education, guidance, control and supervision of the Accounting profession in Nepal and to enhance social recognition and faith in the accounting profession by raising public awareness towards economic and social responsibility of accountants to contribute towards economic development of the country.

ICAN seeks application from the interested and eligible Nepalese Citizens on **contractual basis** for the following positions:

| Position | Qualifications and Experience |
|---|---|
| Joint Director-1 | 1. Chartered Accountant from the recognized Institute holding membership of ICAN with 3 years of experience as an officer level, or<br>2. Master degree from a reputed university with 7 years of experience in related field, or<br>3. Phd. in Management with 1 year of experience |
| Deputy Director-2 | 1. Chartered Accountant from the recognized Institute holding membership of ICAN with 1 year of experience, or<br>2. Master degree from a reputed University with 5 years of experience in related field |

**Roles & Responsibilities**

- The position requires vision, leadership and management role.
- Demonstrate senior management skill, Intellectual and personal credibility to deal with members, students, educational institutions, regulating bodies and similar public account organizations.
- This role requires positioning of ICAN by identifying and pursuing opportunities for developing and increasing services and knowledge to members and students.
- Excellent interpersonal and communication skills.
- A team player who leads with visible commitment and integrity recognizing the challenges, responsibility and variety as the position demands.

**Age Limit:** 25 years of age not exceeding 45 years.
**Salary and benefits** as per ICAN's Rules and Regulations

Interested and qualified candidates are requested to send their updated CV by 22 Ashwin, 2074 (8th October, 2017) along with the application form available at the Institute addressing the job description, qualifications, knowledge, skills and experience as mentioned in the CV. Short listed candidates shall be subjected for further selection process.

The Institute reserves the right to accept or reject the application without assigning any reason, whatsoever. Canvassing any stage of the process shall lead to automatic disqualification.

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
**(Established under the Nepal Chartered Accountants Act, 1997)**
**Satdobato, Lalitpur, P.O.Box: 5289**
**Phone: 5530730, 5530832, 5533932**
**Email: ican@ntc.net.np, Website: www.ican.org.np**



# POSITION ANNOUNCEMENT:

Feed the Future **Knowledge-based Integrated Sustainable Agriculture in Nepal II** (KISAN II) Project

The USAID/Nepal-funded KISAN II project is improving food security in twenty Hill and Terai districts in the Western, Mid-Western and Far-Western regions and four districts in the Central region of the country. The purpose of the project is to increase resilience, inclusiveness, and sustainability of income growth in the Feed the Future Zone of Influence. KISAN II will help lead firms, input suppliers, and private sector change agents catalyze agricultural productivity, competitive market systems, a stronger enabling environment, and business and literacy skills for households in two Zones of Influence. We are recruiting for the following positions:

**1. Enabling Environment Director**

The Enabling Environment Director will work with private sector, GON, and USAID to identify, assess, and prioritize system-level enabling environment barriers to agriculture competitiveness. Barriers that need to be addressed may exist at the municipality, provincial and/or national levels and may be related to food safety standards, grading, storage and warehousing, rural infrastructure management, finance, etc. He/she will select and provide support for enabling environment issues that are high priority to KISAN II stakeholders with input from the private sector, GON, and USAID. Support activities will include developing a clear policy road map for each issue, identifying key milestones to be achieved over the life of project, identifying partners at the firm, industry, government and donor levels, and describing assessments that will need to be undertaken by the project to inform stakeholders. He/she will assess the advocacy capacity of private sector industry associations, and identify capacity building needs that will strengthen their ability to inform government priorities and investments in the agriculture sector. He/she will foster strong relationships with GON counterparts at the municipal, provincial and national levels and work with them to evaluate capacity gaps and identify areas where KISAN II assistance is needed. This should be a participatory process, and focus on how the ability of GON to facilitate private-sector led agriculture growth can be strengthened. He/she will facilitate donor coordination efforts related to policy, identifying areas where KISAN II can leverage efforts of other donor programs and avoid unnecessary duplication of efforts.

**2. Senior Policy Advisor**

The Senior Policy Advisor will work with the Enabling Environment Director to identify, assess, and prioritize system-level enabling environment barriers to agriculture competitiveness. Barriers that need to be addressed may exist at the municipality, provincial and/or national levels. He/she will advise on barriers that KISAN II can have the most impact on during the project's period of performance. He/she will advise on the selection of enabling environment issues to be supported by KISAN II and develop a clear policy road map for each issue, identifying key milestones to be achieved over the life of project, identifying partners at the firm, industry, government and donor levels, and describing assessments that will need to be undertaken by the project to inform stakeholders. He/she will conduct value chain analytics to identify commodity-specific enabling environment constraints. These could, for example, be related to food safety standards, grading, storage and warehousing, rural infrastructure management, finance, etc. Based on the analytics, he/she will develop a clear road map for addressing commodity-specific constraints. This includes identifying key milestones to be achieved over the life of project, partners at the firm, industry, government and donor levels, as well as key assessments that need to be undertaken up by the project. He/she will work with the Enabling Environment Director to tie this work to broader efforts at the system level. He/she will facilitate and contribute to efforts to build government and private sector capacity, particularly at the industry level, for evidence driven policy making and advocacy. He/she will assist with conducting regulatory impact analyses to ensure and demonstrate the positive impact of policy changes over time, as well as the costs and benefits associated with certain policies. He/she will participate in assessing the advocacy capacity of private sector industry associations, and advise on how those industry associations can strengthen government relations and inform the agriculture policy agenda.

**3. Senior Policy and Program Advisor**

The Senior Policy and Program Advisor will serve as the primary project focal point with the Government of Nepal. He/she will foster and maintain alliances with KISAN II government counterparts at the municipality, provincial and national levels. He/she will develop internal mechanisms for ensuring the government at all levels is informed of project developments and that government feels a sense of ownership related to KISAN II work. He/she will work with KISAN II technical teams to ensure KISAN II activities leverage and sequence GoN programs to the maximum extent possible. He/she will identify KISAN II activities that can be adopted and scaled by GoN and link GoN to KISAN II's learning agenda to support this objective. He/she will keep apprised of government developments, priorities, and interests particularly during the decentralization process, and advise KISAN II leadership on how to respond to those changes. He/she will Identify "champions" at each level of government, and work closely with them build their interest and buy-in for KISAN II activities. He/she will work with them to identify capacity gaps and needs that can be addressed by the project. He/she will ensure KISAN II's reports to GON and presentations to GON are in-line with GON reporting standards and formats. He/she will work with KISAN II technical teams to ensure close coordination with GON at all levels. This includes schedules and formats of joint monitoring visits. He/she will be the point person for KISAN II in all matters related to the Steering Committee, chaired by the Secretary MOAD, and which provides oversight to KISAN II.

**Minimum Experience for all the above positions:**

- Masters degree in relevant field, PhD preferred.
- At least 12 years of relevant experience.
- Experience working with the Government of Nepal and/or the private sector to improve the enabling environment related to agriculture.
- Strong communication skills, both oral and written, with fluency in both English and Nepali required.

These positions are open to individuals of any nationality; however, these are local hire positions so international hire allowances will not be provided. **Disclaimer:** These positions are contingent upon donor approval.

**APPLICATIONS**: Applicants must submit a cover letter and current CV to **jobs.KISAN@winrock.org** Applicants should reference the position they are applying for in the subject line of the email. **Closing date for applications is 30 September 2017.**

# पाकिस्तान होइन टेररिस्तान : भारत

**एजेन्सी**, न्युयोर्क

भारतले पाकिस्तानी प्रधानमन्त्री साहिद खकान अब्बासीले संयुक्त राष्ट्रसंघीय महासभामा गरेको सम्बोधनप्रति आपत्ति जनाउँदै पाकिस्तानलाई 'टेररिस्तान' को संज्ञा दिएको छ ।

पाकिस्तानी प्रधानमन्त्री अब्बासीले भारत प्रशासित कश्मीरमा भारतीय फौजले अन्धाधुन्ध सर्वसाधारणमाथि गोली बर्साएको र पाकिस्तानका चरमपन्थी समूहलाई भारतले सहयोग गरिरहेको बताएका थिए ।

संयुक्त राष्ट्रसंघका लागि भारतीय सचिव इनम गम्भीरले महासभामा बोल्दै आतंकवादलाई संरक्षण गरेको जनाउँदै पाकिस्तान 'टेररिस्तान' भएको बताएकी हुन् । उनले भनिन्, 'विश्वव्यापी आतंकवादको उत्पादन र निर्यात मौलाएसँगै पाकिस्तान अब टेररिस्तान भइसक्यो ।' संयुक्त राष्ट्रसंघमा भारतले शनिबार सम्बोधन गर्दै छ । तर, शुक्रबारको पाकिस्तानी प्रधानमन्त्रीको सम्बोधनको जवाफ दिने अधिकारको उपयोग गर्दै प्रतिक्रिया दिएको हो । पछिल्लो समय दुई परमाणु शक्तिसम्पन्न राष्ट्रबीच सीमापार आतंकवाद र कश्मीर विवादका कारण सम्बन्ध बिग्रिएको छ । अधिकारीका अनुसार दुई देशबीचको सम्बन्ध हालसम्मकै जटिल बनेको छ । सन् १९४७ मा बेलायतबाट स्वतन्त्रतासँगैको विभाजनपछि भारत र पाकिस्तानले तीनवटा सीमा युद्ध लडिसकेका छन् । न्युयोर्कमा जारी महासभामा पहिलोपटक सम्बोधन गर्दै अब्बासीले विश्व समुदायलाई कश्मीर समस्या समाधानका लागि पहल गरिदिन आग्रह गरेका थिए ।



अब्बासीले भने, 'भारतीय सेनाले कश्मीरमा जनतामाथि अन्धाधुन्ध हतियार प्रयोग गरिरहेको छ । यसको सिकार हजारौं कश्मीरीहरू भइरहेका छन् ।' भारतले पाकिस्तानमा चरमपन्थी गतिविधिमा पुर्‍याइरहेको सहयोग रोके पाकिस्तान कश्मीर समस्या समाधान गर्न तयार रहेको उनले बताए । झन्डै २० मिनेट लामो सम्बोधनका क्रममा अब्बासीले भारत सरकारसँग कश्मीरमा भएका आक्रमणको छानबिन गर्न माग गरे । 'राष्ट्रसंघका महासचिव र मानव अधिकार आयोगका उच्चायुक्तले भारत प्रशासित कश्मीरमा भइरहेको मानव अधिकार उल्लंघनको छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्छ,' उनले भने । अब्बासीले अफगान युद्धको मुद्दा उठान गर्दै पाकिस्तान बलिको बोका हुन नचाहेको जनाए । उनले पाकिस्तानी जासुसी संयन्त्रको अफगानी विद्रोहीसँग साँठगाँठ रहेको भन्ने अमेरिकी आरोपको खण्डन गरे । भारतका अनुसार पाकिस्तानले ओसामा बिन लादेनलाई बचाउने र मुल्ला उमरलाई शरण दिने काम गरेको थियो । चरमपन्थीबाट पीडित भएको दाबी गर्ने पाकिस्तानको भूमि चरमपन्थको पर्यायवाची भइसकेको भारतको दाबी छ । उसका अनुसार टेररिस्तान बनिसकेको पाकिस्तानमा लगातार चरमपन्थीको उदय भइरहेको छ ।

संयुक्त राष्ट्रसंघद्वारा आतंककारी घोषित लस्कर-ए-तोयबाका प्रमुख मोहम्मद सइद पाकिस्तानी राजनीतिक दलको नेता भएको जनाउँदै भारतले चरमपन्थी नेतालाई शरण दिएको आरोप लगाएको छ । भारतले जम्मु-कश्मीर भारतको अभिन्न अंग भएको जनाएको छ । अन्तर्राष्ट्रिय समुदायबाट सहयोगका रूपमा प्राप्त रकमबाट आफ्नो भूमिमा आतंकवादलाई संरक्षण गरेको नतिजा अहिले पाकिस्तान स्वयं भोगिरहेको भारतको भनाइ छ । पाकिस्तानले आतंकवादीलाई आफ्नो देशमा निर्बाध घुम्न दिएको जनाउँदै भारतमा मानव अधिकार रक्षाको कुरा गरेको जनाएको छ ।

# 'ट्रम्पले चर्को मूल्य चुकाउने'

सोल (बीबीसी)- उत्तर कोरियाली नेता किम जोङ उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई 'पागल' को संज्ञा दिँदै उत्तर कोरियालाई ध्वस्त पार्ने चेतावनीको ट्रम्पले चर्को मूल्य चुकाउने बताए ।
दुर्लभ ठानिने व्यक्तिगत वक्तव्यमा किमले आफू परमाणु हतियार निर्माणको ठीक बाटोमा रहेकोमा विश्वस्त भएको जनाएका छन् । उनले ट्रम्पले आफ्नो अस्तित्वलाई स्वीकार नगरेको तथा उत्तर कोरियाको विश्वभर बेइज्जत गरेको भन्दै चेतावनी दिएका हुन् । विज्ञहरूका अनुसार उत्तर कोरियाली नेताले पहिलोपटक अन्तर्राष्ट्रिय तहमा सम्बोधन गरेका हुन् ।

संयुक्त राष्ट्रसंघीय महासभामा मंगलबार बोल्दै ट्रम्पले अमेरिका र उसका मित्रशक्तिको रक्षा गर्न बाध्य भए उत्तर कोरियालाई पूर्णरूपमा ध्वस्त पार्ने चेतावनी दिएका थिए । उनले उत्तर कोरियामाथिको कारबाही सैन्यबाहेक अर्को नरहेको र यसबाट उक्त देश ध्वस्त हुने बताएका थिए । ट्रम्पले किमलाई इंगित गर्दै रकेट म्यान आत्महत्याको मिसनमा सक्रिय रहेको जनाएका थिए ।

उत्तर कोरियाली समाचार संस्था केसीएनएले सार्वजनिक गरेको विज्ञप्तिमा किमले उल्लेख गरेका छन्, 'ट्रम्पका भनाइले मलाई तर्साउनु वा परमाणु कार्यक्रम रोक्नुको साटो उक्त पथमा लागिरहन विश्वस्त पारेको छ । यसले के पुष्टि गर्छ भने, मैले रोजेको बाटो ठीक छ र म यसलाई निरन्तरता दिइरहनेछु ।' उत्तर कोरियाली विदेशमन्त्री री योङ होले ट्रम्पको राष्ट्रसंघको भाषणलाई भुक्ने कुकुरको आवाजको संज्ञा दिएका थिए ।

अमेरिकाको बढ्दो चेतावनीको प्रतिक्रिया दिँदै उत्तर कोरियाले फेरि हाइड्रोजन बम परीक्षण गर्ने जनाएको छ । उत्तर कोरियाली विदेशमन्त्री री योङ होले अमेरिकी राष्ट्रपतिको धम्कीविरुद्ध प्रशान्त महासागरमा हाइड्रोजन बम परीक्षण गर्ने जनाएका हुन् । दक्षिण कोरियाली समाचार संस्थाका अनुसार रीले उक्त बम हालसम्मकै शक्तिशाली हुने जनाएका छन् । उनले भने, 'यद्यपि यसबारे सर्वोच्च नेता किम जोङ उनले निर्देशन दिएबमोजिम हुनेछ ।'

न्युयोर्कमा शुक्रबार संवाददातासँग विदेशमन्त्री रीले परीक्षण गर्न लागेको क्षेप्यास्त्र हाइड्रोजन बम जडान गर्न मिल्ने हुने जनाए । उनको भने, 'अबको परीक्षण अहिलेसम्मकै शक्तिशाली हुनेछ । उक्त परीक्षण प्रशान्त क्षेत्रलाई लक्षित गरेर गरिनेछ ।' उत्तर कोरियाका नेता किम जोङ उनले परमाणु गतमहिना परमाणु हतियार निर्माण केन्द्रको भ्रमण गरेका तस्बिर उत्तर कोरियाली समाचार संस्था केसीएनएले सार्वजनिक गरेको थियो । उत्तर कोरियाले यही सेप्टेम्बर ३ मा पनि हाइड्रोजन बम परीक्षण गरेको थियो ।

- **परमाणु कार्यक्रम ठीक रहेको दाबी**
- **फेरि हाइड्रोजन बम परीक्षण गर्ने चेतावनी**
- **उत्तर कोरियाली कम्पनीविरुद्ध थप प्रतिबन्ध**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाका कम्पनी र नागरिकविरुद्ध थप प्रतिबन्ध घोषणा गरेका छन् । उनले शुक्रबार हस्ताक्षर गरेको कार्यकारी आदेशले अमेरिकी अर्थ मन्त्रालयलाई प्योङयाङसँग कारोबार गर्ने विदेशी बैंकविरुद्ध प्रतिबन्ध लगाउने अधिकार दिएको छ । ट्रम्पले उत्तर कोरियासँग कारोबार नगर्न केन्द्रीय बैंकले देशभित्रका आर्थिक संस्थालाई आदेश दिएकोमा चीनको प्रशंसा गरे । अमेरिकाको पछिल्लो कदमले उत्तर कोरियामा आपूर्ति भने समेटेको छैन । तेल निर्यातमा प्रतिबन्ध लगाउनुपर्ने प्रस्तावको चीनले प्रतिरोध गर्दै आएको छ । नयाँ कार्यकारी आदेशको घोषणा गर्दै ट्रम्पले मानव जातिका लागि घातक अस्त्र निर्माणका लागि उत्तर कोरियाले जुटाउने रकमको स्रोत बन्द गर्न कदम चालिएको बताए ।

# नेपालका बालबालिकालाई सहयोग गर्ने

न्युयोर्क (बीबीसी)- संयुक्त राष्ट्रसंघीय उच्च अधिकारीले हालैको भीषण बाढीका कारण नेपालमा ८० हजार बालबालिका शिक्षाबाट वञ्चित भएको भन्दै उनीहरूको पुनःस्थापनाका लागि सहयोग गर्ने बताएका छन् । विश्वव्यापी शिक्षाका लागि राष्ट्रसंघीय विशेष दूत एवं बेलायतका पूर्वप्रधानमन्त्री गोर्डन ब्राउनले दुई वर्षअघिको भूकम्प र हालैको बाढीले नेपालका हजारौं बालबालिका विद्यालय छाड्न बाध्य भएको बताए ।

राष्ट्रसंघले ठूलो संख्यामा नेपाली बालबालिका भारतमा बेचिने गरेको भन्दै चिन्ता व्यक्त गरेको छ । ब्राउनले शिक्षाबाट वञ्चित र शोषणको जोखिममा रहेका विश्वभर ३ करोड बालबालिका रहेका जनाए । उनले विश्वभर द्वन्द्वका कारण १ करोडभन्दा बढी बालबालिका देश छाड्न बाध्य भएको बताए । ब्राउनले शिक्षामा सहयोग गरिरहेका देशलाई नेपाली बालबालिकालाई मद्दत गर्न आग्रह गरे । उनले भने, 'गतवर्षको भूकम्पबाट तंग्रिन नपाउँदै नेपालमा बाढीले ८० हजार बालबालिका आन्तरिक विस्थापनका कारण घर तथा विद्यालय छाड्न बाध्य छन् ।'

पढाइ छाड्न बाध्य बालबालिकाको अवस्था जोखिमपूर्ण रहेको उल्लेख गर्दै उनले त्यसलाई रोक्न खास कदम चाल्न आवश्यक भएको जनाए । उनले भने, 'नेपालबाट ठूलो संख्यामा बालबालिका भारत र अन्य देशमा बेचिन्छन् । सबैभन्दा पहिला हामीले बालबालिकालाई विद्यालय फर्काउनैपर्छ ।' राष्ट्रसंघका अनुसार विश्वमा करिब ७ करोड ५० लाख बालबालिका आपत्कालीन अवस्थामा मानवीय सहायता पर्खिरहेका छन् ।


भावपूर्ण श्रद्धाञ्जली



जन्मः २००७ चैत्र ३० गते
स्वर्गारोहण: २०७४ भाद्र २६ गते

स्व. उत्तमराज भट्टराई

यस कलेजका कार्यक्रम निर्देशक तथा सहकारी संस्थाका सञ्चालक श्री उत्तमराज भट्टराईको असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नेसनल कलेज
लैनचौर, काठमाडौं

निस्ट बचत तथा ऋण सहकारी संस्था लि.
लैनचौर, काठमाडौं



हार्दिक समवेदना



जन्मः २००६/०२/२६
स्वर्गारोहणः २०७४/०५/३१ (शनिबार)

स्व. बसन्ती लालचन

हाम्रा आत्मीय मित्र एवम् पोखरा उद्योग वाणिज्य संघको भु.पु. अध्यक्ष राजेन्द्र लालचन ज्यू को धर्मपत्नी एवम् गीतकार बसन्ती लालचनको असामयिक स्वर्गारोहण भएको आज सातौं दिनको (१ धुण्टा) को पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै शोकसन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

पुर्णलाल हिराचन
अध्यक्ष

सुकुन्तलाल हिराचन
प्रवन्ध निर्देशक

युनाईटेड बिल्डर्स एण्ड ईन्जिनियर्स प्रा. ली.
युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वर काठमाण्डौं



हार्दिक श्रद्धाञ्जली



जन्म १८/०८/२०२३
स्वर्गारोहण १७/०५/२०७४

स्व. बसन्त मानन्धर

हाम्रा अत्यन्त मिलनसार सहकर्मी
स्व. श्री बसन्त मानन्धरको यही भाद्र १७ गतेका दिन
असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिको
अवसरमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद घडीमा शोकाकूल
परिवारमा धैर्य धारण गर्न सक्ने शक्ति प्रदान होस्
भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

QFX LABIM MALL TEAMQUEST QFX apple entertainment



भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि. सं. २००८/०४/०८
स्वर्गारोहणः वि. सं. २०७३/०६/१७

स्व. इन्दिरा ताम्राकार

हाम्री बुहारी **इन्दिरा ताम्राकार**को असामयीक स्वर्गारोहण भएको
आज वार्षिक पुण्यतिथीमा स्नेहमय हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत
आत्माको चिर-शान्तिको लागि श्री परमेश्वरसँग प्रार्थना गर्दछौं ।
साथै यस दुःखद घडीमा हामी प्रति समवेदना तथा सहानुभुति
प्रकट गर्नुहुने मान्यजन, इष्टमित्र, आफन्तजन एवं
संघ-संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

सासु:
गंगा लक्ष्मी ताम्राकार
पति:
कृष्ण ताम्राकार

छोरा/बुहारी:
सुबिर ताम्राकार/तानिया अगस्तो ताम्राकार
कबिर ताम्राकार/ प्रतिभा लिम्बु (ताम्राकार)

नातीनीहरू:
आरियाना ताम्राकार
साहाना मारिया ताम्राकार



हार्दिक श्रद्धाञ्जली



जन्म १९९३/०६/१०
स्वर्गारोहण २०७४/०५/२६

स्व. ज्ञानकला देवी झा

यस पिनाकल कलेजका संस्थापक सदस्य श्री अजयकुमार झाको ममतामयी माता ज्ञानकला देवी झाको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

पिनाकल कलेज परिवार
लगनखेल, ललितपुर



हार्दिक श्रद्धाञ्जली



जन्म २००८/०३/१३
स्वर्गारोहण २०७४/०५/२६

स्व. चन्द्रदेबी खतिवडा

यस नेशनल लाईफ इन्स्योरेन्स कं. लि. धरान शाखा कार्यालयका शाखा प्रमुख श्री हरिप्रसाद खतिवडाज्यूको ममतामयी माता **चन्द्रदेबी खतिवडा**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी ईश्वरसंग प्रार्थना गर्दछौं ।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
फोनः ४४१४७९९, फ्याक्सः ९७७-१-४४३५६३३, वेभः www.nationallife.com.np



**खेलभावना**
त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा जारी अन्तर्राष्ट्रिय आमन्त्रण पुरुष कबड्डीमा शुक्रबार खेलअघि नेपाल र भारतका कप्तान मायाको चिनो आदानप्रदान गर्दै ।



>> रूपकराज शर्माको २५ औं स्मृति दिवस

# अझै बाक्लो सम्झना

उनी आफ्नो समयमा काठमाडौंको समाजमा चर्चित थिए, दन्त्य कथाका नायक जस्तै । उनलाई लिएर खुबै चाखलाग्दा उडन्ते किस्साहरु सुन्न पाइन्थ्यो । प्रहरीका रुपमा उनले यस्तो गरे, उस्तो गरे । उनी चर्चित छँदाको पञ्चायती राजनीति व्यवस्था र शासन पद्धतिप्रति जनताको तीतो गुनासो त थियो नै । तर त्यो गुपचुप समाज थियो । भित्ताको पनि कान हुन्थ्यो भनिन्थ्यो, त्यसैले कोही केही बोल्न निकै डराउँथे । राजपरिवारका कोही खास सदस्यले यस्तो गरे, त्यस्तो गरे भन्ने हल्ला व्यापक चल्थ्यो । यही समाजले उनलाई नायकका रुपमा चित्रण गरेको थियो ।

■ **हिमेश**, काठमाडौं

उनले मृत्युलाई यति चाँडै र अस्वाभाविक रूप आत्मसात् नगरेको भए, नेपाली फुटबल बेग्लै हुने थियो । सायद उनी नेपाली फुटबलको नेतृत्व गरिरहेका हुन्थे वा नेतृत्व नेपाल प्रहरीको पनि । दुवै अवसरमा नेपाली फुटबलले तय गर्ने बाटो बेग्लै हुने थियो, त्यो निश्चित छ । कोही ठूलो व्यक्तित्वलाई गुमाइसकेपछि सबै यस्तै भन्ने गर्छन् । यस्तो नभएको भए, यस्तो हुने थिएन । तर जीवनमा 'यदि र तर' नहुने रहेछ ।

इतिहास के हो भने हामीले नेपाली फुटबलले पाएको अहिलेसम्मकै सबैभन्दा प्रभावशाली व्यक्तित्व रूपकराज शर्मालाई गुमाएको २५ वर्ष पुग्नेछ, अर्को साता । उनी चढेको पीआईएको एयरबस कराँचीबाट उडेर काठमाडौं झर्नेक्रममा दुर्घटनाग्रस्त भएको थियो । दिन थियो, सन् १९९२ सेप्टेम्बर २८ । त्यो दिन यसपल्ट असोज १२ मा परेको छ । उनका नजिकका सबैलाई लाग्दो हो- दिन कति चाँडै बित्दो हो, थाहै हुन्न, २५ वर्ष भइसकेको छ ।

निश्चित छ, उनीहरू सबैका लागि रूपकराजको अनुपस्थिति अझै खटकरहेको छ । नेपाली फुटबलले अहिलेसम्म सबैभन्दा बढी कसैलाई गुमाएर दुःख मानेको छ भने ती हुन्, यिनै रूपकराज । धेरैको के भन्ने गर्छन् भने सायद, रूपक दाइ भएको भए नेपाली फुटबललाई अझ राम्रो हुने थियो । धेरै सजिलो हुने थियो । त्यो भन्दा पनि ठूलो नेपाली फुटबलको पक्ष लिएर कसैसँग झगडा गर्नुपरेको भए, अगाडि उनी नै हुने थिए । नेपाली फुटबलका उनी हदै 'प्रो-सपोर्टर' थिए ।

यसविरुद्ध केही सुन्न चाहँदैन थिए । उनलाई धेरैले रूपक दाइ नै भन्थे । उनी लामो समय नेपाली राष्ट्रिय टिमका कप्तान रहे । एक अर्थमा उनी सबैका कप्तान थिए । उनको उपस्थितिले नेपाली फुटबललाई धेरै राहत हुन्थ्यो । राम्रो हुन्थ्यो । जे पनि हुन्थ्यो, खराब केही पनि हुने थिएन । उनका दुई व्यक्तित्व थिए । फुटबल र प्रहरी सेवा । फुटबलमा पनि उनका दुई व्यक्तित्व तयार भए । खेलाडी र रेफ्री । प्रहरी सेवा पनि फुटबलकै देन त हो ।

प्रहरीलाई लिएर उनको प्रसङ्ग उठाउने हो भने उनी आफ्नो समयमा काठमाडौंको समाजमा चर्चित थिए, दन्त्य कथाका नायकजस्तै । उनलाई लिएर खुबै चाखलाग्दा उडन्ते किस्साहरू सुन्न पाइन्थ्यो । प्रहरीका रूपमा उनले यस्तो गरे, उस्तो गरे । उनी चर्चित छँदाको पञ्चायती राजनीति व्यवस्था र शासन पद्धतिप्रति जनताको तीतो गुनासो त थियो नै । तर, त्यो गुपचुप समाज थियो । भित्ताको पनि काम हुन्थ्यो भनिन्थ्यो, त्यसैले कोही केही बोल्न निकै डराउँथे ।






राजपरिवारका कोही खास सदस्यले यस्तो गरे, त्यस्तो गरे भन्ने हल्ला ब्यापक चल्थ्यो । यही समाजले उनलाई नायकका रूपमा चित्रण गरेको थियो । यी नायक त्यही राजनीतिक व्यवस्था र शासन पद्धतिविरुद्ध तहल्का मच्चाउँथे । उनले २३ वर्ष पुलिस सेवामा बिताए र सेवाको अन्तिम पद थियो, एसपी । पुलिसमा छँदा किस्सा जस्ता थिए, फुटबलको मैदानमा रूपकराजको व्यक्तित्व त्यस्तै थियो । उनले लगभग १३ वर्ष कप्तानी चलाए । उनको व्यक्तित्व वास्तवमै निकै 'स्मार्ट' र 'ड्यासिङ' थियो ।

सन् १९८२ मा नयाँ दिल्लीमा भएको नवौं एसियाली खेलकुद नेपाल सहभागी पहिलो औपचाीरक फुटबल प्रतियोगिता हो । उनी त्यही टिमका कप्तान थिए । सन् १९८६ को विश्वकप छनोटका सुरुआती दुई खेल खेले र त्यसपछि सक्रिय खेलाडी जीवनबाट टाढा रहे । त्यसैयता उनको रेफ्री खेलजीवन सुरु भएको हो । खेलाडी छँदा उनी क्रिएटिभ मिडफिल्डरका रूपमा खेल्थे । खेल्ने बेला ज्यान दुब्लो थियो, राम्रो ड्रिब्लिङ गर्थे । त्यो समयको अन्तर्राष्ट्रिय फुटबलमा 'टाइम किलिङ' चल्ने गर्थ्यो, त्यसमा पनि उनी सिपालु थिए ।

उनको नेतृत्वमा प्रहरी टिम घरेलु फुटबलमा कमजोर हुने प्रश्नै थिएन । खेल्ने प्रवृत्ति लडाकु स्वभावको थियो नै । 'रफ एन्ड टफ' उनको खेलको विशेषता थियो, उनी यस्तै खेल्न रूचाउँथे । रुदी गुटेनडफ आउनुअगाडि नेपालले केही समय शर्माकै शैलीमा फुटबल खेल्यो र उनको शैली थियो, 'गोर्खाली ।' उनी भन्ने गर्थे रे, 'हामी नेपालीको फुटबल खेल्ने शैली गोर्खाली हुनुपर्छ



गोर्खाली ।' सबै उनलाई पछ्याइहाल्थे । अनुशासनमा पनि राम्रै थिए, उनी ।

ट्रेनिङ चल्दा उनी ठीक समयमा पुग्थे । नतिजा, अरुलाई पनि समयमै पुग्न कर लाथ्यो । खेलाडी छँदाको स्वभावका कारण उनी जति बेला रेफ्री बने, मैदानमा हुने सानातिना घटनालाई ठूलो मान्दैनथे । रेफ्री पनि उनी गजब निस्के । चाँडै फिफा रेफ्री बने । र, रेफ्रीकै रूपमा मृत्युलाई पनि आत्मसात् गरे । दशरथ रंगशाला नजिकै त्रिपुरेश्वरमा जन्मेका थिए, उनी २०१० सालमा । घरेलु फुटबलमा उनको प्रवेश नजिकैको ब्वाइज युनियन क्लबबाट भएको थियो । पछि पुलिस क्लबबाट पनि खेले । धेरैका लागि २०४९ असोज १२ कालो दन साबित भयो ।

नेपाली फुटबल पनि अछुतो रहेन । उनी पाकिस्तानमा 'गेम' खेलाएर पीआईए एयरबसबाट काठमाडौं फर्किरहेका थिए । फ्लाइट नम्बर थियो, पीके २६८ । यो विमानले काठमाडौं छुनै लागेको थियो, ललितपुरको भट्टेडाँडा-३ मा दुर्घटना भयो । सबै यात्रु र क्रु-मेम्बरले ज्यान गुमाए । नेपाली इतिहासमै त्यो ठूलो विमान दुर्घटना थियो । पूरा देशमा तहल्का मच्चिनु स्वाभाविक थियो । त्यसै दुर्घटनामा परेर रूपकराजको पनि निधन भएको समाचारले अझ धेरैको मन दुखेको थियो ।

उनी जीवित छँदा जर्मन प्रशिक्षक होल्गार ओभरमन उनीसँग नजिक भइसकेका थिए । ओभरमनलाई रूपकराजको असामयिक निधनले चोट पुऱ्याएको रहेछ । उनले भनेका छन्, 'मेरा लागि सन् १९९३ मा स्वर्ण जित्नु सबैभन्दा ठूलो खुसीको क्षण हो भने सबैभन्दा खराव क्षण- रूपकराजसहित अरु दुईलाई हवाई दुर्घटनामा गुमाउनु ।' नेपालले यसअघि सन् १९८४ को दक्षिण एसियाली खेलकुदमा फुटबलतर्फ स्वर्ण जितेको थियो । त्यसका प्रशिक्षक हुन्, अर्का जर्मन जोन फिगी ।

पछिल्लो समय उनी नेपाल आउँदा उनले पनि सम्झन खोजेका पहिलो फुटबल व्यक्तित्व यिनै रूपकराज थिए । 'क्या खेलाडीको व्यक्तित्व थियो उनको,' उनको भनाइ थियो । फुटबल खेल्दा सिनियर भएर पनि उनका सहयात्री जस्तै रहेका श्याम थापाले भनेका छन्, 'एउटा खेलाडीका रूपमा रूपकराजमा सबै थियो । उनको सबैभन्दा ठूलो गुण थियो, नेतृत्वदायी भूमिका र तुरुन्त निर्णय गर्न सक्ने क्षमता ।' साँच्चै नेपाली फुटबलसँग उनको सम्झना सधैं बाक्लो रहनेछ ।

**सँगै अलबिदा**

पीआईए हवाई दुर्घटनामा जीवन गुमाउनमा रूपकराज शर्मा मात्र थिएनन् । उनीसँगै जीवनबाट बिदा लिनेमा सहायक रेफ्रीद्वय रोशनकुमार श्रेष्ठ र हीरारत्न वज्राचार्य पनि थिए । रोशन पनि आफ्नो समयका फुटबल खेलाडी त थिए, तर उनको ख्याति रेफ्रीका रूपमा थियो । ब्वाइज युनियनमा छँदा उनी गोलरक्षक थिए । हीरारत्न भने पहिलो पटक अन्तर्राष्ट्रिय खेल सञ्चालनका लागि विदेश गएका थिए । उनले एनआरटीबाट फुटबल खेले । दुई महिनाअघि अर्थात १९९२ जुलाई ३१ मा फिफा सहायक रेफ्री श्याम श्रेष्ठको पनि थाई एयरवेज दुर्घटनामा निधन भएको थियो ।

# विर्जेशले जोगाए



**एएफसी यू-१६ च्याम्पियनसिपअन्तर्गत शुक्रबार हल्चोकमा भारतविरुद्ध गोल गर्दै नेपालका विर्जेश चौधरी (रातो) ।** *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

१३ मिनेट अन्तरमा ४ गोल, दुवै टोलीको अग्रता अनि दुवैबाट बराबरी गोल, अन्त्यमा १-१ अंकमा चित्त बुझाइ

**नेपाल २-२ भारत**

■ **सुबास हुमागाईं**, काठमाडौं

नेपाल र भारतका यू-१६ टोलीको यस नतिजाले पनि दुई छिमेकी प्रतिद्वन्द्वीको खेल भएको झल्को दिन्छ । नतिजा जस्तै हल्चोकस्थित एपीएफ रंगशालामा शुक्रबारको एएफसी यू-१६ च्याम्पियनसिपको खेल पनि निकै प्रतिस्पर्धात्मक रह्यो । भारतले तुलनात्मक रूपमा नेपालभन्दा बढी समय बलमा पकड राखे पनि सुरुआती अग्रता लिन सकेन । गोलरहित पहिलो हाफमा दुवै टोलीले पाएका मौका सदुपयोग गर्न सकेनन् । दोस्रो हाफमा भारत थप आक्रामक देखिए पनि नेपाल अग्रता लिन सफल भयो । ७६ औं मिनेटमा विर्जेश चौधरीले पेनाल्टी क्षेत्रको ठिक बाहिरबाट बायाँ खुट्टाले गरेको प्रहार गोलरक्षक लाल्बीख्लुआ जोङ्तेले रोक्न नसकेपछि नेपालले अग्रता लियो । वैकल्पिक खेलाडी हरप्रितले ८२ औं मिनेटमा भारतका लागि बराबरी गोल गरेका थिए । डिफेन्डर रोशन दोङले हेडर क्लियरेन्समा गल्ती गरेपछि आएको बलमा हरप्रितले ३५ यार्ड टाढाबाट गरेको प्रहार गोलमा परिणत भयो । तीन मिनेटपछि अर्का वैकल्पिक खेलाडी लालरोकिमाको पासमा पेनाल्टी क्षेत्रभित्र अनमार्क रहेका हरप्रितले व्यक्तिगत दोस्रो गोल गरे । निर्धारित समयको एक मिनेट बाँकी हुँदा विर्जेशले उत्कृष्ट गोल गर्दै टोलीलाई बराबरीमा ल्याए । उनले पेनाल्टी क्षेत्रभित्रबाट दायाँ खुट्टाले गरेको भली प्रहार गोलरक्षकको माथिबाट दोस्रो बारमा छिरेको थियो ।

भारतका प्रशिक्षक बिबियानो फर्नान्डेजले अपेक्षा गरेअनुसार नेपालले उत्कृष्ट प्रदर्शन गरेको बताए । 'नेपालले घरेलु मैदानमा राम्रो खेल खेल्यो । अंक गुमाउनु हाम्रा लागि निकै नराम्रो नतिजा हो । अब इराकविरुद्ध जितको विकल्प छैन,' उनले थपे, '५ दिन अन्तरमा तीन खेल खेल्न निकै कठिन हुन्छ । तर इराकविरुद्ध जसरी पनि ३ अंक हासिल गर्ने हाम्रो लक्ष्य हुनेछ ।'

प्रदर्शनमा सुधार ल्याएर भारतसँग बराबरी गर्न सफल रहेको नेपालका प्रशिक्षक सुनील श्रेष्ठको बुझाइ छ । 'जित्नैपर्ने खेल थियो तर प्रदर्शनमा सुधार भएको छ । डिफेन्डरको सानो गल्तीमा भारतले बराबरी गोल गर्न पुग्यो,' उनले भने । प्रशिक्षक श्रेष्ठले नेपाल छनोट हुने झिनो आस बाँकी रहेको जनाए । 'छनोट हुने गणितीय सम्भावना अझै बाँकी छ । त्यसैले प्यालेस्टाइनविरुद्ध सक्दो प्रयास गर्ने छौं । हामीले जितेर मात्र हुँदैन, अर्को खेलको नतिजामा पनि भर पर्नुपर्छ,' श्रेष्ठले टुंग्याए ।

**इराकको सहज जित**

समूह 'डी' कै अर्को खेलमा शुक्रबार इराकले लगातार दोस्रो जित दर्ता गऱ्यो । दोस्रो हाफको ४ गोल मदतले इराकले प्यालेस्टाइनलाई ४-० ले पराजित गरेको हो । पहिलो हाफमा अवसरक सदुपयोग गर्न नसकेको इराकले दोस्रो हाफको सुरुदेखि दबाब कायम गऱ्यो । थकित देखिएका प्यालेस्टाइन टोली अन्त्यमा १० खेलाडीमा सीमित हुनुपरेको थियो । इराकबाट ५० औं मिनेटमा हसन सलमान सनानले सुरुआती गोल गरेका थिए । कप्तान अहमद अल हिल्फीले ६७ औं मिनेटमा पेनाल्टी क्षेत्र बाहिरबाट उत्कृष्ट गोल गर्दै अग्रता दोब्बर पारे । पाँच मिनेटपछि कसिम सुबैहावीले अग्रता बढाउँदा वैकल्पिक खेलाडी अब्दुल्लाह हसन हमिदले अन्तिम मिनेटमा गोल गर्दै जित पक्का गरे ।

जितसँगै इराक अंकतालिकाको शीर्षस्थानमा पुगेको छ । यता नेपालसँगको बराबरीले भारत दोस्रो स्थानमा झऱ्यो । अन्तिम खेलमा इराकलाई छनोट हुन बराबरी पर्याप्त रहनेछ । भारतलाई भने छनोटका लागि जित नै चाहिन्छ । नेपालको भने छनोटमा गणितीय सम्भावनामात्र बाँकी छ ।

# नेपालको पहिलो जित

>> साफ यू-१८

काठमाडौं (कास)- डिफेन्डिङ च्याम्पियन नेपालले साफ यू-१८ च्याम्पियनसिपमा पहिलो जित दर्ता गरेको छ । भुटानमा जारी प्रतियोगिताको दोस्रो खेलमा नेपालले माल्दिभ्सलाई २-० ले हराउँदै अंकतालिकामा खाता खोल्यो ।

खेलको सुरुमै नेपाल भाग्यमानी साबित भयो । डिफेन्डर रोमन लिम्बूले छैटौं मिनेटमा गोल गरे । उनले करिब ४० यार्ड टाढाबाट पेनाल्टी क्षेत्रमा गरेको लामो पासमा माल्दिभ्सका डिफेन्डर र गोलरक्षक झुक्किएपछि नेपालले अग्रता लियो । पहिलो हाफमा कुनै आक्रमण गर्न नसकेको माल्दिभ्सविरुद्ध नेपालले लगातार आक्रमण बुनिरह्यो । दोस्रो हाफमा रेजिन सुब्बाले नेपालको अग्रता दोब्बर पारे । उनले ५७ औं मिनेटमा अभिषेक रिजालको क्रस सदुपयोग गर्दै हेडरमार्फत गोल गरेका थिए । खेलको अन्तिम मिनेटमा अभिषेकको पेनाल्टी क्रसबारमा लागेर फर्केपछि नेपालले अग्रता बढाउने मौका गुमायो । डिफेन्डर हुसेन मोहमदले पेनाल्टी क्षेत्रभित्र फरवार्ड दीपेश आलेमगरलाई तानेपछि नेपालले पेनाल्टी पाएको थियो ।

नेपालका प्रशिक्षक छिरिङ लोप्साङले टोलीले धेरै गोल गर्ने प्रयास गरे पनि पाएका अवसर गुमाउँदा सफल हुन नसकेको बताए । टोलीलाई जित आवश्यक रहेको र यसै सिलसिलालाई आउने खेलमा निरन्तरता दिने प्रशिक्षक लोप्साङको लक्ष्य छ । माल्दिभ्सका प्रशिक्षक अब्दुल घानीले नेपालको तुलनामा लगातार खेल खेल्दा थकानका कारण टोलीले आशातीत प्रदर्शन गर्न नसकेको बताए ।

पहिलो खेलमा आयोजक भुटानसँग १-० को हार बेहोरेको नेपालले बंगलादेश र भारतको सामना गर्नेछ ।

## छोटकरी

**एकलमा भारतीय हाबी**

लेखनाथ (कास)- आईटीएफ सिनियर सर्किट-२ टेनिसमा एकलतर्फका सबै उपाधि भारतीय खेलाडीले जितेका छन् । ३५ वर्षमाथिको उपाधि भारतका कमलेश शुक्लाले जितेका छन् । पोखरा रंगशालामा शुक्रबार उनले भारतकै दिलीप महन्तीलाई ६-३, १-६, ६-२ ले पराजित गरी उपाधि जिते । ५५ वर्षमाथिको एकल उपाधि पुनीतकुमार गुप्ताले जिते । उनले फाइनलमा नेपाली खेलाडी मनोज राणालाई ६-४, ४-६, ६-२ ले हराए । भारतकै नारायण मूर्ति र विनोद सेठबीच ४५ वर्षमाथिको फाइनल भिडन्त बीचमै रोकिएको छ । खराब प्रकाशका कारण खेल रोकिएको हो । रोकिएको खेल शनिबार हुने जनाइएको छ ।

**रत्नजित र दीपेश फाइनलमा**

काठमाडौं (कास)- रत्नजित तामाङ र दीपेश धामी प्रथम देवीनगर ब्याडमिन्टन कपको फाइनल भिड्ने भएका छन् । रत्नजित शुक्रबार सम्पन्न सेमिफाइनलमा विजित थापामगरलाई २१-१४, १९-२१, २१-१० ले पराजित गर्दै उपाधि नजिक पुगेका हुन् । अर्को सेमिफाइनलमा दीपेशले विष्णु कटुवाललाई २१-१४, २१-१४ ले हराएर रत्नजितसँगको फाइनल भेट पक्का गरे । फाइनल शनिबार हुनेछ ।

# मोरङ सेमिफाइनलमा

दमक (कास)- गोलकिपर सुरज अधिकारीले दुई पेनाल्टी प्रहार रोकेपछि मोरङ ११ प्रथम दूधे गोल्डकप फुटबलको सेमिफाइनल पुगेको छ । शुक्रबार उसले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई टाइब्रेकरमा ४-२ ले पराजित गरेको हो ।

निर्धारित समय गोलरहित भएपछि खेल टाइब्रेकरमा पुगेको थियो । टाइब्रेकरमा मोरङका कप्तान दीपक राई, सुनील खड्का, मिक्चेन तामाङ र विक्रम लिम्बूले गोल गरे । म्यान अफ द म्याच गोलकिपर सुरजले आर्मीका कप्तान योद्धा शाही र दीपक गुरुङको पेनाल्टी प्रहार रोके ।

आर्मीले खेलमा नियन्त्रणमा राखे पनि गोल गर्न भने सकेन । मोरङको रक्षापंक्तिले आर्मीलाई कुनै मौका दिएन । स्ट्राइकर टंक बस्नेत चल्न सकेनन् । आर्मी पहिलो रोजाइका खेलाडीबिना नै उत्रिएको थियो ।

सुरुआतमा पाएका केही राम्रा मौकालाई सदुपयोग गर्न नसक्दा दाबेदार आर्मी पहिलो खेलबाटै बाहिरिएको छ । भर्खरै 'ए' डिभिजनको मान्यता पाएको मोरङको सेटले आत्मविश्वाससाथ मिहिनेती खेल पस्केको थियो । मोरङका कप्तान दीपक राईका केही प्रहार बाहिरिए । ३६ औं मिनेटमा आर्मीका राजीव गुरुङको ब्याकपासमा टंक बस्नेतको प्रहार असफल भयो ।

# नेपाल-भारत भिड्ने



>> आमन्त्रण पुरुष कबड्डी

काठमाडौं (कास)- नेपाल र भारत अन्तर्राष्ट्रिय आमन्त्रण पुरुष कबड्डीमा शुक्रबार फाइनल पुगेका छन् । फाइनल शनिबार हुनेछ ।

तीन राष्ट्र सहभागी प्रतियोगिताको राउन्ड रोबिन लिगमा नेपाल उपविजेता र भारत विजेता बन्दै उपाधि भिडन्तमा पुगेका हुन् । नेपालले १-१ जित र हार सामना गर्दा भारतले दुवै खेल जित थियो । त्रिपुरेश्वरस्थित कभर्डहलमा शुक्रबार अन्तिम खेलमा नेपाली टोली भारतसँग ५१-२६ ले पराजित भएको थियो । भारतका अमित नगर उत्कृष्ट रेडर तथा विनित शर्मा उत्कृष्ट केचर चुनिए । यी दुई टोली भिड्नु अगावै फाइनल पुगिसकेका थिए । दुवैले बंगलादेशलाई हराएकाले फाइनल सुरक्षित भइसकेको थियो । शुक्रबारै पहिलो खेलमा भारतले बंगलादेशलाई १७-९ अंकले हराएको थियो ।

किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी खुल्दुलीको समाधान खुल्दुलीबाटै
खुल्दुली
Google play
स्मार्ट फोनको प्ले स्टोरमा K.H.U.L.D.U.L.I टाइप गरी खुल्दुली एप डाउनलोड गर्न सकिन्छ ।

JOHN PLAYERS FESTIVE CASH BACK OFFER
Buy John Players apparel worth
NRs. 9,999/- & Get instant 15% Cash Back Offer
NRs. 6,999/- & Get instant 10% Cash Back Offer
SURYA NEPAL
JOHN PLAYERS
Premium men's wear from SURYA NEPAL
*Conditions Apply
PLEASE VISIT OUR EXCLUSIVE BRANDED OUTLETS: Kamal Pokhari, City Centre Mall • Tripureswor, Blue Bird Mall • Durbarmarg • Sundhara, Civil Mall • Manbhawan • Pulchowk, Labim Mall & other select outlets across the nation.
This offer is valid for a limited period.




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुधीर शर्मा**

# गाउँघरमा दसैं रमझम



हतुवागढी गाउँपालिकास्थित दसैंका लागि लिपपोत तथा सरसफाइ गरिएको घर ।

तस्बिर : विद्या/कान्तिपुर

■ **विद्या राई**, भोजपुर

पावलाकी ७४ वर्षीया पृथीमाया राई घर वरपर सरसफाइ गर्दै थिइन् । गाला चाउरी परे पनि हँसिलो मुहारमा छुट्टै चमक थियो उनीमा । नजिकिँदै गरेको दसैंका लागि सरसफाइमा उनी जुटेकी थिइन् । १० वर्षे नातिसँगै झार उखाल्दै तथा घाँस काट्दै गर्दा उनी 'दसैं आयो, खाउला पिउला...' भन्ने गीत नातिलाई सुनाउँदै पनि थिइन् । उमेरले पाको भए पनि दसैंको रौनक खुबै पलाएको छ उनमा ।

'नातिको उमेरमा हामीलाई दसैं के हो थाहै थिएन, आमाबुवाले दशा भन्नुहुन्थ्यो, हाम्रा पालामा नि उही थियो,' उनले विगत सम्झिइन् । ऊ बेलाको दसैं र अचेलको दसैं धेरै फरक लाग्छ उनलाई । उहिले राम्रो लाउन मीठो खानलाई वर्ष दिनको दसैं कुर्नुपर्थ्यो । हुनेखानेका घरमा दसैंका बेला मीठो पाक्थ्यो । एकसरो भए पनि राम्रो लुगा जुट्थ्यो । हुँदा खानेका लागि दसैं दशा नै थियो ।

गरिबी र अशिक्षाले स्थानीयको आर्थिक स्तर कमजोर थियो । लेखपढ गर्ने कमै थिए । चाडपर्व धेरैका लागि आउनु र नआउनु उस्तै थियो । एक छाक पेटभरि खान पुग्दैनथ्यो । सदरमुकामदेखि १६ कोस दक्षिणमा पर्ने आमचोक गाउँपालिकाको विकट यस गाउँको दशकयता जीवनस्तर फेरिन थालेसँगै चाडपर्वमा केटाकेटी, युवायुवती, तन्नेरी, वृद्धवृद्धा सबैमा उल्लास छाउन थालेको छ । युवा वैदेशिक रोजगारी तथा ज्यालामजदुरी गर्न थालेदेखि जीविकोपार्जन पनि विस्तारै फेरिँदै गएको छ । चाडपर्व पनि उज्यालो हुन थालेको ७५ वर्षीय वृद्ध बमबहादुर राईले सही थापे । यहाँ अढाई सय घर छन् । प्रत्येकका एकदेखि ४ जनासम्म वैदेशिक रोजगारीमा छन् । 'चाडबाडका बेला फर्कनेले सोलार, साउन्डबक्स, उफर लिएर आउँछन्, नाच्छन्, गाउँछन्, रमझम बढ्न थालेको छ, निक्कै रमाइलो लाग्छ अचेलको दसैं,' बमबहादुरले सुनाए । वैदेशिक रोजगारीले केटाकेटी, किशोरकिशोरी विद्यालय जान थालेका छन् । पढ्नुपर्छ, रमाइलो गर्नुपर्छ, मनोरञ्जन गर्नुपर्छ भन्ने चेतना जागेको छ । दसैंमा पर्व विशेष सांगीतिक सांस्कृतिक कार्यक्रम हुन्छन् । एक ठाउँ जम्मा भएर नाचगान गर्दै, रमाउँदै दसैं मनाउने चलन युवा पुस्ताले नै भित्र्याएका हुन् । चाडपर्व गक्षअनुसार सभ्य र भव्य मनाउने चलन पनि युवाले नै भित्र्याए । 'पहिले चाडपर्व आयो कि झगडा होला, काटमार होला भन्ने डर हुन्थ्यो, अचेल चेतना बढेको छ,' स्थानीय भरत राईले भने । त्यस बेला पढ्नुपर्छ भन्ने चेतना नहुँदा युवाहरू स्थानीय मदिरा अधिक सेवन गरेर झैझगडा गर्थे । धेरै सख्त घाइते हुन्थे । कतिले ज्यानै गुमाए । धेरैजसो राई समुदाय रहेकाले स्थानीय मदिराको उत्पादन र सेवन अत्यधिक चल्थ्यो ।

'उहिले चेतना थिएन, आम्दानी गर्न जानेका थिएनन्, बारीमा फलाएको मकैकोदोले जाँडरक्सी पकाउने, खाने, झगडा गर्ने मात्रै गर्थे,' स्वयंसेविका मीरा राईले भनिन्, 'झगडा नभएको, घटना नघटेका चाड नै हुँदैनथ्यो । छोरी, बुहारी, सासूहरूलाई निक्कै पीडा थियो, दशा नै थियो ।' गाउँमा चेतनास्तर उकास्न निक्कै हम्मे पर्ने उनले बताइन् । जिल्लाका २ नगरपालिका र ७ गाउँपालिकामध्ये यो अझै विकट र शैक्षिक स्तरले पछाडि परेको छ । यहाँका अधिकांश युवा वैदेशिक रोजगारी र ज्यालामजदुरीमा जान्छन् । विद्यालय गए पनि कमैले उच्चशिक्षा गरेका छन् । भौगोलिक रूपमा ठगिएकाले पनि पछाडि पर्नुपरेको पावलावासी बताउँछन् । दशकअघि सदरमुकाम सडक सञ्जालमा जोडिए पनि यस गाउँ गत वर्षमात्रै सडक सञ्जालमा जोडिएको हो ।

कच्ची तथा वर्षातले बगाएका कारण यातायात आवतजावत हुँदैन । स्थानीय बजार पुग्न १ देखि ५ घण्टा लाग्छ । स्थानीय उत्पादनलाई बजार अझै अभाव छ । सडक पूर्वाधारको विकास नहुँदा डोकोनाम्लोको भरमा आयातनिर्यात गर्नुपर्ने बाध्यता कायमै रहेको स्थानीय बुद्धिजीवी गणेश राईले बताए ।

## चहलपहल सुरु

**कान्तिपुर संवाददाता**

तेह्रथुम- नजिकिँदो दसैंका कारण जिल्लाका बजार क्षेत्रमा चहलपहल बढेको छ । ग्रामीण क्षेत्रमा गत वर्ष खनिएका सडकमा सवारी नचलेपछि खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तु किन्न गाउँगाउँबाट मानिस बजार क्षेत्रमा आएका छन् । गाउँगाउँका बासिन्दा किनमेलका लागि आएपछि म्याङलुङ, वसन्तपुर, जिरिखिम्ती, संक्रान्ति, शुक्रबारेलगायत क्षेत्रमा चहलपहल बढेको हो ।

ग्रामीण सडकमा सवारी नचल्दा गाउँलेले सामान ढुवानी गर्न पाएका छैनन् । तल्लो क्षेत्रमा समेत धान पाक्न ढिला भएकाले खेती गर्ने किसान चामलसहित दैनिक उपभोग्य वस्तु खरिदका लागि बजार क्षेत्र आएका हुन् ।

'यो वर्ष धान पाक्न ढिला भयो,' सुङ्नाम गाविसदेखि सदरमुकाम म्याङलुङ आएका लोकनाथ घिमिरेले भने । गाउँका कच्ची सडक वर्षाले बगाउँदा अहिले ट्याक्टरसमेत सञ्चालन हुन नसकेको उनले सुनाए । लत्ताकपडा, चामल, चिउरा, चिनी, तेल, नुनलगायतका दैनिक उपभोग्य वस्तु किनमेलमा गाउँले हुल बाँधेर पायक पर्ने बजारमा आइरहेका छन् ।

दसैंको चहलपहलका कारण व्यापार पनि केही बढेको उद्योग वाणिज्य संघ वसन्तपुर उपशाखाका अध्यक्ष रोशन सुवेदीले बताए । बजारमा खाद्यान्न र लत्ताकपडाको व्यापार राम्रैसँग चलेको छ ।

दसैंका लागि सामान किन्न गाउँले आउन थालेपछि व्यापारीलाई पनि भ्याइनभ्याइ छ । वर्षभरिको व्यापार यही समयमा हुने गरेकाले व्यापारीलाई बोल्ने फुर्सदसमेत छैन । कच्ची मोटर बाटो निर्माणसँगै गाउँघरतिर खुलेका साना पसलमा सामान महँगो हुने भएकाले टाढा बाटो हिँडेर भए पनि ठूला सहरबजारसम्म आइरहेका छन् ।

गाउँबाट आएर अध्ययनका लागि सदरमुकाम र बजारमा बसेका विद्यार्थी र उनीहरूका अभिभावकले पनि निकै चहलपहल गराइरहेका छन् । विद्यालय बिदा भएकाले घर जाँदा सामान किनमेल गरेर जाने गर्दा बजार क्षेत्रमा निकै भीडभाड बढेको छ । दसैंमा जसरी पनि राम्रो लगाउने र मीठो खाने चलनसम्म नहटेकाले पनि किनमेल बढेको व्यापारीहरू बताउँछन् ।

गाउँले बजारमा सामान खरिद गर्न आउँदा आफूले उत्पादन गरेका अलैंची, खसीबोका, कुखुरालगायतको उत्पादन तथा पशुवस्तु बिक्रीका लागि लिएर आउँछन् । झट्ट हेर्दा वस्तु विनिमयजस्तो देखिए पनि गाउँलेले ल्याएको कृषि उपज किन्ने व्यापारी भने फरक हुने गरेका छन् । दसैं मनाउनकै लागि गाउँले आफूले उत्पादन गरेको अलैंची, लकडी, खसीबोका, बन्दा, काउली, मूलाजस्ता उत्पादन बजार पुर्‍याइरहेका छन् ।

## छोटकरी

**बिनाचिरफार शल्यक्रिया**

विराटनगर (कास)- नोबेल मेडिकल कलेज टिचिङ हस्पिटलले बिनाचिरफार कम्प्युटराइज दुरविन प्रविधिबाट जटिल प्रकारको आँखा, नाक तथा टाउकाको ट्युमर, क्यान्सर र मासु पलाएको रोगको उपचार सुरु गरेको छ । इन्टिच्युट अफ न्युरो साइन्सेज पद्धतिको उपचारमा चिकित्सक आइप चेरियत, विनोद फेलिक्स, सञ्जीव ठाकुर र मिनाक्षी बस्नेतको टोली संलग्न थिए । अस्पतालका निर्देशक डा. राजेश नेपालका अनुसार यो प्रविधिबाट आँखा, नाक र टाउकाको उपचार गर्दा जोखिम ज्यादै कम हुने भएकाले उपचार खर्च पनि कम हुन्छ ।

**श्रीमतीको आक्रमणमा गम्भीर**

धनकुटा (कास)- चौबिसे गाउँपालिका-५ बोधेस्थित तल्लो हमेलामा श्रीमतीको खुकुरी प्रहारबाट श्रीमान् गम्भीर घाइते भएका छन् । सामान्य विवादका क्रममा बिहीबार स्थानीय ३६ वर्षीया सरु तामाङले ३८ वर्षीय कमलबहादुरलाई खुकुरी हानेको प्रहरीले जनाएको छ । खुकुरी प्रहारबाट टाउकोमा चोट लागी गम्भीर घाइते भएका तामाङलाई उपचारका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको छ ।

**ताला लगाउँदै खोल्दै**

धरान (कास)- बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तालाबन्दी गर्ने र खोल्ने होड नै चलेको छ । एउटा समूहले उपकुलपतिसहित ४ पदाधिकारीको कक्षमा ताला लगाएको थियो । अर्कोले ताला फोरेलगत्तै फेरि पहिले ताला लगाउनेले नै लगाए । विभिन्न माग राख्दै कर्मचारी कल्याण समाजका अध्यक्ष सुजेन्द्र तामाङ नेतृत्वको कर्मचारीले १२ दिनदेखि प्रतिष्ठानमा धर्ना दिँदै आएका छन् । तलब, भत्ता, सुविधा वृद्धि र बढुवाको माग गर्दै प्रतिष्ठानस्थित कर्मचारी कल्याण समाजले उपकुलपति प्रा.डा. रौनियार, शिक्षाध्यक्ष प्रा.डा. विक्रम श्रेष्ठ, अस्पताल निर्देशक प्रा.डा. गौरिशंकर साह र रजिस्ट्रार तुलबहादुर श्रेष्ठको कक्षमा तालाबन्दी गरेको थियो । पछि प्रतिष्ठानकै कर्मचारी कल्याण समाज तदर्थ समितिले ताला फोरेको थियो । प्रतिष्ठानका रजिस्ट्रार श्रेष्ठको संयोजकत्वमा गठित वार्ता समितिले कर्मचारीको माग उपकुलपतिमा पुर्‍याउने छ ।

**गाँजाखेती नष्ट**

भोजपुर (कास)- जिल्ला प्रहरीले पानी ट्यांकीस्थित गाँजाखेती फँडानी गरेको छ । एक रोपनी क्षेत्रफलमा लगाइएको गाँजा काटेर फ्यालिएको हो ।

# वैकल्पिक मार्ग निर्माणमा लापरबाही

**कान्तिपुर संवाददाता**

बेल्टार (उदयपुर)- प्रभावकारी अनुगमन नहुँदा धरान-कटारी हुँदै हेटौंडा पुग्ने सडक आयोजनाको प्रारम्भिक निर्माणमै लापरबाही देखिएको छ । पहिलो चरण पूर्वाधार (पुलपुलेसा, कल्भर्ट र अन्य संरचना) निर्माणमा अनुगमन नहुँदा गुणस्तरीय काम नभएको हो ।

चौडण्डीगढी नगरपालिकाको वीरेन्द्र चौकदेखि सिन्धुली-भिमानसम्म पूर्वी खण्डको निर्माण सरकारी र स्थानीयस्तरबाट खासै अनुगमन भएको छैन । सर्वसाधारण उपभोक्ता र स्थानीय तहका जनप्रतिनिधिले सडकमा अपनत्व महसुस नगर्दा काम लापरबाही भएको छ । सरकारी स्तरबाट सडक विभागले गर्नुपर्ने अनुगमन पनि प्रभावकारी नहुँदा ठेकेदार कम्पनीले आफूखुसी काम गरेको हो । ठेकेदार कम्पनी जेडआईईसी लामा एन्ड शर्मा जोइन्ट भेन्चरले पूर्वाधार निर्माणलगायत काममा २० प्रतिशतभन्दा बढी मुनाफा लिएर ससाना निर्माण कम्पनी र व्यक्तिलाई जिम्मा दिइएको छ । अनुगमन नहुँदा लामा एन्ड शर्मासँग काम लिने सहायक कम्पनीले सडक विभागबाट तोकिएको मापदण्ड अनुसार निर्माण गरे/नगरेको अनुगमन हुँदैन । यही कारण लापरबाही भइरहेको स्थानीय चूडामणि गुरागाईंले बताए ।

सडक चौडण्डीगढी नगरपालिका वीरेन्द्र चोकदेखि बेल्टार, बेल्टार/गाईघाट, गाईघाट/मुकुर्ची/नेपालटार-कटारी खण्डमा काम भइरहेको छ । सडक आयोजनाका साइड इन्चार्ज र सुपरभाइजरसमेत काम गरेको ठाउँ जाँदैनन् । 'उनीहरूमात्र होइन, विभागका कर्मचारी र जनप्रतिनिधिले समेत कामबारे वास्ता गरेका छैन,' गुरागाईंले भने, 'अनुगमन नभएपछि मुनाफाका लागि काम गर्ने ठेकेदारले लापरबाही गर्ने नै भए ।'

'सामान्य रूपमा हेर्ने कामबाहेक केही भएको छैन,' रौतामाई गाउँपालिका प्रमुख गजेन्द्रबहादुर खड्काले भने, 'प्रभावकारी रूपमा अनुगमन गरिएको छैन, सामान्य हेर्दा पनि गुणस्तरीय छैन ।' रौतामाई खण्डको काम हेर्दा ढुंगा, गिटी र बालुवाको प्रयोग मापदण्डअनुसार नदेखिएको उनले बताए । पूर्वी खण्डअन्तर्गत १ सय ३५ किलोमिटर सडक जेडआईईसीले नै ठेक्का लिई गरिरहेको छ । विभिन्न खोलामा बनाइने पक्की पुलबाहेक ६ अर्ब लागतमा तीन वर्षभित्र सक्ने गरी काम थालिएको हो । यस खण्डमा पर्ने ४३ पुल निर्माण ठेक्का भने रसुवा कन्स्ट्रक्सनले लिएको छ । पुलका लागि रसुवाले ठेक्का लिए पनि स्ल्याब कल्भर्ट र कजवे उसैले गर्ने आयोजनाले जनाएको छ ।

गत वर्ष माघयता काम सुरु गरेको निर्माण कम्पनीले सहायक ठेकेदार (सब कन्ट्याक्टर) नियुक्ति गरेर काम गरिरहेको जेडआईईसीका प्रोजेक्ट म्यानेजर निर्माण पोखरलेले बताए । ०७६ सम्ममा निर्माण सक्ने गरी कार्ययोजना तयार गरी काम सुरु गरिएको निर्माण कम्पनीले जनाएको छ । सवारीका लागि ७ मिटर र दायाँबायाँ सोल्जर क्षेत्र २/२ मिटर गरी ११ मिटर कालोपत्रे गरिने आयोजनाले जनाएको छ । तर बजार क्षेत्रमा सडकको दायाँ र बाँया २० मिटर र अन्य स्थानमा ३० मिटर तोकिएको छ ।

# 'सुरक्षित महानगरपालिका' अभियान

■ **विनोद भण्डारी**

विराटनगर- महानगरपालिका र सुरक्षा निकायको प्रयासमा 'सुरक्षित विराटनगर महानगरपालिका' कार्यक्रम सोमबार सुरु भएको छ । महानगर प्रमुख भीम पराजुली संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्य, नेपाली सेना थलाहा प्रमुख कर्णेल इन्दिवर विष्ट र मोरङ प्रहरी प्रमुख एसपी अरुण बीसी सदस्य रहेको ११ सदस्यीय मूल समिति गठन गरिएको हो ।

महानगरभित्र कुनै आपराधिक क्रियाकलाप र चोरीडकैती नहुने दाबी सुरक्षा निकाय प्रमुखले गरेका छन् । घटना भइहाले तत्काल नियन्त्रण गरी अपराधीलाई पक्राउ गर्ने दाबी गरेका छन् ।

सबै सुरक्षा निकायको समन्वयमा ल्याइएको उल्लेख गर्दै महानगरका १९ वटै वडामा विभिन्न ४१ सूत्रीय सुरक्षात्मक रणनीति अपनाउने पराजुलीले बताए । उनका अनुसार महानगरका सबै वडामा सुरक्षा हेल्प डेक्स स्थापना गरेर प्रत्येक घरका ढोकामा प्रहरीको टेलिफोन नम्बर उल्लिखित स्टिकर टाँसिने छ ।

महानगरभित्र घर र पसलमा हुने चोरी, सार्वजनिक स्थलमा हुने पाकेटमारी, सवारी, विद्युत् चोरी, एटीएममा हुने अपराध, सीमा क्षेत्रमा हुने अपराध, पटका नियन्त्रण र तस्करी नियन्त्रण गर्न प्रहरी नायव उपरीक्षक विष्णुहरि कोइरालाको संयोजकत्वमा उपसमिति गठन गरेको छ ।

### आपराधिक गतिविधि र चोरी डकैतीमा निकै कमी आउने दाबी

सार्वजनिकस्थलमा महिलाप्रति हुने दुर्व्यवहार, होटल लजमा हुने महिला र बालबालिकामाथिको दुर्व्यवहार र अपराध, महिला तथा बालबालिकालाई तस्करीका प्रयोग नियन्त्रण, बेश्यावृत्ति, साइबर अपराध, बालश्रम शोषण, बालविवाह नियन्त्रणका लागि प्रहरी निरीक्षक जमुना बस्नेतको संयोजकत्वमा समिति बनाइएको छ ।

त्यसैगरी प्रहरी नायव उपरीक्षक सुरेन्द्र सिटौलाको टोलीलाई टोले गुण्डागर्दी नियन्त्रण, जबर्जस्ती चन्दा असुली, लागूऔषध दुर्व्यसन, सेवन, ओसारपसार, बैदेसिक रोजगारीका नाममा हुने ठगी, तासजुवा, मादक पदार्थ सेवन, शैक्षिक क्षेत्र आसपासमा धूमपान निषेध गर्ने जिम्मेवारी दिएको छ ।

सहायक प्रजिअ शेषनारायण पौडेलको टोलीलाई सवारीको भाडामा हुने ठगी, खाद्य पदार्थमा हुने मिसावट नियन्त्रण र कालाबजारी नियन्त्रण, कृत्रिम अभाव, सरकारी कार्यालयमा हुने दलाली नियन्त्रण, अस्पतालमा हुने ठगी र दलाली नियन्त्रण, औषधिमा हुने कालोबजारी, मानवीय अंग बेचबिखन नियन्त्रण गर्ने जिम्मेवारी दिएको छ । सडकमा थुपारिने निर्माणजन्य सामग्रीको व्यवस्थापन, यातायात रुट तथा पारवहन क्षमता, सडक रुट व्यवस्थापन, सडक पेटी अतिक्रमण नियन्त्रण, पार्किङ व्यवस्थापन, ट्राफिक नियम उल्लंघन नियन्त्रण र हर्न तथा पोलुसन निषेध जोन निर्माणका लागि जिल्ला ट्राफिक प्रमुख प्रहरी निरीक्षक मदन गिरीको संयोजकत्वमा उपसमिति गठन गरिएको छ । यसअघि क्षेत्रीय ट्राफिक प्रहरीले आइतबारदेखि प्रदेश नं १ मा हर्न निषेध अभियान थालेको छ ।

त्यसैगरी अभियानले विकास निर्माणका कार्यलाई पनि प्राथमिकतामा राखेको छ । त्यसका लागि महानगरका कार्यकारी अधिकृत दीपक कोइरालाको संयोजकत्वमा मूल सडकको नाला निर्माण गर्ने, मुख्य बजारमा नियमित फोहोर व्यवस्थापन, सडक बत्ती व्यवस्था, सडकका खाल्डाखुल्डी भर्ने जिम्मेवारी दिएको छ ।

प्रजिअ आचार्यका अनुसार उक्त अभियानमा महानगरपालिका, सबै सुरक्षा निकाय, सरकारी कार्यालयसहित विभिन्न ३५ संघसंस्थाको सहभागिता रहेको छ । उनका अनुसार उपसमितिले तीन महिनामा आफूले गरेका कामको प्रतिवेदन बुझाउनेछन् ।












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | भाग्य वृद्धि |
| वृष | शत्रु वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७४ साल असोज ८ गते आइतबार तद्नुरुप २४ सेप्टेम्बर २०१७ अश्विन शुक्लपक्ष चतुर्थी तिथी दिनको ११:५४ बजेसम्म उप्रान्त पञ्चमी तिथी, विशाखा नक्षत्र प्रात ४:४८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, वैधृतियोग प्रात ९:२८ बजेसम्म उप्रान्त बिष्कुम्भ योग, बबकरण रात्रिको १२:३७ बजेसम्म उप्रान्त बालबकरण, तुला राशिमा चन्द्रमा रात्रिको १०:१७ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर/अमृत वाणी |
| ६:०० | जीवन विज्ञान/ज्योतिष मन्थन |
| ६:४० | स्काइ सप |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्युज |
| ८:३० | राइज एण्ड साइन |
| ९:०० | हेडलाइन न्युज |
| ९:०५ | मार्गदर्शन |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | एमएनएस |
| ११:०० | हेडलाइन न्युज |
| ११:०५ | समाकन २ |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार |
| १:०० | हेडलाइन न्युज |
| १:०५ | डिठ्ठासाब |
| १:३० | किलो टेंगो माइक |
| २:०० | मुभी |
| ५:०० | हेडलाइन न्युज |
| ५:०५ | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | म्युजिक समिट |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | इन्फो प्लस |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | डिठ्ठासाब |
| ९:३० | परिवर्तन |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर समाचार |
| ११:३० | इन्फो प्लस |
| १२:०० | कल कान्तिपुर |
| १:०० | कान्तिपुर न्युज |
| १:३० | डिठ्ठा साब |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | म्युजिक समिट |
| ३:०० | कान्तिपुर समाचार |
| ३:३० | परिवर्तन |
| ४:३० | डिठ्ठा साब |

## रेडियो कान्तिपुर ९६.१

Radio Kantipur — हरेक दिन २४ सै घन्टा हरपलको साथी

| | |
|---|---|
| ००:०१ | ननस्टप नेपाली आधुनिक सङ्स |
| ०१:०२ | ननस्टप नेपाली पप सङ्स |
| ०२:०८ | ननस्टप हिन्दी सङ्स |
| ०४:०५ | ननस्टप भजन |
| ६:२५ | भक्ति अनुष्ठान (अच्युत) |
| | मानव धर्म सन्देश (६:१०-६:२५) |
| ०६:५५ | कान्तिपुर डायरी |
| ०७:३० | विज्ञान प्रविधि नास्ट (७ एएम-७:३० एएम) |
| ८:०० | मानवताका लागि हातेमालो (रस्मिला) |
| ९:०० | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ९:१० | कान्तिपुर डायरी |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) |
| १०:०० | घुम्ने मेच (दिनेश डिसी) |
| ११:०० | गेम्स पिपुल्स प्ले (प्रियंका) |
| १२:०० | हिट लिस्ट (रेमन) |
| १२:१० | कान्तिपुर डायरी |
| १३:०० | सेलिब्रेटी हावर (रस्मिला) |
| १५:०० | टप टेन (चाँदनी) |
| १५:१५ | कान्तिपुर डायरी |
| १६:०० | द गेम शो (प्रियंका) |
| १७:०० | क्विक फिक्स (एलिसा/स्मिता) |
| १८:०० | म्युजिक लङ्ग (राजेश पाण्डे) |
| १८:३० | बाच्छिन् आमा |
| १९:०० | कान्तिपुर डायरी |
| २०:०० | नेप हप (गिरिश) |
| २१:०० | अभिमत द भर्डिक्ट (भूपेन्द्र) |
| २१:३० | कान्तिपुर डायरी |
| २२:०० | २१.३०-२३०० रमपम हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | रक मेसिन (रेमन) |

## अस्पताल र विविध

| | |
|---|---|
| वारुण यन्त्र (विराटनगर) | ०२१-४२०००० |
| वारुण यन्त्र (इटहरी) | ५८०१०१ |
| वारुण यन्त्र (धरान) | ५२०१९९ |
| वारुण यन्त्र (इनरुवा) | ५६०१०१ |
| वारुण यन्त्र (दमक) | ५८०१०१ |
| वारुण यन्त्र (भद्रपुर) | ५२०१०१ |
| कोशी अञ्चल अस्पताल (विराटनगर) | ५३०१०३, ५२४२३४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ५२५५५५ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ५२००२४ |
| रक्त सञ्चार सेवा केन्द्र (विराटनगर) | ५२३३२६ |
| विराटनगर आँखा अस्पताल (विराटनगर) | ४३६३६० |
| एडभान्स अर्थो एण्ड डेन्टल केयर, विराटनगर | ०२१-५२५६३४ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०, ९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# बढ्दै दसैंको उल्लास

■ **ठाकुरसिंह थारू**, बाँके

दसैं सुरु भएसँगै गाउँसहरमा उल्लास सुरु भएको छ । नवरात्र पूजाका लागि दुर्गा माताको मूर्ति स्थापना गर्न घटस्थापनाको दिन बिहीबार बिहान विभिन्न स्थानमा कलस यात्रा भए । सयौं संख्याका महिला परम्परागत पोसाकमा सजिएर कलशमा पानी भर्ना नदी र खोला पुगे । बाजागाजासहितको कलश यात्रामा सर्वसाधारण रमाएका छन् । चाडपर्वमा परम्परागत पहिरन लेहङ्गा र चोलियामा सजिएपछि उनीहरूको संस्कृति झल्किएको थियो ।

टोलटोलमा दुर्गाको मूर्ति स्थापना भए । घटस्थापनाकै दिन घरघरमा जमरा राखिएको छ । थारू समुदायले भने बिहीबार साँझ जमरा राखेर रातभरि नाचमा रमाए । घटस्थापनाका दिन रातभरि परम्परागत नाच गर्नुपर्ने थारू परम्परा हो । राति कुल देउताको पूजा गरिन्छ । पूजामा कुलदेउतालाई रक्सीको छाकी (प्रसाद) चढाइन्छ । सहर बजारमा राखिएका दुर्गाको पूजाका लागि माइकहरू राखिएका छन् । रामायणलगायत धार्मिक कथाहरू हेर्न भिडियो हेर्ने व्यवस्था मिलाइको छ । दुर्गाको पूजा र नाचगानले चौतर्फी रमाइलो छ ।

'जमरा राखेको दिनदेखि टीकाको दिनसम्म गाउँमा रमझम हुन्छ । सबैले दसैंको तयारी गरिसकेका छन् । वर्ष दिनको चाड भएका कारण सबैमा उमङ्गका साथ मनाउँछन्,' जानकी गाउँपालिका खजुराखुर्दका रामगोपाल यादव भन्छन्, 'कोही नौ दिनसम्म नवरात्र व्रत बसेर दसैं मनाउँछन् । कोही नाचगान गरी रमाइलो गर्छन् ।' दसैंका अवसरमा अतिबिपन्नले पनि परिवारका लागि नयाँ लत्ताकपडा किन्छन् । बालबालिकादेखि प्रौढलाई दसैंको रमाइलोले छोइसकेको छ । मीठोमसिनो खानपिनका लागि जोहो गरिसकेका छन् । विपन्न परिवारकाले चाडपर्वमा खर्च गर्न मजदुरी गरेर पनि पैसा जम्मा गरिसकेका छन् । 'दसैंका लागि आवश्यक सबै बन्दोबस्तीका सामान जम्मा गरिसकेका छौं । दसैं अवधिभर दुर्गा पूजा र नाचगान गरेर रमाइन्छ,' टिटिहिरियाका श्याम चौधरी भन्छन्, 'दसैंभरि गाउँमा निकै उल्लास हुन्छ । साथीभाइ मिलेर रमाउने चलन छ ।' थारू समुदायले दसैंमा अनिवार्य ढिक्री बनाउँछन् । मासुका लागि पहिले नै नाम लेखाइसकेका छन् । कुलदेउताको पूजाका लागि रक्सी तयार छन् । साधुसन्तले भने मिठाईको प्रसाद चढाउँछन् । दुर्गाको मूर्ति राखेर नवरात्र मनाउने चलन पहिले मधेसी समुदायमा खासै थिएन । तर, हाल विभिन्न समुदायले पनि नवरात्र पूजाका लागि गाउँटोलमा दुर्गा राख्न थालेका छन् ।



**दसैंको पहिलो दिन नवरात्र पूजाका लागि दुर्गाको मूर्ति स्थापनार्थ मान खोलामा पानी भर्न जाँदै गरेका थारू महिला ।** *तस्बिर : ठाकुरसिंह/कान्तिपुर*

दसैं सुरु भएसँगै युवाले गाउँ भरिन थाले । बेरोजगारीका कारण यस क्षेत्रका हजारौं युवा भारतीय बजार पुगेपछि गाउँ युवाविहीनजस्तै थिए । युवाहरू घर फर्किन थालेपछि गाउँको महोल फेरिएको छ । एउटै गाउँबाट एक सयभन्दा बढी युवा मजदुरीका लागि बाहिर जाने गर्छन् ।

दसैं सुरु भएसँगै नेपालगन्ज नाकाबाट दैनिक सयौं नेपाली फर्किरहेका छन् । यो क्रम तिहारसम्म चल्छ । 'वर्षाको खेती सकेर चाडपर्वको खर्च जुटाउन धेरै युवा भारत पसेका थिए । दसैं आएपछि घर फर्किन्छौं,' घर फर्किंदै गरेका लीला बुढा भन्छन्, 'चाडपर्व भनेको साथीभाइसँग भेट हुने मौका पनि हो । वर्षभरि काम गरेर एक/दुई दिन रमाइलो हुन्छ ।' घर फर्किने अधिकांशले गाउँमा रोजगारी नभएको भन्दै भारत जानु परेको गुनासो गरे । मध्यपश्चिम क्षेत्रका रुकुम, रोल्पा, सल्यान, जाजरकोटलगायत जिल्लाका युवा मजदुरीका लागि पारि जाने र चाडपर्वमा फर्किने गर्छन् ।

भारतबाट मजदुरी गरेर नेपाली घर फर्किन थालेसँगै लाखौं भारतीय रुपैयाँ देश भित्रिन्छ । एक जनाले कम्तीमा १५ हजार रुपैयाँ भारु लिएर फर्किरहेका छन् । सयौं नेपाली फर्किने क्रमसँगै भारतीय रुपैयाँ नेपाल आउने गरेको हो । भारतबाट फर्किने नेपाली र भित्रिने रकमको अभिलेख भने नराखिएका कारण यकिन संख्या छैन । तर, हजारौं नेपाली घर फर्किने गरेको सीमास्थित इलाका प्रहरी जमुनाहाले जनाएको छ ।

# बैंकहरूमा भीडभाड बढ्दै

**कान्तिपुर संवाददाता**

कञ्चनपुर- दसैं नजिकिंदै गर्दा बैंक तथा वित्तीय संस्थामा भीडभाड बढ्न थालेको छ । निजी बैंकको तुलनामा सरकारी बैंकमा बढी भीड देखिएको हो ।

चेक, नयाँ नोट साट्ने तथा अन्य बैंकिङ करोबार गर्नेको स्थानीय हरेक बैंकमा केही दिनयता सेवाग्राहीको भीड बढेको छ । एटीएमदेखि क्यास काउन्टरसम्म जताततै भीड हुँदा घण्टौं लाइन बस्नुपर्छ ।

'बिहानैदेखि लाइन लागेर पनि चेक साट्न सकिएन,' बुधबार वाणिज्य बैंकमा दिनभरि लाइन लागेर रित्तो हात फर्किएका भीमदत्त नगरपालिका ११ का रतनसिंह खडकाले भने, 'लाइनमा पनि पेलापेल र चेपाचेपले सास फेर्न गाह्रो भयो ।' बुधबार दुई/तीनपटक बैंक आउँदा पनि चेक साट्न नसकेको उनले बताए ।

बैंकमा बुधबार बिहानै आएका महेन्द्रनगरकै देवेन्द्र थलाल पनि भीड देखेर रित्तो हात फर्किए । सरकारी जागिरे उनी तलबी खाताको चेक साट्न आएका थिए । 'अब दसैं बिदासम्म यस्तै भए कसरी चेक साट्नु,' उनले भने, 'तलब निकाल्न नपाए दसैं कसरी मनाउनु ?'

केही वर्षयता सरकारी कर्मचारीको तलब पनि बैंक खातामै पठाउने र त्यहींबाट चेक साटेर तलब लिनुपर्ने हुँदा चाडपर्वका बेला बढी भीड हुने गरेको हो । मंगलबार सार्वजनिक बिदा परेकाले पनि बुधबार भीड बढेको हो । वाणिज्य बैंकमा त झन् खुट्टा टेक्ने ठाउँ छैन । कतिपय सेवाग्राही बिहानैदेखि लाइन बसेका थिए भने कतिपय चेक साटन सुरुदेखि लाइनमा रहेका आफन्तको खोजीमा देखिन्थे ।

'एउटै व्यक्तिले चार/पाँच चेक साटिरहेका छन्,' रतन सिंह भन्छन्, 'त्यसले पनि समय बढी लागेको हो ।' बैंकले एक व्यक्तिले एक मात्र चेक साट्ने नियम लगाए सबैको पालो चाँडो आउने उनले बताए ।

वाणिज्य बैंकको एटीएम बुधबार आधा दिन बन्द भएकाले पनि समस्या थपिएको हो । महेन्द्रनगरका अधिकांश बैंकका एटीएम धेरै समय खराब भेटिन्छन् । त्यसमा पनि वाणिज्यको त धेरै समय खराब हुने गरेको सेवाग्राहीको गुनासो छ ।

'दुई/तीन दिनयता बैंकमा भीडभाड निकै बढ्न थालेको छ,' वाणिज्य बैंक महेन्द्रनगरका शाखा प्रबन्धक हरिश भट्टले भने, 'बिहान ९ देखि साँझ ५ बजेसम्म पनि चेक साट्ने काम सकिएको छैन ।' उनका अनुसार अहिले दैनिक ३ हजारभन्दा बढी सेवाग्राही बैंकमा आएका छन् ।

चेक साट्ने, तलब बुझ्नेलगायत बैंकिङ कारोबार गर्नेको भीड भएको प्रबन्धक भट्टले बताए । नयाँ नोट थोरै भएकाले दसैं बिदाको दुई/तीन दिन अघिदेखि मात्रै वितरण सुरु हुने उनले बताए ।

# पहिरोले ७ परिवार विस्थापित

**कान्तिपुर संवाददाता**

रुकुम- मुसीकोट नगरपालिका २, पुरुनडाँडाको गाउँ पहिरोले विस्थापित भएको छ । केही दिनदेखिको अविरल वर्षाका कारण पुरुनडाँडाको झाँक्रीथानमा पहिरो जाँदा ७ परिवार घर छाड्न बाध्य भएका छन् ।

पहिरोका कारण स्थानीय मानसिंह क्षेत्रीयालको घर उच्च जोखिममा छ भने गगन क्षेत्रियाल, दुर्गा क्षेत्रियाल, लीलबहादुर क्षेत्रियाल, झुपलाल कामी, डम्बर कामी, गोपाल विश्वकर्मा र तुलबहादुर खडकाको घर जोखिममा छन् । उक्त बस्तीका सातै परिवार आफन्तकोमा आश्रय लिएर बसिरहेका छन् । बुधबारदेखि पहिरो जान सुरु गरेको स्थानीय दिलबहादुर सार्कीले बताए । पहिरो जान सुरु गरेपछि स्थानीयले घर छाडेको र पहिरो जाने क्रम अझै नरोकिएकाले उनीहरू घर फर्किने अवस्था नरहेको बताइएको छ । उनका अनुसार पहिरोले सिँचाइ कुलो र खेतमा समेत क्षति गरेको छ । सिमखोलादेखि सिस्नेसम्मको सिँचाइ कुलोमध्ये २ सय ५० मिटर पहिरोले बगाएको छ । त्यस्तै दर्जनभन्दा बढी स्थानीयको खेतमा क्षति पुगेको पीडितले बताए ।

उक्त ठाउँमा गत वर्ष पनि जमिन भासिएको थियो । जसका कारण स्थानीय लामो समयदेखि त्रासमै बसोबास गर्दै आएका थिए । यस विषयमा जिल्ला प्रशासनले भने केही जानकारी नआएको बताएको छ । प्रमुख जिल्ला अधिकारी वंशीकुमार आचार्यले उक्त ठाउँ पहिल्यै जोखिमपूर्ण भएकाले दुई दिन देखिको वर्षाले क्षति गरेको हो ।

# महाकालीको बजेट ४४ करोड

दार्चुला (कास)- आर्थिक वर्ष ०७४ का लागि महाकाली नगरपालिकाले करिब ४४ करोड रुपैयाँ बजेट पारित गरेको छ । पहिलो नगरसभाले ५२ शीर्षकमा ४३ करोड ७१ लाख १९ हजार विनियोजन गरेको हो । नगरपालिकालाई सरकारले २९ करोड ३५ लाख २७ हजार अनुदान दिएको छ ।

सभाले आर्थिक विकासतर्फ कृषिसम्बन्धी कार्यक्रमका लागि ७७ लाख र सबैभन्दा बढी पूर्वाधार विकासको सहरी विकास कार्यक्रमअन्तर्गत १ करोड ५० लाख विनियोजन गरेको छ । नगर खेलकुद विकासका लागि १५ लाख, बसपार्क व्यवस्थापनका लागि १० लाख र वडा कार्यालयलाई ३ करोड ७८ लाख ७५ हजार ६ रुपैयाँ विनियोजन गरेको हो । नगरसभाले वडाहरूमा जाने बजेटमा पनि प्राथमिकता दिएको छ । नौवटै वडाका लागि ३ करोड ७८ लाख ७५ हजार विनियोजन गरेको छ । पूर्वाधार विकासतर्फ सडक निर्माणका लागि डेढ करोड विनियोजन गरिएको छ ।

त्यस्तै प्रत्येक वर्ष एक वडामा ३ वटा काठे पुलको विस्थापन गरी झोलुंगे तथा पक्की पुल बनाइने सभाले निर्णय गरेको छ । चालू आवदेखि कृषक पेन्सन कोष स्थापनाका लागि २ लाख विनियोजित गरियो भने रेडियोहरूको व्यवस्थापन र सञ्चालनका लागि एफएम रेडियो कार्यविधि ०७४ पारित गरिने पनि सभाले गरेको छ ।

# बजार भित्रिन थाले खसीबोका



**सल्यानको सल्लीबजारमा बिक्रीका लागि ल्याइएका खसीबोका ।** *तस्बिर : विप्लव महर्जन/कान्तिपुर*

**कान्तिपुर संवाददाता**

सल्यान- दसैंका लागि काठमाडौं, बुटवल, नारायणघाटलगायत ठूला सहरमा यहाँबाट खसीबोका लैजान थालिएको छ । जिल्ला पशुसेवाका अनुसार दसैंका लागि यो वर्ष एक करोडभन्दा बढी मूल्यका २ हजार खसीबोका बाहिरिंदै छन् ।

खरिदकर्ताले एकपटकमा ५० देखि सय वटासम्म खसी लैजाने गरेका हुन् । यसपटक २ हजारभन्दा बढी खसीबोका जिल्लाबाहिर जाँदै गरेको पशुसेवाका प्रमुख डा. बालकुमार श्रेष्ठले बताए । उनका अनुसार कपुरकोट, सल्लीबजार र रामपुरमा धेरै उत्पादन छ । पहाडी खसीबोका स्वादिलो हुने भएकाले खरिदकर्ताले ठूला सहरमा पठाउन थालेको उनको भनाइ छ । 'खसीबोका बाहिर पठाएसँगै यहाँका उत्पादनले राम्रो मूल्य पाउने गरेका छन्,' उनले भने, 'जिल्लामा बाखापालन व्यवसाय फस्टाउँदै गएको छ ।' आर्थिक अवस्था कमजोर भएका किसानले बाखापालन गरेर राम्रो आम्दानी गर्न थालेको उनले बताए ।

जिल्लाका विभिन्न ठाउँमा चरनको राम्रो व्यवस्था भएकाले बाखापालन सहज बन्दै गएको हो । जिल्लाका ७५ प्रतिशत किसानले बाखापालन गर्दै आएको कार्यालयले जनाएको छ । व्यावसायिक बाखापालन गर्नेलाई पशु कार्यालयले उन्नत जातका बोका उपलब्ध गराउँदै आएको छ ।

काल्चेका दानबहादुर खत्रीले दसैंका लागि १० वटा खसीबोका बिक्री गरिसकेको बताए । खसीबोकाको आम्दानीले चाडबाड मनाउन सहज हुने उनको भनाइ छ । सुरुवातमा परम्परागत बाखा पाल्दै आएका उनले यो वर्ष सुधारिएको खोर बनाएर २० वटा बाखा पालेका थिए । यसबाट अघिल्ला वर्षभन्दा धेरै राम्रो आम्दानी भएको उनले बताए ।

**तिब्बती च्याङ्ग्राको अभाव**

मुगु- दसैं र तिहारको समयमा तिब्बती च्याङ्ग्राको अभाव हुने भएको छ । तिब्बतमै च्याङ्ग्राको मूल्य महँगो भएपछि स्थानीय व्यापारी खरिद गरेर ल्याएका छैनन् । तिब्बतमा ठूलो च्याङ्ग्राको १३ हजार र सानो च्याङ्ग्राको ९ हजार मूल्य पर्ने भए पनि व्यापारी फिर्ता भएका छन् ।

विगतका दसैंमा मुगुमा व्यापारीले तिब्बतबाट ३ हजारभन्दा बढी खसी र च्याङ्ग्रा ल्याएर घरदैलोमा बिक्री गर्ने गरेका थिए । तिब्बतबाट च्याङ्ग्रा नआउने खबर सुनेपछि स्थानीयले दसैंका लागि स्थानीय खसी खोज्न थालेका छन् । स्थानीय खसीको मूल्य न्यूनतम १२ हजार पर्ने गरेको छायाँनाथ रारा नगरपालिका ३ का रंगबहादुर कार्कीले बताए । तिब्बतमै च्याङग्रा महँगो भएकाले घाटा हुने भन्दै व्यापारीले नल्याएको मुगु गाउँका छिरिङ लामाले बताए । व्यापारीले केही च्याङ्ग्रा बिक्री गर्न पोखरा, मुस्ताङ र बाग्लुङ लिएको उनले बताए ।

## किनबेच सुरु भयो

■ **मनोज बडू**

दार्चुला- दसैं सुरु भएसँगै जिल्लामा खसीबोकाको कारोबार सुरु भएको छ । गाउँका स्थानीय पशुपालक खसीबोका बिक्रीका लागि सदरमुकाम र आसपासका बजार झरेका छन् । गाउँमै राम्रो कारोबार हुने भए पनि केही व्यवसायी दसैं, तिहारतिर राम्रो फाइदा हुने भन्दै सहरबजारतिर आउने गर्छन् ।

महाकाली नगरपालिका ६ पौन्या खोलाका मनिराम भाट घटस्थापनाकै दिन घरका खसीबोकासहित सदरमुकाम झरेका छन् । उनीसँगै अन्य दुई जना पनि सहरमा राम्रो भाउ पाइने भन्दै खलंग आइपुगेका हुन् । दसैं खर्च चलाउन ६ महिनादेखि एक वर्षसम्मका खोरका खसीबोका बिक्री गरेको उनले बताए । 'विगत ५ वर्षदेखि व्यावसायिक रूपमा बाखापालन गर्दै आएको छु,' मनिरामले भने, 'प्रत्येक दसैंमा ८/१० खसीबोका बेच्छु । यसबाट प्राप्त रकमले दसैं मनाइन्छ ।'

आफूले व्यावसायिक रूपमा धेरै बाखापालन नगर्ने र सानोतिनो घर खर्च टार्नमात्र बाखा पाल्ने गरेको उनले बताए । उनीहरूको समूहले खलंगामा बिक्रीका लागि १५ देखि २० खसीबोका ल्याएका थिए । ग्राहक मिले बेचेर घर फर्किहाल्ने उनले बताए । उनले आफूसित रहेका खसीबोकाको मूल्य साढे ३ हजारदेखि ८ हजारसम्मका रहेको जनाए । त्यस्तै व्यावसायिक रूपमा दसैं तिहारमा खसीबोका बिक्री गर्दै आएका दुहु गाउँपालिका २ का देवदत्त जोशीले गाउँबाट संकलन गरेर बजारमा ल्याएका छन् । गाउँलेबाट किनेर ल्याउँदा त्यति राम्रो फाइदा नहुने अनुभव उनले सुनाए । सामान्य घर खर्च चल्ने भएकाले सानोतिनो व्यापार गरेको उनी बताउँछन् । अहिले दसैंको मुखमै आएर किनिएकाले गाउँले किसानले चर्को मूल्य माग्ने हुँदा खासै फाइदा नआउने उनले बताए ।

अहिले गाउँगाउँमा व्यावसायिक रूपमा बाखापालन गर्न थालेपछि संकलन गरेर अन्य ठाउँ बेच्न लग्न अप्ठ्यारो हुने गरेको जोशीको भनाइ छ । प्रत्येक गाउँमा एक/दुई व्यावसायिक रूपमा बाखापालन व्यवसाय गर्दै आएका छन् ।

जिल्लाका ब्यास, नौगाड, अपीहिमाल र मार्मा गाउँपालिकामा अन्य ठाउँको तुलनामा बढी भेडाबाखा पालन हुने भएकाले खसी, बोका र भेडाबाखा किन्ने बढी नै आउने गर्छन् । यहाँबाट संकलन गरेर कम भेडाबाखा पालन हुने ठाउँ गएर बिक्री गरेर फाइदा उठाउने गर्छन् । व्यावसायिक बाखापालन गर्ने र परम्परागत पालनका किसानको मूल्यमा भिन्नता हुने गर्छ । चरन क्षेत्र बढी भएका ठाउँमा अहिले व्यावसायिक रूपमा भेडाबाखा पाल्ने किसान बढ्दै गएका छन् ।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | भाग्य वृद्धि |
| वृष | शत्रु वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७४ साल असोज ८ गते आइतबार तद्नुरुप २४ सेप्टेम्बर २०१७ अश्विन शुक्लपक्ष चतुर्थी तिथी दिनको ११:५४ बजेसम्म उप्रान्त पञ्चमी तिथी, विशाखा नक्षत्र प्रात ४:४८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, वैधृतियोग प्रात ९:२८ बजेसम्म उप्रान्त बिष्कुम्भ योग, बबकरण रात्रिको १२:३७ बजेसम्म उप्रान्त बालबकरण, तुला राशिमा चन्द्रमा रात्रिको १०:१७ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर/अमृत वाणी |
| ६:०० | जीवन विज्ञान/ज्योतिष मन्थन |
| ६:४० | स्काइ सप |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्यूज |
| ८:३० | राइज एण्ड साइन |
| ९:०० | हेडलाइन न्यूज |
| ९:०५ | मार्गदर्शन |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | एमएनएस |
| ११:०० | हेडलाइन न्यूज |
| ११:०५ | समाकन २ |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार |
| १:०० | हेडलाइन न्यूज |
| १:०५ | डिठ्ठासाब |
| १:३० | किलो टेंगो माइक |
| २:०० | मुभी |
| ५:०० | हेडलाइन न्यूज |
| ५:०५ | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | म्युजिक समिट |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | इन्फो प्लस |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | डिठ्ठासाब |
| ९:३० | परिवर्तन |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर समाचार |
| ११:३० | इन्फो प्लस |
| १२:०० | कल कान्तिपुर |
| १:०० | कान्तिपुर न्यूज |
| १:३० | डिठ्ठा साब |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | म्युजिक समिट |
| ३:०० | कान्तिपुर समाचार |
| ३:३० | परिवर्तन |
| ४:३० | डिठ्ठा साब |

## रेडियो कान्तिपुर ९६.१

हरेक दिन २४ सै घन्टा हरपलको साथी

| | |
|---|---|
| ००:०१ | ननस्टप नेपाली आधुनिक सङ्स |
| ०१:०२ | ननस्टप नेपाली पप सङ्स |
| ०२:०४ | ननस्टप हिन्दी सङ्स |
| ०४:०५ | ननस्टप भजन |
| ६:२५ | भक्ति अनुष्ठान (अच्युत) |
| | मानव धर्म सन्देश (६:१०-६:२५) |
| ०६:५५ | कान्तिपुर डायरी |
| ०७:३० | विज्ञान प्रविधि नास्ट (७ एएम-७:३० एएम) |
| ८:०० | मानवताका लागि हातेमालो (रस्मिला) |
| ९:०० | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ९:१० | कान्तिपुर डायरी |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) |
| १०:०० | घुम्ने मेच (दिनेश डिसी) |
| ११:०० | गेम्स पिपुल्स प्ले (प्रियंका) |
| १२:०० | हिट लिस्ट (रेमन) |
| १२:१० | कान्तिपुर डायरी |
| १३:०० | सेलिब्रेटी हावर (रस्मिला) |
| १५:०० | टप टेन (चाँदनी) |
| १५:१५ | कान्तिपुर डायरी |
| १६:०० | द गेम शो (प्रियंका) |
| १७:०० | क्विक फिक्स (एलिसा/स्मिता) |
| १८:०० | म्युजिक लङ्ग (राजेश पाण्डे) |
| १८:३० | बाच्छिन् आमा |
| १९:०० | कान्तिपुर डायरी |
| २०:०० | नेप हप (गिरिश) |
| २१:०० | अभिमत द भर्डिक्ट (भूपेन्द्र) |
| २१:३० | कान्तिपुर डायरी |
| २२:०० | २१.३०-२३०० रमपम हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | रक मेसिन (रेमन) |

## अस्पताल र विविध

**नेपालगन्जका महत्वपूर्ण टेलिफोन**

| | |
|---|---|
| भेरी अञ्चल अस्पताल | ५२०१९३ |
| जिल्ला प्रहरी कार्यालय | ५२०२११ |
| वडा प्रहरी कार्यालय | ५२०२९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०१०४ |
| बारुण यन्त्र | ५२०१११ |
| रेडक्रस ब्लड बैंक | ५२०१७४ |

**महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन**

| | |
|---|---|
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| वडा प्रहरी कार्यालय | ५२१२२२ |
| नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| महाकाली बस व्यवसायी समिति | ५२१६२७/५२१२८९ |

**कैलालीका महत्वपूर्ण टेलिफोन**

| | |
|---|---|
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| वडा प्रहरी कार्यालय | ५२१२९९ |
| नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| बस व्यवसायी समिति (टिकट काउन्टर) | ५२१२५२ |
| धनगढी नगरपालिका (दमकल) | १०१ |
| टीकापुर (दमकल) | ५६०४९९ |
| टीकापुर अस्पताल | ५६०१५० |

**काठमाडौंका महत्वपूर्ण टेलिफोन**

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |